# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्व मानचित्रमा हेर्दा नेपाल विश्वका सबभन्दा ठुलो महादेश एसिया महादेश मा रहेको सानो सार्वभौमसत्ता लोकतान्त्रिक गणतन्त्र विकास भएको मुलुक हो । नेपालको कूल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि.छ । नेपालको अन्तरिम संविधान २०६२/०६३ ले नेपाललाई धर्म निरपेक्ष राज्यको रूपमा घोषणा गरे पनि यहाँ ८०% भन्दा बढि हिन्दुधर्म मान्ने मानिसहरू रहेका छन । त्यसै गरि अन्य धर्महरूमा वौद्ध धर्म, किरात धर्म, क्रिष्चियन धर्म, इस्लाम लगायत अन्य धर्म मान्नेहरू पनि छन । भू-मध्य  रेखादेखि उत्तर तर्फ रहेको नेपालको दक्षिण पुर्व र पश्चिम सिमानामा भारत र उत्तर सिमानामा चीन रहेको  छ । नेपाल स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुक हो । प्राकृतिक,  सामाजिक, सांस्कृतिक एवं अन्य थुप्रै आधारहरूले सुन्दर शान्त देश नेपाललाई विश्व सामु चिनाउन सकिन्छ । नेपाल विश्वको सर्वोच्च शिखर सगरमाथा भएको देश गौतम बुद्ध जन्मेको देश, मन्दिर नै मन्दिरले बनेको देश जलस्रोतका हिसावले विश्वको दोस्रो धनि देश कला संस्कृतिको धनि देश आदि । नेपाली समाजको बिशेषता नै अनेकतामा एकता र एकतामा विविधता हो । यसले समाजशास्त्र मानबशास्त्र लगायतका बिषयको अध्ययन अनुसन्धानलाई उर्वराभूमि बनाएको छ । नेपाल सानो मुलुक भए पनि झण्डै १०२ जातिको बसोवास रहेको पाइन्छ । नेपाललाई बहुभाषित, बहुजातीय, बहुधार्मिक र बहु सांस्कृतिक देश भनेर चिनिन्छ । प्राचिन कालदेखि नै नेपाल मंगोल किरांत र आर्यहरूको संगम स्थलको रूपमा चिनिएको पाइन्छ ।

हिमाली क्षेत्र नेपालको कूल क्षेत्रफलको १५% भू-भाग मात्र ओगटेको छ । यो समुन्द्री सतहबाट ३००० मिटर देखि ८८४८ मिटर सम्म रहेको छ । २०६८ को जनगणना को आधारमा ६.७३% जनगणना यस क्षेत्रमा बसोबास गर्दछन । यस क्षेत्रमा शेर्पा, थकाली लगायतका जातिहरूको बसोबास पाईन्छ । जलवायुका हिसाबले वाह्रैमहिना चिसो हुनाले आलू, फापर जस्ता बाली उत्पादनका साथै भेडा च्याङग्रा जस्ता पशुपालन र होटल व्यबसाय संचालन गरी जिबिकोपार्जन गरेको पाइन्छ ।

हाल संघीय संरचना अनुसार नेपाल ७ प्रदेश, १४ अञ्चल, ७७ जिल्लामा विभाजन गरिएको छ । गण्डकी प्रदेश अन्तरगत पर्ने ११ जिल्ला मध्ये तनहूँ पनि एक हो । ६ गाउँ पालिका र ४ नगर पालिका गरी जम्मा १० पालिका तनहूँ जिल्लामा रहेका छन् । ४ वटा नगरपालिका मध्ये व्यास नगरपालिका १४ ओटा वडामा विभाजित रहेको छ । तिमध्ये धेरै वडामा दरै जातिको वसोवास रहेको छ । नेपालमा न्यून संख्यामा रहेका विभिन्न जाति मध्ये दरै जाति व्यास नगरपालिका वडा नं. १० मा रहेका छन् । दरै जातिमा आर्थिक अवस्था कम्जोर भएका दरैहरू अरुको मेलापातमा जाने सिकर्मी, डकर्मीको काम गर्ने आफूभन्दा माथिल्लो जातिको घरमा हलो जोत्ने काममा रहेको पाईन्छ । दरै जातिका युवाहरू वैदेशिक रोजगारीमा जाने, शिक्षा आर्जन गरी शिक्षक सेना प्रहरी निजामति सेवामा तल्लो तहका कर्मचारीको रूपमा रहेको पनि पाइन्छ । तर त्यो संख्या ज्यादै न्यून छ । फूर्सदको समयमा दरै जातिका मानिसहरू खोला नदीमा माछा मार्ने, जाँड रक्सी बनाउने बेच्ने आफ्नै परम्परागत संस्कारमा रमाउने, प्रकृति पूजा गर्ने, चुड्का घाटु जस्ता रमाइला कार्यक्रम गर्ने, खरका छाना भएका घुमाउने घरमा भएका घरमा बस्न रुचाउने, हेर्दा सोझा सरल र अरु जातका मानिससंग छिटै घुलमिल हुन नसक्ने, आफ्नै भेषभुषा रितिरिवाज, चालचलनहरू भएको जाति हो । थेप्चा नाक भएका मंगोलहरू नै वास्तविक दरै हुन् । दरैहरूको आफ्नै भाषा छ तर भाषामा सवै ठाउमा समानता छैन ।

तनहूँ, परासी, नवलपुर, चितवन, पाल्पा, गोर्खा, धादिङ जिल्लामा एउटै भाषा भएको पाइदैन । बढ्दो शहरीकरण संगै दरै जाति मानिसहरू आफूलाई समय सापेक्ष समायोजित गर्न सकेको पाईदैन ।त्यसैले उनीहरू शहरबाट विस्थापित हुदै ग्रामीण क्षेत्रमा स्थानान्तरित भएको देखिन्छ । त्यसैले उनीहरूको सम्पूर्ण पक्षको अध्ययन अनुसन्धान विना कुनै जातजातिको विकासका लागि लक्षित कार्यक्रम सफल हुन सक्दैन ।

दरै जातिको उत्पति, नामाकरण र इतिहासका बारेमा समनता देखिदैन । कसैले सोझा, सरल स्वाभाबका र अरुसंग डराउने भएकाले दरै भनेको भन्छन् भने इतिहासका जानकारहरूले परापूर्व कालमा भारतको विहार राज्यको दरभंगा भन्ने ठाउमा एउटा छुट्टै राज्य भएको र पछि मुसलमानहरूको आक्रमणका कारण त्यहाँ बस्न नसकी रानी र सिमित हिन्दु जनता त्यहाँबाट भाग्न सफल भै नेपालमा पसेका र पछि तिनिहरू नै दरै भनि आदिवसीको रूपमा चिनिएको बताउँछन् । यिनीहरू गुरुङ, मगर, थारु, कुमाल, बोटे, आदि

जातिसंग मिल्ने  चेहेराका हुन्छन् । यो जातिको प्रकृति पूजा प्रतिको विश्वास देखिन्छ । उनिहरू प्रकृतिमा भएका विभिन्न स्रोतहरूलाई देवताको रूपमा पुजा गर्दछन जसमा भँयर पुजा, नाग पुजा, चण्डी पुजा, दसहरा आदिका साथै नयाँ आगो पार्ने जस्ता क्रियाकलाप यस जातिमा पाइन्छ ।

यसरी दरै जाति नेपालमा संख्यात्मक रूपमा थोरै भएपनि नेपालको साझा फूलबारीको एक फूल भने पक्कै हो । त्यसैले यस जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक स्रोत व्यवस्थापन र परम्परागत जीवनशैली आदि जस्ता पक्षमा यस अध्ययनले विगतसंग तुलना गरी निष्कर्ष निकाल्ने छ ।

## १.२ समस्याको कथन

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातिय, बहुसांस्कृतिक देश हो । सांस्कृतिक दृष्टिले पनि नेपाल अत्यन्तै धनि भनिन्छ । विभिन्न जातिका आफ्नै पेसा, संस्कार, संस्कृति रहनसहन र आफ्नै बिषेशता पाईन्छ । तथापि सबैमा धार्मिक सांस्कृतिक, सहिष्णुता भएको देखिन्छ । एउटालाई पर्दा अर्काले सहयोग गर्ने  भावनात्मक आत्मियता नेपालीमा विद्ययमान छ । नेपालमा पुर्ख्यौली देखि कृषि, पशुपालन, निवेक, ज्यालादारी, हरूवाचरुवा, माछा मार्ने, व्यापार गरेर जीवन चलाउने एउटा जाति दरै जाति हो । प्राचिनकाल देखि नेपालमा विभिन्न वंशहरूले शासन गर्दे आएका हुन तत्कालिन गोर्खाका राजा श्री ५ पृथ्वी नारायणशाहको पालामा नेपाल राज्यको एकिकरण  भएको हो । विभिन्न जातिको बसोबास रहेकोले उनले सुन्दर फूलसंग आफ्ना प्रजालाई विश्लेषण गरि नेपाल चार वर्ण छत्तिस जातको साझा फूलबारी हो भनेका छन् ।

प्राकृतिक स्रोत र साधनको पर्याप्तता हुँदा हुदै पनि विभिन्न कारणले सम्पुर्ण जातजातिको राज्यको स्रोत र साधनमा पहुँच पुग्न सकेको छैन । राज्यले विभिन्न किसिमका सेवा र सुविधाको समान तवरबाट वितरण गर्न नसक्दा २१औं शताब्दि मा पनि कतिपय जातिको आर्थिक सामाजिक रूपमा पहुच पुग्न सकेको अवस्था छैन ।

नेपालमा आदिमकाल देखि बसोबास गर्दै आएका दरै जातिहरू आफ्नो पुरातनवादि सोच र आर्थिक सामाजिक,सांस्कृतिक, र शैक्षिक विकास गर्न नसकेका कारणले गर्दा आजसम्म पनि आफूहरू समाजमा पिछडिएको वर्गको रूपमा परिचित छन् । दरै जाति पछि पर्नुमा

उनिहरूले आफ्नो परम्परागत पेशालाई त्याग्न नसक्नु, आधुनिक युगसँग समायोजित गर्दै परिवर्तन हुन नसक्नु मूख्य कारण हुन सक्छ ।

नेपाल सरकारबाट जनजातिको रूपमा अनुसूचित दरै जातिको जनसंख्या २०६८ को जनगणना अनुसार व्यास नगर पालिका अर्न्तगत दरै पधेरा, भादगाउँ, दुम्सीचौर, सेवर, दुम्सीगाउँ, अत्रौली, खकौली, पतेनी, सिमलटार आदि ठाउँमा छ भने चितवनको पर्सा, चैनपुर गोरखा, पाल्पा, मकवानपुर, नवलपुर, परासी धादिङमा पनि छ ।

राज्यबाट प्राप्त अवसरहरू उपयाग गर्न नसेकेका र विकासको मूल प्रवाहमा आउन नसेकेका जात जातिलाई विकासको मूल प्रवाहमा ल्याउनको लागि दशौँ पञ्चवर्षिय योजनामा आदिवासी जनजाति भनि समेटिएको छ । एकातिर ति जातजातिको सामाजिक सांस्कृतिक विविधताको संरक्षण गर्नु छ भने अर्कोतर्फ देशमा गरीवी दर घटाउनु र प्राकृतिक स्रोत र साधनको संरक्षण गर्दै दिगो विकासमा जोड दिनु आवश्यक छ । दरै जातिमा बढ्दो शहरीकरण र आधुनिकीकरणले परम्परागत पेशा,व्यवसायमा परिवर्तन हुदै गएको र कतिपयले आफूलाई परिवर्तन गर्न नसक्दा जीवन शैली अझ कष्टकर भएको पाइन्छ भने कतिपय समय अनुसार परिवर्तन भएका हुनाले वैदेशिक रोजगारी,स्वदेशमा शिक्षक सेना,प्रहरी,निजामति सेवाको तल्लो तहमा सेवारत रहेको पनि देखिन्छ । राज्यले उनिहरूलाई लोपोन्मुख तथा सिमान्त्रकृत वर्गको रूपमा घोषण गरी आरक्षण कोटाहरू छुट्याए पनि अशिक्षा र पछौटेपनका कारण अवसरबाट बञ्चित रहेको देखिन्छ ।

नेपालमा फूलेका धेरै जातिगत फूल मध्ये आफ्नै परम्परा र संस्कृति रहेको दरै जातिको हरेक वस्तुस्थितिलाई ध्यानमा राखी तिनीहरूको संरक्षण र दिगोपनका लागि अध्ययन र विश्लेषण गरिएको छ ।

अनुसन्धानका आधारभूत समस्याहरूलाई निम्न अनुसार अध्ययन गरिएको छ ।

- दरै जातिको मूख्य पेशा के हो?उक्त पेशा हाल विद्यमान छ कि छैन?
- आर्य आर्जनको अवश्था कस्तो छ ?
- मूख्य पेशा वाहेक अन्य पेशामा पहुच कस्तो छ ?
- हाल उनीहरू के कस्तो पेशा तर्फ आकर्षित छन् ?
- परम्परागत पेशामा संलग्न र अन्य पेशामा संलग्न हुनेहरूको आर्थिक अबस्था के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

अध्ययनका निम्न अनुसारका विशिष्ट उदेश्यहरू रहने छन् ।

- दरै समुदायको पेशामा आएको परिवर्तनको अवस्था, सामाजिक, साँस्कृतिक र आर्थिक प्रभावको अध्ययन गर्नु ।
- परम्परागत पेशामा परिवर्तन आउनुका मूख्य कारणहरू पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

भौगोलिक हिसावले अत्यन्त सानो मानिएको नेपाल धेरै जाति र जनजातिको बसोबास रहेका कारण सुन्दर फूलवारीको रूपमा रहेको सवै जातिको साझा फूलवारी हो । सवै जाति र जनजाति रूपी फूलहरू मध्ये दरै जाति पनि एक आदिवासीको रूपमा रहेको फूल हो । दरै जातिका आफ्नै जातिय पहिचान र मौलिक विशेषता रहेका छन् । तर पनि यस जातिका वारेमा व्यापक र पर्याप्त अध्ययन हुन नसकेकोले त्यसको केहि हदसम्म  पूर्ति गर्नको लागि यो अध्ययनले सहयोग गर्ने अपेक्षा गरएिको छ । राज्यले प्रदान गर्ने विभिन्न किसिमका स्रोत र साधन माथि आफ्नो छुटै पहुँच राख्न नसकेका कारणले गर्दा दरै जाति विस्तारै विस्थापित हुने अवस्थामा रहेका छन् । शिक्षित दरै जातिको अभाव र  प्राप्त सुविधा सदुपयोग गर्न नसकेका कारण पनि पछाडी परेको देखिन्छ । अल्पसंख्यक जातिको अध्ययन र अनुसन्धान गर्न चाहने व्यक्ति तथा सघंसंस्थाका लागि पनि यो अध्ययन द्धितिय स्रोत, प्रेरणा र उर्जाको स्रोतको रूपमा रहने विश्वास गरिएको छ । त्यसैगरि दरै जातिको परम्परागत पेशाको साथै आधुनिक पेशाका वारेमा अध्ययन अनुसन्धान गर्न सघाउन पुग्ने छ । जातिगत अध्ययन,सामाजिक,संस्कृतिक अध्ययन र त्यस प्रति चासो राख्ने विकासविद र नीति निर्माता साथै यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीका लागि समेत यो अध्ययन सहयोगी  र सहायक सिद्ध बन्ने छ ।

## १.५ अध्ययनको सीमा

अध्ययनका सीमाहरू मूख्यतया निम्न अनुसार छन् ।

- अध्ययन केवल तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं.१० मा रहेका दरै जातिको मात्र गरिएको छ ।

- यो अध्ययन विभिन्न क्षेत्रले द्वितीय रूपमा प्रकाशित गरेका तथ्याङ्कका आधारमा वास्तविक तथ्याङ्क परीक्षण गरिएको छ ।
- सम्बन्धित समुदायको जनगणना लिने नभै यो सर्भे अध्ययनका लागि नमूनाका रूपमा प्रयोग गरिएको छ ।
- यस अध्ययनमा आदिवासीको रूपमा रहेका दरै जातिको परम्परागत पेशा, पेशामा आएको परिवर्तन र त्यसले पारेको प्रभावलाई समेटिएको छ ।

## १.६ अध्ययनको साङ्गठनिक ढाँचा

गण्डकी प्रदेश, तनहूँ जिल्ला व्यास नगर पालिका वडा नं. १० मा बसोबास गर्ने दरै समूदायको परम्परागत पेशामा आएको परिवर्तन बारेमा अध्ययन गरिएको यस अनुसन्धानात्मक अध्ययनलाई निम्न अध्यायहरूमा विभाजन गरिएको छ । पहिलो अध्यायमा पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य अध्ययनको सीमा, अध्ययनको औचित्य तथा महत्व र अध्ययनको सङ्गठन जस्ता बुँदामा व्यक्त गरिएको छ । दोस्रो अध्यायमा सैद्धान्तिक अवधारणा, समीक्षा, आधुनिकीकरणको सिद्धान्त, उद्विकासवादीको सिद्धान्त, दरै जातिको उत्पति एवं परिचय, जस्ता कुरालाई विभिन्न सन्दर्भ पुस्तक एवं उमेरले परिपक्व भएका व्यक्तिको अवधारणाबाट तयार पारिएको छ । तेस्रो अध्यायमा अध्ययनको क्षेत्र, अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोतहरू तथ्याङ्क सङ्कलन साधन, तथ्याङ्कको प्रकृति, र तथ्याङ्कको प्रस्तुती र विशलेषण गरिएको छ । चौथो अध्यायमा अध्ययनको क्षेत्रको परिचय गरिएको छ । पाँचौ अध्यायमा दरै जातिको नामकरण, सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था एवं पेशाको बारेमा उल्लेख गरिएको छ । छैठौं अध्यायमा सारांश, निष्कर्ष र सुझावहरू पेश गरिएको छ । दरै जातिको सामाजिक परिवेश सुधार गरी स्थापित स्थानीय समितिहरू मार्फत् उपलब्ध स्रोतका आधारमा समेत व्यवस्था गरिएको छ ।

# अध्याय दुई

# साहित्यको पुनरावलोकन

## २.१ अवधारणागत पृष्ठभूमि

### २.१.१ दरै जातिको उत्पति

दरैहरू किन दरै भनिए ? दरैहरूको उत्पतिको इतिहास र नामाकरण सम्बन्धमा के कस्ता पृष्ठभूमि छ ? तिनिहरूको नेपाल वा अन्य जातिसँग के कति सम्बन्ध छ ? जस्ता प्रश्नहरूका विषयमा विद्धानहरू बीच एकमत पाइदैन । दरैहरू स्वयं पनि आफ्ना

पूर्ख्यौली बारे त्यति धेरै जानकारी राख्दैनन् तथापि दरैहरू सोझा र सरल संकूचित स्वभावका, कुनै विषयमा अरुसँग चासो राखेर कुरा नगर्ने, धेरै मानिस जम्मा भएका ठाउँमा आफ्नो तर्क राख्ने बानि नहुने, अरुसँग डराई हिड्ने तथा शान्त स्वभाव भएका कारण एकान्तमा वस्न रुचाउने खालको जाति भएको हुनाले तिनिहरूलाई दरै भनिएको हो भन्ने पनि कसै कसैको भनाइ छ (कैनी, २०६३) ।

दरै शब्दको उत्पतिका बारेमा त्यस्तो  बैज्ञानिक अध्ययन भएको पाइदैन । सन् १९६३ मा राजेश गौतम र अशोक मगरद्वारा लिखित “नेपालका जनजातिको बैज्ञानिक अध्ययन ” (Tribal – Ethnography of Nepal ) मा दरै शब्दको उत्पत्ति महाभरतको मनुष्मृति र हरिबंश पुराणमा उल्लेख जनजातिलाई जनाउने दार्ड शब्दबाट भएको जनाइएको छ । दरै जाति नेपालका आदिवासी हुन या कतैबाट आएका प्रवासी भन्ने बारे प्रमाणित आधार भेटिएको देखिदैन । दरै जातिका वारेमा मूख्यतय २ थरी भनाई पाइन्छ । पहिलो तर्क, दरै जातिका पूर्वजहरू भारतको दरभङ्गा जिल्लाको बासिन्दा भएको र त्यतैबाट उनीहरू विस्तारै विस्तारै नेपालमा प्रवेश गरेका हुन् र अझै त्यो ठाउँमा दरै जातिको बसोबास छ । उनीहरूको अनुसार दरै शब्द दरभङ्गे शब्दबाट अपभ्रम्स रूप नभई पहिले र अहिले पनि एकै रूप रहेको पाइन्छ । दोस्रो तर्क, भारतमा मध्य युगमा मुसलमानको आक्रमणबाट तर्सिएर पलायन भएका आर्य नारी र पहाडी खण्डमा मंगोलियनहरूको संयोगको स्वरूप नै दरै जातिको उत्पति भएको कुरामा कोही कोही दरै र उनीहरूका बारेका जानकार बिश्वास

गर्दछन् । त्यस पछि बिस्तारै भित्री पहाडी बेशी, भित्री मधेशका बिभिन्न भुभागमा बर्षौ देखि लुकेर बसेका उनिहरूको आफ्नै भेषभुषा चलन चल्ती सामाजिक रितिरिवाज भएको देखिन्छ ।

आफ्नो जातिको वारेमा वताउने जानकारका अनुसार दरै जातिको नेपालको मूख्य थलो पाल्पा रामपुरको मादीफाँटको कोकल भन्ने ठाउँ रहेको वताउँछन् । नेपालमा बाइसे चौविसे राज्य शुरु हुनु भन्दा पहिले दरैहरूको पनि आफ्नो छुटै राज्य रहेको र पछि हैजाको प्रकोपले गर्दा धेरै मरेका र सेनहरूले तिनिहरूलाई धपाइ आफूले राज्य गरेको बताउँछन् । दरैहरू कम्तिमा ५०० वर्ष पहिले देखि तनहुँ, पाल्पा, लगायतका क्षेत्रमा बसोबास गरेका जाति हुन् । (कैनी, २०६३) ।

दरै प्राचिन किरांत जातिका सन्तान हुन् भन्ने कुरामा विश्वास गर्दछन् ।दरैहरू दनुवार, राई, थारु आदिका रूपमा बसाइसराइ गर्ने कममा कोही तराई तर्फ लागे र दरै बन्न पुगे । दरै “त” र “द” दुवै ‘त’ वर्गका अक्षर हुन् । जनजिब्रोमा तराई बस्ने एक थरी जातिलाई दराई भन्न थालेको प्रतित हुन्छ । सन् १७७० मा पृथ्वी नारायण शाहद्वारा सिद्ध भगवन्त नामलाई मण्डललाई प्रदान गरिएको लालमोहरमा कुमाल, दनुवार, थारु, ‘दरोहि’ उल्लेख गरिएको छ । तिनै दरोहि आजकलका प्रचलित दरै हुन् भनी विश्वास लिएका छन् । गोर्खाका धेरै वेशी र टारहरूमा दरैको संख्या अहिले प्रशस्त देखिन्छ । त्यस बेला देखि माछा मार्ने, नदिको किनारतिर रहने, आर्थिक अवस्था कमजोर भएका जाति तिनै दरोहि जाति हुन भनि विश्वास गरिएको छ (अधिकारी सूर्यमणी,२०५१) । दरैहरू आफ्नो मूख्य पेशा कृषिका साथै माछा मार्ने कार्य गर्दछन् । दरै जातिका विभिन्न थरहरू भएको पाइन्छ । दरै जातिका थरहरू रानाशाही, कोकलशाही र झण्डे गरी ३ किसिमका मात्रै थर भएको पाइन्छ । (वाग्ले,२०६६)

## २.१.२ दरै जातिको परिचय

समाजशास्त्री डोर बहादुर विष्टले सवै जातको फूलवारी पुस्तकमा उल्लेख गरे अनुसार तिब्बत बर्मेली समुहको भाषा बोल्ने र खोलाको किनारमा तथा बगरहरूमा बसोबास गर्ने जाति दरै, दनुवार र माझी हुन् (विष्ट,२०४२) ।

पहाडी वेंसी फांट, र भित्री मधेशका नदी किनारमा छेउछाउ र खोचंहरूमा वसोबास गर्ने दरै जातिहरूको अनुहार (मुखाकृति) शारीरिक बनावट, तराईका बासिन्दा खास गरी थारु र दनुवारसंग मिल्दोजुल्दो देखिने हुँदा विद्धानहरूले दरै लाई दनुवार  र माझी संगै वर्गिकरण गरेर यिनीहरूको जातिगत सामित्यतालाई स्वीकार गरेका छन् (विष्ट १९७२) ।

सामान्यतया छालाको रङ कालो भएका दरैहरू हेर्दा तराइमा बसोबास गर्ने थारु जस्ता देखिन्छन् । औसत उचाई कम, जुंगादारी ज्यादै कम आउने थेप्चो नाक जस्ता वैशानुगत विशेषता भएकाले गर्दा दरैहरू मंगोलियन जातिसँग सामिप्य रहेको प्रतित हुन्छ । दरैहरू प्राय एकान्त मन पराउने र अन्य जातिसँग घुलमिल गर्न र छलफल कुराकानी गर्न रुचि देखाउदैनन् (कैनी, २०६३) ।

दरै शब्दको उत्पत्तिका सम्बन्धमा सुप्रसिद्ध भाषाशास्त्री प्रा.बालकृष्ण पोखरेलले “भाषिक दृष्टिले दरै नाम संस्कृतको दरि (गुफा) बाट फार्सेलीको दर्रा (भञ्ज्याङ्ग) बाट र नेपाली दर ( प्रगन्ना/पहाडको टाकुरो/थुम) बाट भएको” भनी उल्लेख गरेका छन् (मधुपर्क,पोखेल-२०५२) ।

तनहुँ विद्यार्थी समाज विश्वविद्यालय क्याम्पस, किर्तिपुरद्वारा वि.स.२०६६ मा प्रकाशित “तनहुँ सन्देश” नामक स्मारिकामा डा. इश्वरचन्द्र वाग्लेको लेख तनहुँ दमौलीको जातीय परिचय, भेषभुषा र रहनसहन, चाडपर्वहरूका वारेमा चर्चा गरिएको छ । यस पुस्तकमा दरै जातिको थर तीन प्रकारको हुने र तिनिहरू रानाशाही, झण्डे र कोकलशाही हुने वताइएको छ ।

गोरखाका धेरै वेंशी र  टारहरूमा दरैको संख्या अहिले पनि प्रशस्त हुन् । त्यसबेला देखि माछा मार्ने, नदीको किनार क्षेत्रमा आफ्नो बसोबास गर्ने दरैहरूको आर्थिक अवस्था कमजोर देखी त्यो समयका राजाले अन्य  जातजातिहरू तथा राज्यको रेखदेख गर्नुपर्दछ भनेर घोषणा गरेको अनुमान लगाई उक्त पत्रमा उल्लेखित ‘दरोही’ अहिलेका दरै जाति नै हुन भन्ने कुरामा धेरैले विश्वास लिएको देखिन्छ ।

अन्त्यमा वास्तविक दरैको परिचय भनेको खोलाको किनार तथा वेंशीका टारहरूमा बस्न रुचाउने, माछा मार्ने, डुङगा, चलाउने,  चोयावाता काट्ने, छत्री, टोप, ढकिया, स्याखु वुन्ने, घर गोठ छाउन सिपालु, पशुपंक्षी पाल्ने, जाँड, रक्सी बनाई आफुले उपयोग

गर्नुका साथै अन्यत्र विक्री गर्ने, हेर्दा होचा कद भएका सोझा र सरल स्वभावका जातिलाई नै वास्तवमा दरै जातिको परिचयदिन सकिन्छ । यो जातको बढी मात्रामा बासस्थान नेपालको, तनहुँ, चितवन, गोरर्खा,धादिङ, पाल्पा, नवलपुर, झापामा रहेको छ । नेपालको, राजनीतिक क्षेत्रमा पनि दरै जातिको सकीयता बढेको छ । नेपालको राजनीतिक क्षेत्रमा पनि दरै  जातिको सकीयता बढेको छ । नेपालको प्रतिनिधिसभाका सदस्यमा सन्तु दरैको प्रतिनिधित्व भै सकेको छ भने तनहुँमा पञ्चायत कालमा दमौली गाँउ उपप्रधानपञ्चको रूपमा चेत बहादुर दरै र व्यास नगर पालिकाको उपप्रमूखमा तम बहादुर दरै दुई पटक सम्म नीर्वाचित भै सक्नु भएको छ । त्यसैगरी संघीय संरचना पश्चात व्यास नगर पालिका वडा नं. १ को वडा अध्यक्षमा खर सिं दरै र २ वडा नं.१० को वडा सहायकमा पतिमाया दरैको प्रतिनिधित्व देखिन्छ । त्यसैगरी विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूमा दरैहरूको सहभागिता भएको पाउन सकिन्छ ।

आदिवासी जनजाति समूहलाई आदिवासी जनजाति महासंघले आफ्नै तवरबाट परिभाषित गरेको छ । महासंघले “जनजाति भनेको त्यस्ता समुदाय हुन जसको आफ्नै मातृभाषा र परम्परागत संस्कार संस्कृति हुन्छ जुन परापूर्व काल देखि हिन्दुका पुरोहितपन भन्दा फरक हुन्छ ।” जनजाति समूहको विशेषता यस प्रकार छ ।

- आफ्नै मातृभाषा, धर्म, परम्परा, संस्कार, संस्कृति र मूल्य मान्यता आफ्नै परम्परागत रूपमा संचालित सामाजिक संरचना ।
- परम्परागत रूपमा बनेका घर, जमिन र भौगोलिक क्षेत्र ।
- लिखित र मौखिक इतिहास जुन आफूले जानेको होस् ।
- आफुलाई जनजाति भनेर परिभाषित गर्ने ।
- जसको केन्द्रिय राजनितिमा निर्णायक भूमिका छैन । (हुनत वर्तमान सन्दर्भमा समावेशिकरणको नीतिलाई अख्तियार गरी संविधान सभा सदस्यमा मूख्य पार्टीहरूले जनजातिलाई मनोनित समेत गरेका छन् ।)
- छुटै तर स्पष्ट परिचय भएका ।

ऐतिहासिक सन्दर्भलाई हेर्दा केही जनजाति समुहको आफ्नो बसोबास निश्चित क्षेत्रमा रहेका र त्यसलाई नै आफूहरूले प्रयोगमा ल्याएको दाबी समेत गर्दछन् र भन्छन् “हामी नेपालका

आदिवासी हौ”ति समूदायको उपयोगको मुख्य स्रोत नै प्राकृतिक स्रोत हुन् । यि जनजातिको मूख्य गरी क्षेत्रगत रूपमा बसोबासकै आधारबाट राष्ट्रिय आदिवासी जनजाति महासंघले प्रकाशित गरे बमोजिम ५९ जनजातिसमूह क्षेत्रगत रूपमा रहेका छन् । जुन नेपाल राजपत्र (फेवुअरी २,२००२) मा प्रकाशित गरेको छ । त्यसका साथै विभिन्न पर्यावरणीय क्षेत्रका आधारमा हिमाली क्षेत्रमा १८ समूह, पहाडी क्षेत्रमा २३ समूह, भित्रि तराई र तराइमा गरी १८ समूह वा जातका जनजाति छन् । नेपाल आदिवासीहरूको राष्ट्रिय समितिले दिएको विवरणको आधारमा पर्यावरणीय क्षेत्रगत रूपमा निम्न अनुसार आदिवासी जनजाति समूह छन् ।

**हिमाली क्षेत्रः**

| | | | |
|---|---|---|---|
| १)वाह्र गाउँले | २)भोटिया | ३)व्यांशी | ४)चैरोतान |
| ५)चिम्तान | ६)लार्के | ७)ल्होमी | ८)ल्होपा |
| ९)मनाङ्गे | १०)मार्फाली | ११)मुगाली | १२)सियार |
| १३)शेर्पा | १४)सायान्ताङ्ग | १५)ताङ्गवे | १६)थकाली |
| १७)धिन्ताङ्ग | १८)वालुङ्ग | | |

**पहाडी क्षेत्रः**

| | | | |
|---|---|---|---|
| १)बन्करिया | २)बारामो | ३)भुजेल/धर्ती | ४)चेप |
| ५)छन्त्याल | ६)दुरा | ७)फी | ८)गुरुङ्ग |
| ९)हायु | १०)ह्योल्मो | ११)जिरेल | १२)कुष्वडिया/पठारकट्टा |
| १३)कुसुन्डा | १४)लेप्चा | १५)लिम्बु | १६)मगर |
| १७)नेवार | १८)पहारी | १९)राई | २०)सुरेल |
| २१)सुनुवार | २२)तामाङ्ग | २३)थामी | |

**तराई र भित्रि तराईः**

| | | | | |
|---|---|---|---|---|
| १)दनुवार | २)माझी | ३)राउटे | ४)धनुक | ५)राजवंशी |
| ६)राजी | ७)कुमाल | ८)बोटे | ९)धिमाल | १०)गंगाइ |
| ११)झाँगड | १२)दराई/दरै | १३)किसान | १४)मेचे | |
| १५)सतार/सन्थाल | १६)कोचे | १७)ताजपुरिया | १८)थारु | |

## २.२ सैद्धान्तिक पुनरावलोकन

पृथ्वीमा मानव जातिको अस्तित्व लाखौ वर्षदेखि रहदै आएको विश्वास गरिएको छ । आज भन्दा करिव ८० लाख वर्ष अघि वानर गुण छोडेर मानव रूप धारण गरेपछि मानिसको अस्तित्व को विकास भएको हो । नेपाली जनजातिहरूको परम्परागत,सामाजिक,आर्थिक एवं सांस्कृतिक पक्षहरूको अध्ययन प्राचिन काल देखि हुदै आएको पाइन्छ । वि.स.२००७ साल भन्दा अगााडी नेपालमा जातिय अध्ययन गर्ने अनुमति प्राप्त नभएकाले पनि विस्तृत रूपमा जातिय अध्ययन भएको पाइँदैन तर पनि विभिन्न विदेशी एवम स्वदेशी विद्वानहरूले आफ्नै तवरबाट जातिगत खोज अनुसन्धान गरेको पाइन्छ ।

चार्ल्स डार्विनले आफ्नो पुस्तक "The Origin of Species(1859)" मा प्रत्येक प्राणीहरू आफू र आफ्ना वंशजलाई जीवित राख्नका लागि वातावरणका सिमित स्रोत र साधन प्रति प्रतिष्पर्धा गर्दछन् । यसै कममा आफूसँग मिल्दा वा फरक जीव समूहको उत्पादन गर्दछन् । वातावरणले नै तिनिहरूको अवश्था कस्तो हुने भन्ने निर्धारण गर्दछ ।

यस्तो प्रकारको संश्लेषणात्मक सिद्धान्तको विकास अनुसार विभिन्न जाति प्रजातिहरूमा परिवर्तन हुदै आएको प्रसङ्गका बाबजुत यस्ता वातावरणीय सवालहरूलाई अध्ययनमा समेटिएको छ ।

नेपालको सन्दर्भमा सन् १८१९ मा H. Kirkpatrick द्वारा लेखिएको पुस्तक "An account of the kingdom of Nepal"सन् १९८० मा "Literature and religion of Nepal and Tibet" को प्रकाशनले नेपाली जनजाति अध्ययनलाई विश्व सामू चिनाउन सहयोग पुगेको छ । त्यसपछिका समयमा अंग्रेजी, फ्रेन्च, भारतीय, जर्मनी, लगायतका देशका लेखकहरूले नेपालमा मानवशास्त्रीय अध्ययनमा चासो दिएको पाइन्छ । विदेशी लेखकहरू मध्ये लियोन हार्ड आदमका लेखहरू सि.जेस मेरिसका पुस्तकहरू, वादी विलियम ब्रकका पुस्तक लेखहरू,सुनिति कुमार चटर्जीका पुस्तकहरू प्रमुख छन् ।

नेपालमा खासगरी सन् १९५०/५१ पश्चात नेपाली समाजको जाति,यहाँका परम्परागत संरचना संस्कृतिको अध्ययनमा अनुमति दिइएको र त्यसपछिका दिनहरूमा मात्र विभिन्न अनुसन्धानकर्ता, अन्वेषकहरूले खोज गर्न थालेको पाइन्छ । यस्ता विद्वान्हरूमा Christopher, Haimanderf Von Furer (1964) "The Sherpas of Nepal" J.T Hitchock

(1960) n] Mager's of Banyan Hill's, M.Baberieol(1972) n] "Muslims in the Hindu Kingdom of Nepali Donald" A Messerschmidt(1976) n] "The Gurung of Nepal,"Conflict and change of village society".

विषयमा अध्ययन गरि आफ्नो लेख र पुस्तक प्रकाशन गरेको पाइन्छ ।त्यसै गरी नेपाली खोजकर्ताहरूले पनि त्यसपछिका समय जातिगत,समाज शास्त्रीय,मानवशास्त्रीय अध्ययनहरू गरेको देखिन्छ । यस अर्न्तगत डोर बहादुर विष्टले (१९६७)मा "People of Nepal",गोपाल सिं नेपाली(१९६०-१९६५) को "The Thakuris of Nepal Diyargen", गणेशमान गरुङको (1989-1995)"The Chepangs" त्यस्तै गरी प्रभाव देवी कैनीको -वि.स. २०६३) दराइ जनजीवन : एक अध्ययन आदिलाई जातिय अध्ययन जुन समाज शास्त्रीय मानव शास्त्रीय आधारहरूमा गरिएका छन् । तिनिहरूको योगदान अमूल्य मानिन्छ ।

Julian Steward को "Shoshone of the Great Basic in 1930" को अध्ययनमा त्यहाका मानिसहरू शिकार गर्ने जम्मा गर्ने तथा आफू त्यसैमा निर्भर रहने Pinon nut tree का सन्दर्भ उल्लेख गरेका छन् । उनले रुखहरू पातलिदै गएपछि त्यहाँका मानिसहरू पनि पातलिदै जाने कुरा उल्लेख गरेका छन् । त्यसैले उनले जनसंख्या र वातावरण वीचको सम्बन्ध देखाएका छन् । उनले South American Indigenous Group को अध्ययनबाट Cultural Ecology का बारेमा आफ्ना विचार दिएका छन् । उनले आफ्नो सिद्धान्तको विकासमा विभिन्न उदाहरण दिंदै Cross Cultural Regularities का बारेमा उल्लेख गरेका छन् । त्यसैगरी Gautam Rajesh and A.K.Thapa Magar ले Ethnography of Nepal (1994) मा जनजातिहरूको सांस्कृतिक जानकारी छोटकरीमा दिएका छन् । S.T. Tamang को "Nationalities Questions in Nepal" मा राष्ट्रियपन र नेपाल भित्रका जनजातिका सन्दर्भमा उल्लेख गरेका छन् । त्यसैगरी Old Field (1889) ले Social Life of Nepalese people का बारेमा लेखेका छन् । जसमा उनले जनजातिहरूको जीवनशैलीमा विभिन्न पक्ष जस्तै समाज र संस्कार भित्र धर्म Fetallism,Shamanism,rituals आदिले प्रभाव पार्दछ र सोही अनुरूपको जीवनशैली सञ्चालित हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । Dr.Bed Prakash Upreti (1976) "The Limbuwan today, process and problem,contribution on Nepalese StudiesÆ Vol:3.2, Dr.Dilliram Dhakal(1985) people of Stone: the Chepangs of Central Nepal. यसरी भएका विभिन्न अध्ययन बाट के थाहा पाउन सकिन्छ भने प्रत्येक जनजातिको आफ्नै जीवनशैली छ र शहरीकरणको बढ्दो प्रभाव र आधुनिकीकरणले विस्तारै

प्रभाव पारेको छ । सोही अनुरूप आफ्नो जीवन व्यतित गरि रहेका छन । विकास र अविकासका सन्दर्भमा Seligson and passesmith ले आफ्नो पुस्तक "Development and Under Development" बाट धेरै ज्ञान र जानकारी दिएका छन् ।

सामाजिक, साँस्कृतिक पूँजीगत रूपमा निर्माण हुदै या विस्तार हुदै जाने प्रकृया आधुनिकीकरण हो । आधुनिकीकरणको सिद्धान्त अनुसार विभिन्न सन्दर्भमा आवश्यक सुविधाहरू प्राप्त गर्ने विकास हुन्छ (Regmi–2001), Learner (1968-3861) ले आधुनिकीकरण सम्बन्धमा दिएको विचार यस्तो छ "आधुनिकीकरण भनेको त्यस्तो अबस्था हो जहाँ, कम विकास भएका क्षेत्रमा विकासका पुर्वाधार वृद्धि हुदै बढि भन्दा बढि सामाजिक विकास हुदै जान्छ ।"

आधुनिकीकरण को माध्यमबाट व्यक्ति, समुह र समाजमा विज्ञान र प्रविधिको उपलब्धिसंग अत्यन्तै घनिष्ट रूपमा सम्बन्ध छ । यसले परम्परागत रूपमा संचालिन समाजलाई प्रभाब पार्दछ । जसको परिणाम सामाजिक परिवर्तनको प्रकियामा तिव्रता आएको छ । व्यक्तिको स्वतन्त्रता, वैयक्तिक र पारस्परिक दक्षतामा अभिवृद्धि भएको छ । सामाजिक विकासको क्षेत्रका नया सम्भावनाहरू सामुन्ने आएका छन् । यो प्रकियाले धर्म निरपेक्षिकरण, औद्योगीकीकरण, शहरीकरणमा पनि प्रोत्साहन दिएको छ । यसरी समाजमा भएका परिवर्तन सगै दरै समुदायले आफ्नै पुरर्ख्यौली पेसालाई पनि आधुनिकीकरण एवंम व्यवसायीकरण गर्न नसक्नुका कारण पनि यो अध्ययनमा समेटिएको छ ।

## आधुनिकीकरणको सिद्धान्त

वास्तवमा आधुनिकीकरणको सिद्धान्त सन् १९५०-१९६० को दशकमा देखा परेको हो । यस सिद्धान्तको मूलभूत मान्यता समाज र पेशा संस्कृति परिवर्तनशील छ । प्रत्येक समाजमा सामाजिक रूपान्तरण हुने प्रकृया स्वभाविक छ । प्रत्येक समाज परिवर्तन र विकसित हुदै अगाडी बढेको पाइन्छ । यसर्थ हरेक समाजको परिवर्तनशीलता सधै आधुनिक समयकाल तर्फ उन्मुख हुन्छ । समयको गति सँगै समाज भित्रका आर्थिक सामाजिक, शैक्षिक, राजनीतिक, भौतिक, धार्मिक, प्राविधिक तथा मानवीय मनोवृत्ति जस्ता पक्षहरूमा सकारात्मक परिवर्तन हुने गर्दछ । आधुनिकीकरण कुनै पनि कुरालाई नविकरण गर्दै विकास एवं सामाजिक विकाससंग सम्वन्धित हुन्छ (गुरुङ, १९९०) ।

आधुनिकीकरणको माध्यमबाट व्यक्ति, समूह र समाजमा विश्वलाई हेर्ने नयाँ दृष्टिकोणको परिप्रेक्ष्यको विज्ञान  प्रविधिको उपलब्धी सँगै अत्यन्त घनिष्ट रूपमा सम्वन्ध छ । यसले परम्परागत समाजलाई प्रवल रूपमा प्रभाब पार्दछ । यसको परिणाम स्वरूप सामाजिक परिवर्तनको प्रकृयामा तीव्रता आएको छ । व्यक्तिको स्वतन्त्रता, पारस्परिक दक्षतामा अभिवृद्धि भएको छ । त्यस्तैगरी सामाजिक कल्याण र विकासको क्षेत्रमा नयाँ सम्भावनाहरू अगाडी आएका छन् । यस प्रकृयाले धर्म निरपेक्षीकरण युगमा तेस्रो विकासशील देश आधुनिकीकरण प्रति सबल रूपमा आश्रित भै यस प्रकृयाबाट प्रभावित देखिएका छन् । यसरी समाजमा आउने परिवर्तन सँगै दरै समूदायले आफ्नो पूर्ख्यौली पेशालाई पनि आधुनिकीकरण तथा व्यवसायीकरण गर्न नसक्नु कृषि व्यवसायमा विकास भएका नयाँ प्रणालीप्रति ज्ञानको प्रयोगको अभावमा परम्परागत रुढिवादी पद्धति सामाजिक संरचना आदिका कारण हाल भैरहेको परिवर्तनहरू समूदायमा प्रभावकारी रूपमा प्रयोगमा आउन सकेको छैन । नयाँ नयाँ प्रविधिको विकास र प्रत्येक मानवले त्यसको उपयोगमा विकल्पको परिवर्तन गराउने आधार खडा गर्दछन् । यस सिद्धान्तलाई यो अध्ययनमा प्रयोग गरिएको छ । आधुनिकीकरण कुनै कुराहरूलाई नविकरण गर्दै विकास एवं सामाजिक विकाससँग सम्वन्धित हुन्छ (गुरुङ,१९९०)।

## उद्‌विकासको सिद्धान्त

समाजशास्त्र/मानव शास्त्र उद्‌विकासवादी अवधारणा चार्ल्स डार्विनको प्राणी शास्त्रीय जीव विकासको“प्राकृतिक छनौटको सिद्धान्त”को अवधारणाबाट लिइएको हो । खासगरी स्पेन्सरले सोसियल अर्गानिजमको अवधारणाबाट विकास गरी “मानव विकास क्रम साधारण रूपबाट र विशिष्टीकरण तर्फ उन्मूख हुन्छ” भन्ने तर्क राखे । प्रत्येक समाजमा प्रत्येक रूपान्तरण हुने प्रकृया स्वभाविक प्रकृया हो । प्रत्येक समाज परिवर्तन र विकसित हुदै अगाडी बढेको पाइन्छ । समाजको परिवर्तनशीलता सधै आधुनिकता तर्फ उन्मुख हुन्छ । यस प्रकृयामा समाज भित्रका आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, धार्मिक, भौतिक प्राविधिक तथा मानवीय मनोवृत्ति जस्ता पक्षहरूमा सकारात्मक परिवर्तन हुने गर्दछ ।

वर्तमान युगमा आधुनिकीकरणको प्रकृयाको परिवर्तन र विकास एक महत्वपूर्ण स्थान रहेको पाइन्छ । आधुनिकीकरणको माध्यमबाट व्यक्ति,समूह र समाजमा विश्वलाई हेर्ने दृष्टिकोणको परिप्रेक्ष्यमा विज्ञान र प्रविधिको उपलब्धीसँग अत्यन्त घनिष्ट रूपमा सम्बन्ध छ ।

यसले परम्परागत समाजलाई प्रवल रूपमा प्रभाव पारेको हुन्छ । यसको परिणाम स्वरूप सामाजिक परिवर्तनको प्रकृयामा तीव्रता आएको हुन्छ ।

व्यक्तिको स्वतन्त्रता र आन्तरिक क्षमता अभिवृद्धि भएको छ । मानव कल्याण र विकासका प्रशस्त नयाँ सम्भावनाहरू अगाडी देखा परेका छन् । वर्तमान समयमा विकासशील देश र त्यहाँका नागरिक आधुनिकीकरण तर्फ प्रभावित भएको देखिन्छ । यस प्रकृयामा समस्त परिवर्तनलाई जनाउँछ । यस अन्तर्गत एउटा साधारण वा परम्परागत कृषि समाज जटिल या औद्योगिक समाजमा रूपान्तरण वा परिवर्तन हुन्छ । मानिसका विचार र चिन्तन क्षमतामा परिवर्तन आउँछ । परम्परागत पेशामा परिवर्तन आउँछ । सामाजिक, सांस्कृतिक, प्राविधिक लगायत परम्परागत सामाजिक संस्कार प्रतिको पुराना मूल्य मान्यता तथा तिनीहरूको कार्य प्रकृया र प्रणालीमा समेत परिवर्तन आउँछ ।

यसरी आउने परिवर्तन कै कारण एउटा मूल्य र मान्यताबाट स्थापित समाज क्रमीक रूपमा अर्को ढाँचामा रूपान्तरित हुने प्रकृयालाई उद्‌विकासवादी सिद्धान्त मानिन्छ ।

## २.३ पूर्व साहित्य समीक्षा

समाजशास्त्री डोर बहादुर विष्टले सवै जातको फूलवारी पुस्तकमा उल्लेख गरेअनुसार तिब्बत बर्मेली समुहको भाषा बोल्ने र खोलाको किनारमा तथा बगरहरूमा बसोबास गर्ने जाति दरै, दनुवार र माझी हुन् (विष्ट, २०४२) ।

पहाडी वेंसी फांट, र भित्री मधेशका नदी किनारमा छेउछाउ र खोचंहरूमा वसोबास गर्ने दरै जातिहरूको अनुहार (मुखाकृति) शारीरिक बनावट, तराईकाम बासिन्दा खास गरी थारु र दनुवारसंग मिल्दोजुल्दो देखिने हुँदा विद्वानहरूले दरै लाई दनुवार र माझी संगै वर्गिकरण गरेर यिनीहरूको जातिगत सामित्यतालाई स्वीकार गरेका छन् (विष्ट १९७२) ।

सामान्यतया छालाको रङ कालो भएका दरैहरू हेर्दा तराइमा बसोबास गर्ने थारु जस्ता देखिन्छन् । औसत उचाई कम, जुंगादारी ज्यादै कम आउने थेप्चो नाक जस्ता वैशानुगत विशेषता भएकाले गर्दा दरैहरू मंगोलियन जातिसँग सामिप्य रहेको प्रतित हुन्छ । दरैहरू प्राय एकान्त मन पराउने र अन्य जातिसँग घुलमिल गर्न र छलफल कुराकानी गर्न रुचि देखाउदैनन् (कैनी, २०६३) ।

दरै शब्दको उत्पत्तिका सम्बन्धमा सुप्रसिद्ध भाषाशास्त्री प्रा.बालकृष्ण पोखरेलले “भाषिक दृष्टिले दरै नाम संस्कृतको दरि (गुफा) बाट फार्सेलीको दर्रा (भञ्ज्याङ्ग) बाट र नेपाली दर (प्रगन्ना/पहाडको टाकुरो/थुम) बाट भएको” भनी उल्लेख गरेका छन् (मधुपर्क, पोखेल-२०५२) । तनहुँ विद्यार्थी समाज विश्वविद्यालय क्याम्पस, किर्तिपुरद्वारा वि.स.२०६६ मा प्रकाशित “तनहुँ सन्देश” नामक स्मारिकामा डा. इश्वरचन्द्र वाग्लेको लेख तनहुँ दमौलीको जातीय परिचय, भेषभुषा र रहनसहन, चाडपर्वहरूका वारेमा चर्चा गरिएको छ । यस पुस्तकमा दरै जातिको थर तीन प्रकारको हुने र तिनिहरू रानाशाही, झण्डे र कोकलशाही हुने  वताइएको छ ।

गोरखाका धेरै वेंशी र  टारहरूमा दरैको संख्या अहिले पनि प्रशस्त हुन् । त्यसबेला देखि माछा मार्ने, नदीको किनार क्षेत्रमा आफ्नो बसोबास गर्ने दरैहरूको आर्थिक अवस्था कमजोर देखी त्यो समयका राजाले अन्य  जातजातिहरू तथा राज्यको रेखदेख गर्नुपर्दछ भनेर घोषणा गरेको अनुमान लगाई उक्त पत्रमा उल्लेखित ‘दरोही’ अहिलेका दरै जाति नै हुन भन्ने कुरामा धेरैले विश्वास लिएको देखिन्छ ।

अन्त्यमा वास्तविक दरैको परिचय भनेको खोलाको किनार तथा वेंशीका टारहरूमा बस्न रुचाउने, माछा मार्ने, डुङगा, चलाउने,  चोयावाता काट्ने, छत्री, टोप, ढकिया, स्याखु वुन्ने, घर गोठ छाउन सिपालु, पशुपंक्षी पाल्ने, जाँड, रक्सी बनाई आफुले उपयोग गर्नुका साथै अन्यत्र विकी गर्ने, हेर्दा होचा कद भएका सोझा र सरल स्वभावका जातिलाई नै वास्तवमा दरै जातिको परिचय दिन सकिन्छ । यो जातको बढी मात्रामा बासस्थान नेपालको, तनहुँ, चितवन, गोरर्खा, धादिङ, पाल्पा, नवलपुर, झापामा रहेको छ । नेपालको, राजनीतिक क्षेत्रमा पनि दरै जातिको सकीयता बढेको छ । नेपालको राजनीतिक क्षेत्रमा पनि दरै  जातिको सकीयता बढेको छ । नेपालको प्रतिनिधिसभाका सदस्यमा सन्तु दरैको प्रतिनिधित्व भै सकेको छ भने तनहुँमा पञ्चायत कालमा दमौली गाँउ उपप्रधानपञ्चको रूपमा चेत बहादुर दरै र व्यास नगर पालिकाको उपप्रमूखमा तम बहादुर दरै दुई पटक सम्म निर्वाचित भै सक्नु भएको छ । त्यसैगरी संघीय संरचना पश्चात व्यास नगर पालिका वडा नं. १ को वडा अध्यक्षमा खर सिं दरै र वडा नं.१० को वडा सहायमा पतिमाया दरैको प्रतिनिधित्व देखिन्छ । त्यसैगरी विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूमा दरैहरूको सहभागिता भएको पाउन सकिन्छ ।

## २.४ अवधारणागत खाका

समाज परिवर्तनशील छ । हरेक समाजमा सामाजिक, सांस्कृतिक तथा आर्थिका रूपमा परिवर्तन भएको पाउन सकिन्छ । पहिले पहिले दरै जाति तथा समाज आफ्नै परिवेशमा रोमलिएको थियो । दरै समाजमा मुखियाको जिम्मेवारी र हैसियत ठुलै मानिन्थ्यो । जग्गा जमिन किनबेच, तिरो उठाउने, गाँउमा हुने भए गरेका झै झगडा मिलाउने भएकाले इज्जत ठूलो हुन्थ्यो । त्यसै समाजमा विरामी हुँदा झारफुक गर्ने गुराउको पनि ठुलो इज्जत र महत्व थियो । आजकल यो ढांचामा परिवर्तन आएको छ । हरेक गाँउमा दरै समाज रहेको छ । दरै जाति भित्रका समस्या र समाधानमा यिनै समाज सकीय छन् । यस अध्ययनमा तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १० मा बसोवास गर्ने दरै जातिको परम्परागत पेशामा आएको परिवर्तनका निम्न कारक तत्व तथा पेशा परिवर्तनका निम्न कारण हुन सक्छन् ।

**दरै जातिको परम्परागत पेशामा आएको परिवर्तन**

**परम्परागत पेशामा परिवर्तनका तत्वहरु**

- जनचेतनाको अभाव
- परम्परागत पेशाले जीविकोपार्जनमा समस्या
- नोकरी
- वैदेशिक रोजगारी
- अन्य आयमूलक काम को उपलब्धता
- बढ्दो शहरीकरण
- जमिनको मूल्य वृद्धि
- भू-स्वामित्व खण्डीकरण
- विश्वव्यापीकरण

**परम्परागत पेशामा आएको परिवर्तनका कारणहरु**

- जनचेतनामा अभिवृद्धि तथा शैक्षिक जनशक्ति उत्पादन
- वैदेशिक रोजगारीमा संलग्न हुने पर्याप्त अवसर खुल्नु
- उद्योग,कलकारखानाको वृद्धि संगै रोजगारीका अवसर खुल्नु
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण हुनु
- डकर्मी, सिकर्मी, प्लम्विङ्ग घर वायरिङ जस्ता कामबाट घर खर्च चलाउने आम्दानी गर्न सक्नु ।
- बढी श्रम गरी हातले उत्पादन र निर्माण भएका वस्तुको तुलनामा मेसिनले उत्पादन गरेको वस्तु र सामान सस्तो र राम्रो हुनु ।
- जग्गाको मूल्य वृद्धि मै अच व्यवसाय गर्ने दैसियत वृद्धि हुनु ।

उपर्युक्त अवधारणात्मक खाकामा दरै समुदायलाई केन्द्रमा राखेर उनीहरूको आर्थिक अवस्था अन्तर्गतका चलहरू कृषि, पशुपालन, व्यापार, उद्यम, व्यवसाय, नोकरीको अवस्थाको आधारमा उनीहरूले आर्जन गरेको शैक्षिक उपलब्धीलाई पनि उक्त चलहरूसँगै विश्लेषण गरिएको छ ।

# cWofo tLg

# अध्ययन विधि

नयाँ तथ्य पत्ता लगाउनका लागि सावधानिपुर्वक खोजी गर्नु अनुसन्धान हो । मानिसको मष्तिस्कमा रहेको जिज्ञासाको समाधान खोज्ने प्रयत्न अनुसन्धानले गर्दछ । सामाजिक अनुसन्धानले सामाजिक जीवन प्रकृया र नियमसंग सम्बन्धित पक्षहरूको अध्ययन गर्दछ ।

परम्परा देखि नदि खोलाका किनारमा तथा होचा खोचका टारहरूमा वर्षौ देखि वसोवास गरि पशुपंछि पालन गर्ने, घाट तार्ने, माछा मार्ने, खेतीपाति गर्ने नेपालको पहाड र भित्रि तराईका केहि जिल्लाहरूमा छरिएर रहेका दरै जातिलाई आदिबासी भनिन्छ । जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार नेपालमा ५९ जनजातिको नाम उल्लेख गरिएको छ । उक्त ऐनको दफा २ (क) ले परिभाषित गरे अनुसार यो जातिलाई २३ नम्बरमा उल्लेख गरिएको छ । तिनै दरै जातिका वारेमा अध्ययन गरि तथ्य परक रूपमा निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनोट

अध्ययन क्षेत्रभित्रका दरै समुदायको कुल घरधुरी २५० मध्ये नमुनाको रूपमा दैविक नमुना छनोट विधिको प्रयोग गरी ३०% बाट हुन आउने जम्मा ७५ घरधुरीको घरधुरी सर्वेक्षण गरी अध्ययन गरिएको छ । घरधुरीका ३८२ जनसंख्या मध्ये पुरुष १८८ र महिला १९४ रहेका छन् ।

नेपालको गण्डकी प्रदेश अन्तर्गत तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. १० मा बसोबास गर्दै आएका २५० घर परिवारका दरै जातिलाई अध्ययनको लागि छनौट गरिएको छ । तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारबाट करिव १ किलोमिटर उत्तर-पश्चिम, पृथ्वी राजमार्गबाट पनि सोही दुरी र दिशामा रहेको वडा नं. १० मा दरै जातिको वसोवास छ । डिहिगाउँ, सेवर, दुम्सि, अत्रौली, वैरेनी, खहरे, दुम्सिचौरमा दरैहरूको वसोवास छ । सदरमुकामको नजिक रहेर पनि अन्य जातिको तुलनामा यो जाति सोचे जस्तो आर्थिक र सामाजिक रूपमा अगाडी बढ्न सकेको छैन । यसर्थ सामाजिक रूपमा यो जातिको

परम्परागत पेशामा किन के कस्तो परिवर्तन भएको छ ? भन्ने विषयमा अध्ययन गर्न यो वडा लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ ।

## ३.२ तथ्याङकका स्रोतहरू

यस अनुसन्धानमा दरै जातिको पेशामा आएको परिवर्तनले सामाजिक, आर्थिक, सांस्कृतिक अवश्थामा पारेको प्रभावको अध्ययन गरिएको हुनाले तथ्याङ्क विश्लेषणात्मक पद्धति अपनाइनुका साथै व्याख्यात्मक र विवेचनात्मक ढाँचाको प्रयोग गरी अध्ययन गरिएको छ । यो अध्ययनमा गुणात्मक र परिमाणात्मक किसिमका तथ्याङ्कहरू प्रयोग गरिएको छ । अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको छ । अध्ययन विशेषत प्राथमिक स्रोतमा केन्द्रित छ । प्रश्नावली निर्माण गरी उत्तरदातासँग उत्तर खोजिएको छ । द्वितीय तथ्याङकका स्रोतहरूमा विभिन्न लेखरचना, पाठ्यपुस्तक, सर्वेक्षण प्रतिवेदन, विभिन्न कार्यालयले तयार पारी प्रकाशित गरेका तथ्याङ्क नतीजालाई समेत आधार मानिएको छ । त्यसैगरी अवलोकन र अन्तरवार्ताको माध्यमबाट पनि तथ्याङ्क संकलन गरिएको छ । गुणात्मक र परिमाणात्मक किसिमका तथ्याङ्क प्रयोग गरी अध्ययन गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तरगत प्रत्यक्ष अवलोकन, प्रश्नावली, अन्तरवार्ता, जानकार व्यक्तिहरूसँगको छलफल, घरधुरी सर्वेक्षणको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.२.२ द्वितीय स्रोत

द्वितीय स्रोत अन्तरगत विभिन्न संघ, संस्था, सरकारी गैरसरकारी निकायले तयार पारेका प्रतिवेदन, समिति वा आयोगका प्रतिवेदन, व्यक्तिगत प्रकाशन सोधपत्र लेखरचना आदिलाई अध्ययनमा प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति

अध्ययन क्षेत्रका दरै समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक परिवर्तन वारेमा अध्ययन भएकोले यसमा गुणात्मक पक्षलाई जोड दिइएको छ । यस अध्ययनमा रहेका समुदायको भाषा, भेषभूषा, रहनसहन, चाडपर्व आदि पक्षलाई समेटेर तिनिहरूको परिवर्तन बारेमा तथ्य पत्ता लगायन अध्ययन केन्द्रित रहेको छ ।

यस अध्ययनमा स्थायी बसोबास गर्ने दरै समुदायका विभिन्न पेशामा संलग्न व्यक्तिहरूलाई आवश्यक सुचना लिने कार्यमा समावेश गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलन साधन

जुनसुकै विषयको अध्ययनमा पनि तथ्याङक संकलन विधिको ठूलो महत्व हुन्छ । कस्ता विधि प्रयोग गरी तथ्याङक संकलन गरिएको छ ? त्यसले अध्ययनमा कस्तो प्रभाव पार्दछ सोहि तथ्याङ्क संकलनका लागि सोहि अनुसारका विधिको प्रयोग आवश्यक हुन्छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ ।

### ३.४.१ अवलोकन

यो विधि तथ्याङ्क संकलनको महत्वपूर्ण विधि हो । यो विधिद्वारा अध्ययन गर्दा अध्ययन क्षेत्रका समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक, संस्कारगत, जन्म, मृत्यु , विवाह लगायतका विविध पक्ष र कियाकलापमा अध्ययन गर्ने र सूचना संकलन गर्न सकिने भएकाले र उनिहरूको जनजीवनमा आएको परिवर्तन बारे तथ्य पत्ता लगाई जानकारी पाउन सजिलो भएको छ ।

### ३.४.२ अन्तरवार्ता अनुसूची

अध्ययन क्षेत्रमा रहेका २५० घरधुरी मध्ये नमुनाका रूपमा ३०% ले हुने ७५घरधुरी का दरै जातिको घरधुरी सर्वेक्षण गरिएको छ । अध्ययनसंग अर्थ राख्ने प्रश्नावली तयार पारी परिवारका मुख्य वा जानकार व्यक्तिलाई उत्तरदाता मानी प्रश्नहरू सोधिएको छ ।

### ३.४.३ मुख्य जानकार व्यक्तिसंग छलफल

अध्ययन क्षेत्रका दरै जातिका मूख्य जानकार व्यक्तिहरूसँग भेटघाट गरी उनिहरूको सामाजिक, सांस्कृतिक, आर्थिक गतिविधिका साथै परम्परागत जीबनशैलीको पनि जानकारी संकलन गर्ने कार्य गरिएको छ ।

### ३.४.४ सूचनाको संगठन

यस अनुसन्धानमा दरै जातिको सामाजिक,सांस्कृतिक र आर्थिक पक्षसंग सम्वन्धित विविध विषयमा जानकार व्यक्तिको सहयोग लिई यो सोधकार्य पुरा गरिएको छ । ऐतिहासिक एवं सांस्कृतिक अवश्थाको वारेमा जानकारी लिनको लागि जानकार व्यक्ति सँग जसले दरै

जातिको बारेमा विशेष जानकारी प्राप्त गरेका त्यस्ता व्यक्तिवाट जानकारी लिइएको छ । साथै स्थानीय क्षेत्रमा रहेको बुढापाका,समाजसेवी,शिक्षक,राजनीति कर्मीसँग अन्तरवार्ता र जानकारी लिइएको छ ।

## ३.५ तथ्याङ्कको प्रस्तुतीकरण एवम् विश्लेषण

यस अध्ययन संग सरोकार राख्ने तथ्याङकहरूलाई आवश्यकता अनुसार संख्यात्मक गुणात्मक रूपमा प्रस्तुत गरिएको छ । दरै जातिको परम्परागत पेशामा आएको परिवर्तनको प्रवृत्ति बुझ्नको लागि तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १० का दरैहरूको तथ्याकलाई मूलरूपमा प्रयोग र प्रस्तुत गरिएको छ । ७५ घरधुरीका दरै जातिको घरमूली, समाजका जानकार व्यक्तिहरूसंगको छलफलबाट प्राप्त तथ्याङक र सुचनालाई साधारण रूपमा प्रस्तुत गरिएको छ । जसबाट सरोकारवालाहरूलाई अध्ययन गर्न र बुझ्न सजिलो हुनेछ । संख्यात्मक रूपमा प्रस्तुत भएका विवरण र तथ्याङकलाई तालिका संख्या र प्रतिशतमा रूपान्तर गरी प्रस्तुत र विश्लेषण गरिएको छ । तथ्याङ्कलाई तालिकाबाट चित्रबाट प्रस्तुत गरी बुझ्न सजिलो बनाएको छ । गुणात्मक तथ्याङ्कहरू विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

# cWofo rf/

## दरै जातिको सामाजिक अन्तरसम्बन्ध

### ४.१ दरै जातिको सामाजिक इतिहास र स्थिति

दरै जातिको उत्पत्ति र विकास तथा नामाकरण सम्बन्धमा खास त्यस्तो बंशावली वा अभिलेख जस्ता प्रमाणिक लेखहरू भेटिएका छैनन् । जसले गर्दा उनीहरूको उत्पति र इतिहास लेख्न गाह्रो छ । विभिन्न लेखक तथा इतिहासविद्हरूले आफ्नो पुस्तकमा यिनिहरू भारतको दरभङ्ग क्षेत्रबाट आएका हुन् भन्छन् त कोही यहाँका वृद्धवृद्धा तथा आफूलाई दराई जातिको जानकार बताउनेहरू आफूहरू यसै क्षेत्रको आदिवासी भएको बताउँछन् । पाल्पा रामपुरका राम बहादुर दरैले (वर्ष ६९) आफ्ना पूर्खाहरूको खास थलो मादिफाँटको कोकल भन्ने ठाउँ हो भन्ने कुरामा विश्वास गर्दछन् । बाइसे चौबिसे राज्यका सेन र खसहरू जस्तै उनिहरू भन्दा पहिले नै यस ठाउँमा दरैहरूको राज्य रहेको र हैजा रोगको प्रकोपका कारण धेरै दरैहरू मरेको र सेनहरूले बाकीँ रहेका दरैलाई धपाइ आफुहरूले राज्य गर्न थालेको उनीहरूको भनाइ छ । तर यसको प्रमाणिक आधार भने भेटिदैन् । यस बारेमा अझ गहन अध्ययन जरुरी छ । वास्तवमा दरै जाति आजको बदलिदो परिस्थितिमा आफुलाई समायोजन गर्दै अघि बढेको देखिन्छ । नेपालको मध्य भागमा बसोबास गर्ने आफ्नै विशेषता र पहिचान भएको दरै जाति हो । अधिकांश दरै जातिको बसोबास तनहूँ, पाल्पा, धादिङ,गोरखा, नवलपुर, परासी, चितवन, झापामा भएको देखिन्छ । यो जातिको बसोबास नदिको किनार र टारहरूमा रहेको देखिन्छ । आजभोलि चितवनमा बसोबास गर्ने दरैहरू अधिकांश तनहूँ र गोरखाबाट बसाइ सरी गएको बताउछन् । परासीको दक्षिणतर्फ बस्ने दरैहरू बुलिङटार, दमौली, डेढगाउँ, जस्ता ठाउँबाट गएको बताउँछन् । त्यसैगरी गोरखा र धादिङका दरैहरू तनहूँबाट बसाई सरेको बताउँछन् ।

नेपालको एकिकरण पूर्व दरैहरूले चौबिसे राज्य अन्तरर्गत तनहुँ र पाल्पाका राजाहरूबाट जग्गा प्राप्त गरेका र बेलाबेलामा राजाहरूलाई उपहार,सौगात स्वरूप माछा सुकाएर आफुले बुनेका जुतका गुन्द्री, ढकिया, छत्री टोप आदि लैजाने गर्दथे भन्ने कुरा राम्जाकोट तनहुँका पूर्व गा.वि.स उपाध्यक्ष अन्तमान दरैले व्यक्त गरेका छन् (स्रोत कैनी २०६३)।

यसबाट पनि पुष्टि हुन्छ  कि दरै जातिको बसोवास नेपालमा र यस क्षेत्रमा  ५०० वर्ष देखि स्थायी रूपमा हुदै आएको अड्कल गर्न सकिन्छ । आज पनि दरै जातिको मानिसहरू आफुले कसैलाई उपहार दिनुपरेमा, सम्मान गर्दा गुदको गुन्द्री, आफैले तयार पारेका टोप, छत्री, नदी खोलाबाट मारेर ल्याएका माछा उपहार दिने गरेको देखिन्छ ।

दरै जातिको नामाकरण सम्बन्धमा पनि ठीक यस आधारमा भएको हो भन्ने बलियो आधार नभएकाले यस जातिसँग सामिप्यता राख्ने र उनीहरूबारे अध्ययन तथा अनुसन्धान गर्ने व्यक्तिहरूले आ–आफ्नै तरिकाले नामाकरण भएको बताएको पाइन्छ । पुराना तथ्यहरूमा अझ विभिन्न किसिमले नामाकरण गरेको देखिन्छ । Linguistic survey of india  मा ग्रीयर्सनले यस जातिलाई कहि दरही, कहि दाधी त कहि दाही लेखेका छन् भनी सर्यमणी अधिकारी (२०५१) ले आफ्नो पुस्तकमा उल्लेख गरेको छन् । त्यति मात्र नभई उनले दरै जाति प्राचिन किरांत जातिका सन्तान हुन भन्ने कुरामा विश्वास गर्दछन् । उनका अनुसार प्राचिन किरांत जाति काल क्रममा विभिन्न शाखामा विभक्त हुदै गए र दुरा, दनुवार, राई, दरै,थारु आदिका रूपमा विभिन्न ठाउँमा बसाई सर्दै चिनिए । बसाइसर्ने क्रममा कोहि तराईतर्फ लागे र दराई हुन पुगे । 'त' र 'द' दुबै त वर्गका अक्षर हुन र जनजिब्रोमा तराईमा बस्ने विभिन्न थर मध्ये एक थरलाई दरै भन्न  लागेको  प्रतित हुन्छ भनी उल्लेख गरेका छन्  ।

त्यसै गरी दरै जातिका थरहरू सम्बन्धमा अध्ययन गर्दा उनीहरूका थर ११ ओटा भएको पाईन्छ । ती थरहरूमा कोकलशाही, सूर्यवंशी, चम्पा फुल, खनपुरे, वनपाले, नरवंशी, खजुवार, हाँडीकाले, खुलाचौर, झिण्डीराना र बुढा हुन् भनी व्यास नगरपालिकाका पूर्व उपप्रमुख तम बहादुर दरै र तत्कालिन दमौली गाउँ पञ्चायतका उपप्रधानपञ्च चेत बहादुर दरै बताउँछन् भने डा. इश्वर वाग्लेले आफ्नो लेखमा  कोकलशाही, रानाशाही, र झण्डे गरी ३ थरको बारेमा मात्र उल्लेख गरेका छन् ।

## ४.१.१ व्यास नगरका दरै

काहुँ र मानुङ्गको खोंचमा सेती र मादी नदीको  पवित्र संगम तटमा अवस्थित महर्षि वेदव्यास जन्मस्थल र पराशर ऋषिको तपोभूमि तथा कर्म क्षेत्र रहेको यस व्यास क्षेत्र, महर्षि वेदव्यासकै नामबाट नामाकरण भएको व्यास नगरपालिका हो । देशमा बहुदलीय प्रजातन्त्रको पुनस्थापना पश्चात तत्कालिन दमौली गा.वि.स. र श्याम्घा गा.वि.स. को केही

क्षेत्रलाई समेटेर वि.स. २०४८ चैत्रमा व्यास नगरपालिका नामाकरण गरियो । काठमाण्डौं देखि १५० कि.मि. पश्चिम र पोखराबाट ५० कि.मि. पूर्व पृथ्वी राजमार्गमा व्यास नगरपालिका अवस्थित छ । सामुन्द्रिक सतहको ३१० मिटर देखि ११२० मिटरसम्म रहेको छ । संघीय संरचना परिवर्तन भएसँगै व्यासनगरपालिकाको क्षेत्र विस्तार गरी १४ ओटा वडा कायम भएका छन् ।

यसको क्षेत्रफल २४८ वर्ग कि.मि रहेको छ । व्यास नगरपालिकाको पूर्वी सिमानामा वरभञ्ज्याङ्ग, बेलभञ्ज्याङ्ग (भानु नगरपालिका) पश्चिम सिमानामा जामुने भञ्ज्याङ्ग ( म्याग्दे गाउपालिका) उत्तरमा रिस्ती खोला, लमजुङ र दक्षिण सिमानामा सेतीमादी नदी (ऋषिङ, .गाउँपालिका) रहेको छ । व्यास नगरपालिकामा हाल १४ ओटा वडाहरू रहेको छन् । व्यास नगरपालिकामा १६५ ओटा टोल विकास संस्था छन् ।

संघीय संरचना अनुसार गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्ला मध्ये तनहुँ पनि एक हो । तनहुँ जिल्ला को सदरमुकाम दमौली हो । राष्ट्रिय जनागणना २०६८ अनुसार व्यास नगरपालिकामा ३६४८९ पुरुष र ३५३२० महिला गरी कूल जनसंङख्या ७१८०९ रहेको छ । यस नगरपालिकामा जम्मा २००५९ घरधूरी रहेका छन् । व्यास नगरपालिकाको औसत परिवार संख्या ४.७९ र जनघनत्व २८९.८२ प्रति वर्ग कि.मि.रहेको छ ।

व्यास नगरपालिका भित्र दरैहरूको जनसंख्या ३८५२ जना रहेको छ । यस नगरपालिकाको हावापानी समशितोष्ण तथा उष्ण दुवै खालको रहेको छ । त्यसैगरी व्यास नगरपालिकाका प्रमुख नदीहरूमा मादी र सेती नदी तथा खोलाहरूमा बुल्दीखोला, सांगेखोला ,छाब्दी खोला , रिस्ती खोला, शिसा खोला, कलेस्ती खोला रहेका छन् ।

**तलिका ४.१ : व्यास नगरपालिकाको जनसंख्या विवरण**

| घरपरिवार संख्या | महिला संख्या | पुरुष संख्या | जम्मा |
|---|---|---|---|
| २००५९ | ३५३२० | ३६४८९ | ७१८०९ |

*स्रोत: व्या.न.पा.सर्वेक्षण, २०७५ ।*

## ४.१.२ तनहुँ व्यास नगरपालिका १० का दरै जाति

नेपालको पहाडी जिल्लाको रूपमा चिनिएको तनहूँको व्यास नगरपालिका वडा नं. १० मा विभिन्न थरीका जातजातिको मिश्रित बसोबास रहेको छ । यहाँ बसोबास गर्ने बाहुन, क्षेत्री, दरै, गुरुङ, मगर, नेवार, दमै, कामी, सार्की, लगायतका जातजाति बीचको सम्बन्ध प्रगाढ छ । जब नेपालमा कामको र जिम्मेवारीको आधारमा जातिगत विभाजन भयो त्यति बेला भन्दाअघि देखि नै दरै जातिहरू माछा मार्ने, घाटतार्ने, पशुपालन गर्ने कृषि खेतिपाती गर्ने जस्ता कार्य गदै आएको पाईन्छ । यहाँका दरै जातिले परम्परागत पेशालाई  जातिय पेशाको रूपमा अवलम्वन गर्दै आएको भएता पनि परम्परागत पेशाले आफ्नो जीवन धान्न गाह्रो परेकाले र शिक्षाको विकासले परम्परागत पेशालाई समय सापेक्ष परिवर्तन गर्दै जाने क्रममा कोही शिक्षक, कोही सरकारी कर्मचारी, कोही व्यापारी, कोही वैदेशिक रोजगारीमा राम्रो कमाइ गर्ने, कोही इन्जिनियर त कोही राजनीतिकर्मी बनी सकेका छन् । त्यसैगरी सेना प्रहरीमा भर्ती भै देशको सेवा गर्नेको संख्या पनि वृद्धि हुँदै गएको छ ।

परम्परागत रूपमा माछा मार्ने, अधियाँपात गर्ने, अरुको घरमा हलो जोत्ने, गाई गोरु, सुंगुर पाल्ने जस्ता कार्यले बद्लिदो समयमा जीविकोपार्जन गर्न गाह्रो भएको छ । जसले गर्दा परम्परागत पेशा कृषितर्फ अधिक मात्रामा महिलाहरू सरिक भए पनि पुरुषहरू भने ज्याला मजदुरी गर्ने, व्यवस्थित कृषि तथा पशुपालनमा लागेको पाइन्छ । त्यसैगरी शिक्षित संख्या बढ्दै गएकोले अन्य पेशामा लाग्नेको संख्या पनि उल्लेख्य छ (स्थलगत सर्वेक्षण,२०७६) ।

विभिन्न देवी देवताको पुजा र आध्यात्मवादमा विश्वास राख्ने दरैहरू विशेषत प्रकृतिको पुजा गर्ने गरेको पाइन्छ । दरैहरू आफुलाई हिन्दु  धर्मावलम्वी भएको पुष्टी गर्दछन् तर वर्तमान युग परिवर्तनको सन्दर्भमा दरैहरूमा धर्म परिवर्तनको मात्रा बद्दै गएको देखिन्छ । पश्चिमा संस्कार र संस्कृतिको प्रभाव परेको देखिन्छ ।

व्यास नगरपालिका वडा नं. १० तनहूँको सदरमुकाम दमौलीबाट करिब १.५ कि.मि उत्तर दिशामा रहेको छ । व्यास नगरपालिका वडा नं. १० को पूर्वी सिमाना व्यास न.पा. ११, रानीगाउँ, रातामाटा ,निर्वु टोल रहेको छ । पश्चिम सिमानामा मादी नदी उत्तर सिमानामा कलेस्ती खोला र दक्षिण सिमानामा बुल्दी खोला (जसलाई व्यास नदी भनिन्छ), व्यास न.पा.४, बाघ भञ्ज्याङ टोल रहेको छ । पराशर मार्ग, तालघरे दुम्सीचौर पोखेलफाँट मार्ग यो वडा अन्तर्गत कालोपत्रे सडक पुगेका मार्ग हुन् । यो वडा भित्रका सबै टोल, गाउँमा

विकासका पूर्वाधार समान किसिमले वितरण भएका छैनन् । यस वडामा बैरेनी, बोटेटार, दुम्सी, भञ्ज्याङ्ग, खहरे, नयाँवस्ती, शान्ति नगर, सेवर, निवुवाटारी, शितलगुफा, दुम्सीचौर, वरचौतारा, दुम्सीकोट, श्री भञ्ज्याङ्ग, वि.पि. भञ्ज्याङ्ग, अधेरी भञ्ज्याङ्ग गरी जम्म १६ वटा टोल विकास संस्था रहेका छन् । यहाँ बाहुन, क्षेत्री, दरै, मगर, गुरुङ, दमै,कामी, सार्की, कुमाल, कुसुण्डा, बोटे, घर्ती लगायतका जातीको बसोवास छ । अन्य जातीको तुलनामा दरै जातीको बाहूल्यता रहेको यो वडामा जम्मा दरैको जनसंख्या १४२५ रहेको छ । यहाँका दरैहरूको घरधूरी २५० रहेको छ । जम्मा पुरुषहरू ६९२ र महिलाहरू ७३३ रहेका छन् । अध्ययनका क्रममा दरै जातिको कूल घरधूरी २५० को ३० प्रतिशतले हुन आउने ७५ घरधूरीलाई आधार मानी नमुना सर्वेक्षण गरिएको छ । जसमा पुरुषको जनसंख्या १८८ र महिलाको जनसंख्या १९४ रहेको छ ।

**तालिका ४.२ : अध्ययन क्षेत्रका दरै जातिको जनसंख्या विवरण**

| नमूना घरधूरी | पुरुष संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ७५ | १८८ | ४९.२१ | १९४ | ५०.६९ | ३८२ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७६ ।*

माथिको तालिकामा व्यास नगरपालिका वडा नं. १० मा रहेको २५० घरधूरी मध्ये ७५ घरधूरीको सर्वेक्षण गर्दा पुरुष को संख्या १८८ र महिलाको संख्या १९४ रहेको छ । जम्मा पुरुषहरू ४९.२१ प्रतिशत र महिलाहरू ५०.७९ प्रतिशत रहेका छन् । पुरुष र महिलाको संख्या तुलना गर्दा पुरुषको संख्याको तुलनामा महिलाको जनसंख्या बढी छ ।

## ४.१.३ भौगोलिक अवस्था

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. १० पृथ्वी राजमार्गको सडकखण्डबाट करिब १५० मि.तालघारे छेउ र दमौली बजारबाट १ कि.मि. उत्तरतर्फ रहेको वडा हो । यस वडामा दुम्सीकोट, देवीथान दृष्टि अवलोकन क्षेत्रको रूपमा रहेका छन् । यहाँ, दुम्सीकोट कालिका, नयाँवस्ती कालिका, शितल गुफा, अनन्त गुफा, राम रामेश्वर मन्दिर, गणेश मन्दिर, दुम्दुमेश्वर महादेव, छाङ्गा बाराही मन्दिर यहाँका सांस्कृतिक सम्पदाको रूपमा रहेका छन् । बोटेटारमा बोटे जातिको सांस्कृतिक संग्रालय बन्दै छ । पर्यटकहरूलाई भित्र्याउने उदेश्यका

साथ खहरे र दुम्सीमा दरैहरूबाट होमस्टे संचालनमा आएको छ । त्यसै गरी बोटेटार होमस्टे, नयाँबस्तीमा गुरुङ र कालीडाँडामा गुरुङ जातिबाट होमस्टे संचालन गरेका छन् ।

शहरी विकासको गतिमा अघि बढेको वडा डिहीगाउँ सेवर, बैरेनी, दुम्सी, दुम्सीचौर घनाबस्ती हुँदै गएका छन् । पश्चिम तर्फको मादीनदीबाट पानी तानी सिंचाइ भएको छ । मादीनदीको किनारको क्षेत्र धान खेतीका साथै आलु, खेतीका लागि योग्य छ । त्यसै गरी कलेस्ती खोलाको पानीले पोखेलफाँटमा सिंचाई भएको छ । बिभिन्न जातजाति र जनजातिको बसोबास भएको यो ओडा उत्तरमा राम्चे, पोखेलफाँट, देवीडाँडा, दुम्सिकोट, नयाँबस्ती, खहरे, बि.पि भञ्ज्याङ्ग हुँदै पृथ्वीराजमार्गको नजिक बैरेनी सम्म रहेको छ । सहरी अर्धसहरी र ग्रामीण क्षेत्र गरी बिभाजित यो वडामा विकासका पर्याप्त सम्भावना रहेका छन् । पर्यटकीय तथा अनुसन्धानका दृष्टिले पनि यो वडा अध्ययन र अवलोकनका लागि उपयुक्त देखिन्छ । यो क्षेत्रले सरकारी स्तरबाट विकास पर्खेर देखिन्छ ।

### ४.१.४ दरै जातिको सामाजिक अवस्था

मानिस सामाजिक प्राणी हो । समाजमा जन्मन्छ, हुर्कन्छ समाजमा नै आफ्नो जीविकोपार्जनका लागि विभिन्न क्रियाकलाप गर्दछ र समाजमा मर्दछ । मानिस समाज बिना बाँच्न सकदैनन् । व्यक्ति र समाज बीचको सम्बन्ध नङ र मासुको जस्तो हुन्छ । त्यसैगरी मानिस बिनाको समाज पनि अर्थहीन हुन्छ । त्यस्तै समाजबाट अलग भएर मानिसले आफ्ना शारीरिक जैबिक, आर्थिक र सामाजिक क्रियाकलाप गर्न सक्दैन । तसर्थ समाजमा भएका विभिन्न जातजाति भाषाभाषी, सामाजिक आर्थिक संस्कार भएका सम्प्रदाय बीच सामाजिक सम्वन्ध स्थापित गर्न आवश्यक हुन्छ ।

### व्यास नगरपालिका - १० का दरै जातिको सामाजिक अवश्था

हरेक समाजमा आफ्नै प्रकारको सामाजिक संरचना रहेको हुन्छ । कुनै पनि ठाउँको सामाजिक संरचना र त्यसको स्थितिबाट उनीहरूको जीवनस्तर, सामाजिक सोच, आर्थिक पक्ष आदि बारे जानकारी लिन सकिन्छ । यस वडाको दरै जातिको सामाजिक अवश्थालाई विभिन्न आधारमा वर्गीकरण गरी वर्णन गरिएको छ ।

## जनसांङ्ख्यिक स्थिति

नेपालमा रहेका ५९ जातजाति मध्ये दरै जाति पनि एक हो । व्यास नगरपालिकाको कुल जनसंख्या ७१८०९ मध्ये पुरुष ३६४८९ र महिला ३५३२० छन् । २०७५ सालको सर्वेक्षणमा यस नगरपालिका भित्र दरै जातिको जनसंख्या ३८५२ छ । त्यसमध्ये व्यास नगरपालिका वडा नं १० मा जम्मा १४२५ जना दरैहरूको जनसंख्या रहेको छ । जसमध्ये पुरुष ६९२ जना र महिला ७३३ जना रहेका छन् । (न.पा. सर्वेक्षण २०७५)

**तालिका ४.३ : उमेरको आधारमा उत्तरदाताको जनसाङ्ख्यिकीय विवरण**

| उमेर समुह (वर्ष) | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-५ | ८ | ४.२६ | ११ | ५.६७ | १९ | ४.९७ |
| ६-१५ | २८ | १४.९ | ३७ | १९.०७ | ६५ | १७.०२ |
| १६-४५ | १११ | ५८.०३ | ९१ | ४६.९१ | २०२ | ५२.८८ |
| ४६-५९ | २६ | १३.८३ | ३६ | १८.५५ | ६२ | १६.२३ |
| ६०वर्ष भन्दा माथि | १५ | ७.९८ | १९ | ९.८ | ३४ | ८.९ |
| जम्मा | १८८ | १०० | १९४ | १०० | ३८२ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिका अनुसार व्यास नगरपालिका वडा नं १० मा बसोवास गर्ने दरै जातिहरू मध्ये ७५ घरधुरीको सर्वेक्षण गर्दा कूल जनसंख्या ३८२ जना रहेको छ । जसमा पुरुषहरू १८८ जना र महिलाहरू १९४ जना रहेका छन् । अध्ययन क्षेत्रको उमेर अनुसार जनसंख्याको बनोट हेर्दा ५ वर्ष सम्मको पुरुष संख्या ८२ महिला संख्या ११ रहेको छ । त्यसैगरी ६-१५ उमेर समुहमा पुरुष २८ जना र महिला ३६ जना रहेका छन् । (४६-५९) वर्षको उमेर समुहमा पुरुषको संख्या भन्दा १० जनाले बढी महिलाको संख्या रहेको छ । त्यसैगरी ६० वर्ष भन्दा माथिको उमेरका पुरुषहरू १५ जना र महिला १९ जना रहेका छन् । जनसाङ्ख्यिक दृष्टिले हेर्दा पुरुषको भन्दा महिलाको जनसंख्या केही बढी देखिएको छ ।

## परिवारको ढांचा र संगठन

परिवार मानव समाजको एक आधारभूत एकाई हो । साधारण अर्थमा भन्दा परिवार त्यो एकाई हो जहाँ एउटै छतमुनी वस्ने एउटै भान्छामा पकाएको खाना खाने रगतको नाता

भएका भावनाको नाता भएका मानवताको नाता भएका २ वा २ भन्दा बढी व्यक्तिहरूको सम्बन्धलाई  परिवार जनाउँछ । परिवार समाज निर्माणको आधार पनि हो ।

बढ्दै गएको आधुनिकीकरण ,औद्योगिकीकरण र पश्चिमीकरणले नेपालमा पनि प्रभाव पारेको छ । परम्परागत रूपमा संयुक्त परिवार ढाँचामा हुने बसाई कमजोर बन्दै एकल पारिवारिक ढाँचाको विकास बढी हुदै गएको छ । यो वडामा पनि दरै जातिको एकात्मक र संयुक्त पारिवरिक ढाँचालाई स्थलगत अध्ययनका आधारमा तल प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाताको पारिवारिक ढाँचा**

| परिवारिक विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ४८ | ६४ |
| संयुक्त परिवार | २७ | ३६ |
| जम्मा | ७५ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिकालाई विस्तृत रूपमा अध्ययन गर्दा संयुक्त परिवार भन्दा एकल परिवार बढी देखिन्छ । यसको मुख्य कारण आर्थिक,सामाजिक र शैक्षिक क्षेत्रमा भएको प्रगति र परिवर्तनलाई लिन सकिन्छ भन्ने मान्यता यहाँका दरै जातिको रहेको छ । विवाह गरी आमा बाबुबाट छुट्टिएर बस्ने संस्कार बढ्दै गएको छ । अध्ययन क्षेत्रका दरै जातिको सर्वेक्षण गर्दा ६४ प्रतिशत एकल परिवार र ३६ प्रतिशत मात्र संयुक्त परिवार रहेको देखिन्छ । त्यसैगरी संख्यात्मक रूपमा हेर्दा २ जना देखी ५ जना सम्म एकल परिवारमा सदस्य छन् भने संयुक्त पारिवारिक अवस्था अध्ययन गर्दा ५ जना देखि ११ जनासम्म सदस्य संख्या रहेका छन् ।

त्यसैगरी दरै जातिमा एकात्मक पारिवारिक संरचनाको वृद्धि हुदै जानुमा आधुनिकीकरण, सवल र चेतना स्तरमा आएको परिवर्तन, विहे हुने वित्तिकै अलग भएर बस्ने प्रचलन, घरमा नन्द, अमाजु, भाउजु, दिदी, बुहारी, देउरानी, जेठानी बिचको आन्तरिक झगडा तथा दाजु भाइमा कमाउने र नकमाउने बिच हुने प्रतिस्पर्धा तथा आन्तरिक विरोध कलह, छोराछोरी, बुहारी बिचको भेदभाव आदि स्थलगत अध्ययन र सर्वेक्षणका क्रममा पत्ता लगाइएका तथ्यहरू हुन् ।

चेतना स्तरमा भएको परिवर्तन, रोजगारीको अवसर, शैक्षिक जनसंख्या वृद्धि, पारिवारिक कामको बाँडफाँड आदि कारणहरूले पनि संयुक्त पारिवारिक ढाँचा घट्दै एकात्मक पारिवारिक संरचना वृद्धि हुदै गएको छ ।

## परिवारको आकार

अध्ययन क्षेत्रका दरै जातिको बारेमा स्थलगत अध्ययन आधारमा उत्तरदाताको परिवारको आकारलाई तल उल्लेख गरिएको छ ।

**तालिका ४.५ : उत्तरदाताको पारिवारिक विबरण (सदस्य संख्याको आधारमा)**

| परिवारको आकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| (१-४) जना | ३२ | ४२.६७ |
| (५-७) जना | ३४ | ४५.३३ |
| ८जनाभन्दा बढी | ९ | १२.०० |
| जम्मा | ७५ | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिकालाई अध्ययन गर्दा दरै जातिमा सानो परिवार सुखी परिवारको मान्यता प्रयोगात्मक तवरबाट पुरा हुदै गएको देखिएको छ । संयुक्त पारिवारिक ढाँचा र ठुलो परिवार आकारमा रहेका दरै जातिमा शिक्षा र चेतनाका कारण, वैदेशिक रोजगारी,सरकारी रोजगारी आदिका कारण पनि परिवारको आकार सानो हुदै गएको देखिन्छ । अध्ययन अनुसार १-४ जना सदस्य भएका परिवार संख्या ३२ वा ४२.६७ प्रतिशत रहेको छ भने ८ जना भन्दा बढी हुने परिवार प्रतिशत १२ रहेको छ । यसरी हेर्दा ठुलो आकारको परिवार घट्दो र सानो आकार भएको परिवार संख्या बढ्दो छ । यो स्थिति विकास हुनुमा महिला सशक्तीकरण र कुनै न कुनै पेशामा लाग्नु शिक्षित हुनु पनि एक हो । शिक्षित बनी पेशामा आएको परिवर्तनका कारण पनि परिवारको आकार सानो बन्दै गएको छ ।

## बसोबास र आधुनिक प्रविधिको प्रयोग

नेपालमा रहेका धेरै जनजाति मध्ये दरै जाति नदि खोलामा दुवाली थुनी वा जाल हानी माछा मार्ने अधिक मात्रमा भेडा, गाई पाल्ने, कुखुरा पाल्ने, गोरु ३-४ हल बनाएर पाल्ने, खेतिपाती गर्न, हिउँदको समयामा बारीमा गोठ छाप्रो बनाई गाई बस्तु बाँध्ने र जमिन

मलिलो पार्ने, आफू भन्दा उपल्लो जातका व्यक्तिहरूसँग ऋण लिने जोत्ने, खेतिपाती गोडमेल र थन्क्याउने जस्ता कार्य गर्ने बुढापाका दरैहरू बताउँछन् । अध्ययन क्षेत्रका व्यक्तिहरूसँग सोधपुछ गर्ने क्रममा पहिले दरैहरूका घर एकै प्रकारका थिए भन्ने पाइयो । त्यतिबेला दरैहरूका घर घुमाउने घर हुन्थे । त्यस्ता घरका छाना खरका हुन्थे । आजकल त्यस्ता घर देख्न जहाँकही पाइँदैन । यस्ता घरको बनावटमा परिवर्तन आएको छ । अध्ययन क्षेत्रमा दरै जातिको घरको बनावट र छाना सम्बन्धमा गरिएको सर्वेक्षणलाई तलको तालकिामा प्रस्तुत गरिएको छ ।

**तालिका .४.६ : उत्तरदाताको घरको बनावट र छानाको स्थिति**

| वनावटरछानाको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|
| ढुँगा,माटोर खरको छाना | १५ | २०.०० |
| ढुँगा,माटोरढुागाको छाना | ४ | ५.३३ |
| ईट सिमेन्ट र ढुँगाको छाना | १३ | १७.३३ |
| इँट सिमेन्ट र जस्ताको छाना | ५ | ६.६७ |
| ढुँगा,माटो र जस्ताको छाना | १८ | २४.०० |
| R.C.C. | २० | २६.६७ |
| जम्मा | ७५ | १०० |

*स्रोतःस्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिका अध्ययन गर्दा दरै जातिको परम्परागत घर घट्दै गएका छन् र आधुनिक घर निर्माणको बढ्दै गएको छ । बाँसको चिम्ले वारी खरको छानाले बन्ने घुमाउने घर हेर्न नपाए पनि ढुँगा माटो र खरको छाना प्रयोग गरी बनेका घुमाउने घर यस वडामा छन् । छानाको लागि प्रयोग गरिने खर पाउन छाडिनु,पेशामा संलग्न भएका कारण आय स्तर वृद्धि हुनु,जमिनको मूल्य बढ्दै घडेरीका रूपमा विकी गर्नु यी विविधकारणले पनि बसोबासको आधारशैलीमा परिवर्तन देखिएको छ । अध्ययन क्षेत्रका दरै जातिमा ढलान् गरेका पक्की घर २० ओटा, खरको छाना भएका घर ५ ओटा, जस्ताको छाना भएका घर अर्ध पक्की ५ ओटा र कच्ची १८ ओटा त्यसैगरि ढुँगाका छाना भएका १७ ओटा रहेका छन् । यसरी दरै जातिको घरको वनावटमा परिवर्तन हुनुलाई पेशा परिवर्तन पनि एउटा आधार भूत तत्व मान्न सकिन्छ ।

आधुनिक प्रविधि अन्तरगत संचार, यातायात विद्युत आदि पर्दछन । पृथ्वी राजमार्गको नजिकै पर्ने तथा जिल्ला सदरमुकाम संग जोडिएको व्यास नगर पालिकाको यो वडामा यातायातको सुविधा गाउँ-गाउँसम्म पुगेको छ । हरेक गाउँ र टोलमा कच्ची मोटर बाटो पुगेको छ । तालघरे दुम्सीचौर पोखेलफाँट मार्गले डिहीगाउँ सेवर, दुम्सीचौर हुदै पोखेलफाँट छिचोलेको छ । तालघरे देखि दुम्सीचौर सम्म पक्की कालोपत्रे सडक छ । प्रत्येक टोल टोलसम्म शाखा बाटो पुगेको छ । त्यसैगरी पराशर मार्गले बाघ भञ्याङ हुदै कलेस्ती सम्म समेटेको छ । विद्युत सुविधा घर घर पुगेको छ । प्रत्येक घरमा विजुली बत्ती बलेका छन् । त्यसैगरी हरेक घरका मानिससंग कम्तिमा एउटा मोवाइल फोन सुविधा छ । यसको अर्थ मोबाइल इन्टरनेट सुविधा पुगेको छ । त्यसैगरी सुचना र मनोरञ्जनका लागि गाँउ गाउँमा केबुल सुविधा छ भने इन्टरनेट (Wifi सुविधा) विस्तार हुदै गएको छ ।

## ४.२ शैक्षिक स्थिति

शिक्षा चेतनाको आधार हो । शिक्षित जनशक्तिबाट सामाजिक परिवर्तन र विकास सम्भव छ । शैक्षिक चेतनाले आर्थिक विकासमा समेत टेवा पुऱ्याउँछ । अध्ययन क्षेत्रका दरै जातिमा शिक्षाको अवश्था बारे अध्ययन गर्दा अघिल्लो पुस्तामा साक्षर भए पुग्ने मानसिकता भए पनि पछिल्लो पिढिले अरु जातजातिसँगको प्रतिष्पर्धालाई आत्मसाथ गरी अघि बढेको देखिन्छ । परम्परागत रूपमा देखिएका कतिपय बानी व्यवहार पनि शिक्षाका कारण परिवर्तन हुदै गएका छन् । अध्ययन क्षेत्रका दरै जातिको शैक्षिक अवश्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ : उत्तरदाताको शैक्षिक स्थिति (५ वर्ष भन्दा माथि)**

| लिङग | साक्षर | प्रतिशत | निरक्षर | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पुरुष | १७१ | ४७.१० | ५ | १.३८ | १७६ | ४८.४९ |
| महिला | १६४ | ४५.१७ | २३ | ६.३४ | १८७ | ५१.५१ |
| जम्मा | ३३५ | ९२.२८ | २८ | ७.७२ | ३६३ | १०० |

*स्रोत:स्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिकालाई अध्ययन गर्दा ५ वर्ष भन्दा माथिको उमेर सम्मका जम्मा ३६३ जना मध्ये १७१ जना वा ४७.१० प्रतिशत पुरुष साक्षर र १६४ जना वा ४५.३ प्रतिशत महिला

साक्षर छन् । त्यसै गरि ५ जना वा १.३८ प्रतिशत पुरुष र २३ जना वा ६.३५ प्रतिशत महिला निरक्षर रहेका छन् । ३६३ जना मध्ये ७.७२ प्रतिशत निरक्षर रहेको देखिन्छ ।

**तालिका ४.८ : उत्तरदाताले हासिल गरेका तहगत शैक्षिक अवश्था**

| तह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कूल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्रा.वि. | ६२ | ३६.९१ | ६५ | ३८.९२ | १२७ | ३७.९२ |
| नि.मा.वि. | ४४ | २६.१९ | ३८ | २२.७५ | ८२ | २४.४८ |
| कक्षा १० | १४ | ८.३३ | १३ | ७.७८ | २७ | ८.०५ |
| S.L.C | २५ | १४.८८ | २० | ११.९८ | ४५ | १३.४४ |
| कक्षा १२ | १९ | ११.३१ | २४ | १४.३८ | ४३ | १२.८३ |
| कक्ष १२ भन्दा माथि | ४ | २.३८ | ७ | ४.१९ | ११ | ३.२८ |
| जम्मा | १६८ | १०० | १६७ | १०० | ३३५ | १०० |

*स्रोतःस्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिकालाई अध्ययन गर्दा साक्षर वा ५ कक्षासम्म अध्ययन गर्नेको संख्या १२७ जना वा ३७.९२ प्रतिशत देखिन्छ भने एस.एल.सी.भन्दा कम र कक्षा ५ भन्दा बढी अध्ययन गर्नेको संख्या १०९ जना देखिन्छ । त्यसैगरि एस.एल.सी. र सो भन्दा बढी अध्ययन गर्नेको संख्या ९९ जना देखिन्छ ।दरै समुदायमा उच्च शिक्षा र सो भन्दा बढी योग्यता हासिल गर्नेको संख्यामा वृद्धि हुदै गएको देखिन्छ । अध्ययन अनुसार महिलाहरूको साक्षरता दर बढ्दै गएको  छ । जस्ले गर्दा दरै जातिमा सक्षमता, सवलीकरण, स्तर वृद्धिका साथै आर्थिक समृद्धि र पेशा परिवर्तनको अवश्था देखिएको छ । पेशा परिवर्तनले उनीहरूको आयस्रोत वृद्धि हुनुका साथै जीवनशैलीमा समेत सकारात्मक प्रभाव परेको देखिन्छ ।

## ४.३ वातावरणीय स्थिति

कुनै पनि ठाउँको वातावरणीय स्थितिले त्यस ठाउँका मानिसहरूको चेतना, आर्थिक स्थितिका साथै स्वास्थय सम्बन्धी विविध प्रकारका जानकारी प्राप्त गर्न सकिन्छ । अध्ययन क्षेत्रका दरै जातिको वातावरणीय स्थिति सम्बन्धी जानकारी हाँसिल गर्नका लागि शौचालय, पिउने पानी फोहोर मैला ब्यवस्थापन र खाना पकाउने इन्धन सम्बन्धी जानकारी हाँसिल गर्न विविध प्रश्नावली समावेश गरी अध्ययन गरिएको छ । स्थलगत अध्ययन अनुसार सबै घरमा शैचालय निर्माण गरेको पाइन्छ । पिउने पानीको बारेमा धारा कुवाको पानी पिउने

गरेको पाइयो । खाना पकाउने इन्धनको रूपमा ३५% ले सिलिण्डर ग्यास र ६५% ले इन्धनका लागि दाउरा र वायोग्यास नै प्रयोग गरेको पाइयो । त्यसैगरी फोहोर मैला व्यवश्थापन गर्न खाडल खनी खाडलमा फोहोर जम्मा गर्ने र मल बनाउने जलाउने गरेको पाइयो । यसरी दरै जातिमा आएको शैक्षिक र पेशागत परिवर्तनको स्थितिले वातावरणमा समेत सकारात्मक प्रभाव पारेको देखिन्छ ।

## ४.४ दरै जातिको अन्य जातिसंगको सम्बन्ध

व्यास नगरपालिका वडा नं. १० मा बाहुन, क्षेत्री, दरै, मगर, गुरुङ, दमै कामी, सार्की, बोटे, घर्ती आदि जातिका मानिसहरू बसोबास गर्दछन् । आफु भन्दा माथिल्लो जात मान्ने बाहुन क्षेत्रीका घरमा सर सहयोगको रूपमा काम गर्न बस्ने दरै जातिका मानिसहरू आजकल आफ्नै कामधन्दामा व्यस्त हुने गर्दछन । विभिन्न चाडपर्वहरूमा बाहुन क्षेत्रीको घरमा जाने उनिहरूले तयार पारेका परिकार खाने र सहयोग गर्ने संस्कार अझै पनि दरैहरूमा देखिन्छ । आर्थिक अवश्था कमजोर भएकाहरूले आपसमा सरसहयोग आदानप्रदान गर्ने गर्दछन् । त्यस्तै वाहुन क्षेत्री समुदायलाई पनि कुनै काम सरसहयोग आवश्यक परेमा उनिहरूलाई नै बोलाउने गर्दछन् । त्यस्तै बोलिचाली, भाषा, धर्म संस्कार र संस्कृतिमा पूर्ण रूपमा यिनै विभिन्न आधारले पनि हिन्दु धर्म र संस्कारबाट प्रभावित भएको पुष्टी हुन्छ । त्यसैगरी दरै जातिमा अन्य जातिका मानिसहरूसंग पनि उत्तिकै सरसहयोग र सद्भाव रहेको देखिन्छ ।

## ४.५ दरै जातिमा महिलाहरूको स्थिति

हाम्रो समाज पितृसत्तात्मक समाज भएकोले हरेक समाजमा पुरुषको प्रमुख स्थान रहेको पाइन्छ । पुरुष घरको मुली मानिने, घरवाहिरका काम व्यवहारमा प्रथम स्थानमा रहने भएता पनि घरभित्रका काम र घरायसी कामकाजमा महिलाको भूमिका प्रमूख हुन्छ । राष्ट्रिय जनगणना २०६८ लाई आधार मान्ने हो पनि झण्डै ५१ प्रतिशत हिस्सा ओगटेका महिलाहरू घर व्यवहार चलाउने र खेतीपाती गर्ने कार्यमा सकीय रहेको अध्ययन क्षेत्रको सर्वेक्षणबाट पनि पुष्टि हुन्छ । तर परम्परागत रूपमा गरिने खेतीपाती गर्ने प्रकियाम सुधार भएको देखिन्छ ।

महिलाहरू विस्तारै होटल व्यवसाय चलाउने, व्यटीपार्लर चलाउने, निजि तथा गैर सरकारी संघसंस्थामा काम गर्ने, वैदेशिक रोजगारमा जाने जस्ता आर्थिक कियाकलापमा सकीय हुदै

गएका छन् । शैक्षिक स्थितिलाई हेर्दा पुरुषको तुलनामा धेरै महिलाले उच्च शिक्षा हासिल गरेको अध्ययन सर्वेक्षणले देखाएको छ ।

आय आर्जनको आधारलाई लिने हो भने दैनिक ज्यालादारी काममा पुरुषले पाउने ज्याला र महिलाले पाउने ज्यालामा विभेद छ । अध्ययन क्षेत्रमा ज्यालादीबारे जानकारी लिदा कुनै एउटा काम पुरुषले गर्दा रु ८०० ज्याला पाउँछ भने सोही काम महिलालाई लगाँउदा रु ६०० दिइन्छ । यसरी पुरुष र महिलालाई समान ज्याला नदिई लैङिगक विभेद गरेको देखिन्छ ।

## ४.६ दरै जातिको सांस्कृतिक अवस्था

कुनै पनि मानव समाजको सामाजिक पहिचान संस्कृतिले गराउँछ । संस्कृति शब्द संस्कार शब्दसंग नजिक छ , जसको अर्थ शुद्ध वा सफा गर्नु र आन्तरिक रूपलाई देखाउनु हो । समाज र समुदायमा त्यहाँको संस्कृतिको महत्वपूर्ण भूमिका रहन्छ । जुनसुकै समाजमा हरेक जातिका जातिय उत्थान गर्न त्यहाँको संस्कारलाई निरन्तरता दिन उचित प्रकारको वातावरणले संस्कृतिको विकास गरेको हुन्छ । संस्कृति हरेक समाजको सम्पूर्ण जीवन पद्धति हो पहिचान हो । नेपालमा रहेका हरेक जानजातिका आ-आफ्नै संस्कार र संस्कृति विद्यमान छन् । धार्मिक सहिष्णुता कायम छ । यो साझा फूलवारीमा फूलेका रङगी विरङगीफूल आफ्नै प्रकारले फूलेका छन् । एक जातिले अर्को जातिलाई सम्मान गर्ने संस्कार नेपालीमा छ ।

दरै जातिको पनि आफ्नै संस्कार र संस्कृति छन् । यो जातिका मानिसहरू प्रकृति पूजामा, देवी देवता, नाग देवता, चण्डी, भँयर, वायु, कूलदेवता आदिमा विश्वास गर्दछन् । आफ्नै भाषा, रहनसहन, रितिरिवाज, मूल्यमान्यता अध्यावधिक छन् । आफ्नो जाति र कुटुम्बको घरमा दुःख पर्दा सुख कार्य हुदा सरिक  हुने र जाँड रक्सी खाने सुख दुःख साटने एक प्रकारको दरै संस्कार नै हो भन्दा फरक पर्दैन ।

## ४.७ अध्ययन क्षेत्रका दरैहरूको सांस्कृतिक अवस्था

दरै जातिका मानिसहरू हेर्दा मंगोलियन जस्ता देखिन्छन् । सामान्यतया छालाको रङ कालो वर्णका भएका दरैहरू तराइमा बसोबास गर्ने थारु जस्ता देखिन्छन्  । औसत उचाई कम

भएका, दारी जुंगा कम आउने अपेक्षित रूपमा होचो कद र थेप्चो नाक भएको जस्ता विशेषताले गर्दा दरैहरू मंगोलियन जातिसंग उस्तै छन् जस्तो लाग्छ । अध्ययन क्षेत्रका दरैहरू हिन्दु हुन् तर केही संख्यामा क्रिश्चियन बनेको देखिन्छ । उनीहरूको अन्य जातिको जस्तै आफ्नै संस्कृति छ । सामाजिक मूल्यमान्यता, चाडपर्व रितिरिवाज, आफ्नै भेषभुषा भाषा छन् । विभिन्न देवी देवता, धामी झांक्री, बोक्सी, भुतप्रेत माथि विश्वास राख्दछन् । प्रकृतिको संरक्षणका लागि पानी नाग, पाखे नाग भनी जल र सर्पको पूजा गर्दछन् । जन्म संस्कार मृत्यु संस्कारमा विभिन्न रुख, विरुवा, पात, दाउरा अनिवार्य मान्दछन् । रुखको फेदमा देबी, देबता, बाजेबज्जै सम्झेर पूजा गर्ने गर्दछन् । धेरै संस्कारहरूमा माछा गंगटा आदिलाई अनिवार्यताका साथ हेर्दछन् । यसरी हेर्दा दरै जातिको आफ्नै संस्कार संस्कृति रहेको छ ।

### ४.७.१ भाषा धर्म

भारोपेली भाषा परिवार अन्तर्गतका भाषाहरू मध्ये दरै भाषा पनि एक हो । दरै भाषामा विभिन्न कारणले गर्दा मिसावाट भएको पाईन्छ । दरै भाषामा नेपाली, भोजपुरी, मैथिली, हिन्दी आदि भाषाको प्रभाव परेको देखिन्छ । यसरी विभिन्न भाषाको प्रभावले गर्दा आफ्नै पहिचान भएको दरै भाषा संकटको अवस्थामा छ । वि.सं २०६८ को राष्ट्रिय जनगणनालाई हेर्दा सम्पूर्ण जनसंख्याको ०.०४ प्रतिशत व्यक्तिले मात्र दरै भाषा बोल्दछन् । लोप हुन लागेको दरै भाषालाई खोजबिन र संरक्षण एव उत्थान गर्नु आजको आवश्यकता पनि हो । जब लोप हुन लागेका जाति, भाषा र संस्कृतिको संरक्षण हुन्छ तब सबै भाषाभाषीहरू बिकासका समान अवसर उपयोग गर्न सक्षम हुन्छन् र राष्ट्र र राष्ट्रियता पनि बलियो हुन्छ । दरैहरू आफूलाई हिन्दु धर्माबलम्बीहरू भन्ने गर्दछन् तापनि सुर्यमणी अधिकारी (२०५१) ले भने जस्तै आफ्ना धर्मका दर्शन र विधिविधानका बारेमा प्राय दरैहरू अनविज्ञ छन् ।

नेपालका अन्य जातजातिहरू जस्तै दरैहरू अदृष्य शक्तिको विश्वास गरी प्रकृतिका विविध पक्षको पूजा उपासन गर्ने, आराधना गर्ने प्रथाका अनुयायी हुन् । त्यसका साथसाथै अन्य जातका हिन्दुहरूले अनुशरण गर्दै आएका मान्यता रीतिरिवाज तथा चाडपर्वहरू पनि मान्ने गर्दछन् । कतिपय संस्कारहरू हुबहू लिएका छन् भने कतिपय आफ्नै तरिकाले सम्पन्न गर्ने गरेका छन् । जसको कारण संस्कार, संस्कृति, भाषा, बिस्तारै परिर्वतन र परिमार्जन हुने

देखिएको छ । अध्ययन क्षेत्रका दरै जातिको भाषा प्रयोगको अवस्थालाई अध्ययनको क्रममा समेटेर बुझ्ने प्रयास गर्दा प्राप्त तथ्याङ्क तल उल्लेख गरिएको छ ।

**तालिका ४.९ : उत्तरदाताले प्रयोग गर्ने भाषा विवरण**

| भाषाको अवस्था | जनसंख्या | प्रतिशत |
|---|---|---|
| शुद्ध दरै भाषा बोल्ने | १८५ | ४८.४३ |
| दरै र अन्य भाषा बोल्ने | १३० | ३४.०३ |
| अन्य भाषा मात्र बोल्ने | ६७ | १७.५४ |
| **जम्मा** | **३८२** | **१००** |

*स्रोतःस्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिकालाई अध्ययन गर्दा दरै जातिका मानिसहरू मध्ये शुद्ध आफ्नो मातृभाषा बोल्नेको संख्या घटदै गएको छ । शुद्ध दरै भाषा ४८.४३ प्रतिशतले बोलेको देखिएको छ भने दरै भाषा नजान्ने र नबोल्नेको संख्या बढ्दो छ । दरै भाषा अलिअलि बुझ्ने र बोल्ने दरैहरू १३० जना वा ३४.०३ प्रतिशत रहेका छन भने दरै भाषा नवोल्नेको संख्या ६७ वा १७.५४ प्रतिशत रहेको छ । यसरी हेर्दा दरै भाषा विस्तारै कम प्रयोग हुदै संकटमा परेको छ भन्न सकिन्छ ।

## ४.७.२ रहन सहन

समाजमा रहेका मानिसहरूको आ-आफ्नै जीवन शैली हुन्छ । सामाजिक संस्कार, मूल्यमान्यता रितिरिवाज, धर्म परम्पराले मानिसलाई एक सुत्रमा बाँधेको हुन्छ । समाज र संस्कृति अनुसार सहनसहन, संस्कार, पारिवारिक जीवन पद्धति अनुसार रहन सहन, संस्कार, पारिवारिक जीवन पद्धति र खानपानमा विविधता पाईन्छ । आर्थिक स्थिति सांस्कृतिक वातावरण, भौगोलिक स्थिति र जातिगत मान्यताको आधारमा पनि यस्तो भिन्नता देखिन्छ । बढ्दो शहरीकरण र आधुनिकीकरणको प्रभाव, शिक्षामा आएको परिवर्तनले पनि यस क्षेत्रका दरै जातिको रहनसहन परिवर्तन भएको पाइन्छ । परम्परागत पेशामा आएको परिवर्तन र अन्य पेशा अवलम्वन गर्दै आय आर्जनको खोजी गर्न  शहर बस्ने, विदेश पस्ने परिपाटीको विकासले पनि रहनसहन परिवर्तन हुदै गएको कुरामा दुईमत छैन ।

## भेषभुषा

आधुनिकीकरण र पश्चिमाशैलीको नक्कल गर्ने, सिको गर्ने  परिपाटीले या विज्ञापनमा देखाए अनुसार नक्कल गर्ने बानीले आजकल कसैलाई भेटेको भरमा या उसले लगाएको पोशाकको भरमा यो जातिको मानिस भनी किटान गर्न वा छुट्याउन गाह्रो हुन्छ । अन्य जाति जस्तै दरै जातिका युवाहरूमा पनि नयाँ फेसनको प्रभाव परेको छ । युवाहरू आजकल बजारमा आएका टिसर्ट, कमिज, पाइन्ट लगाउने गर्दछन् भने युवतीहरू कुर्ता सलवार, पाईन्ट, टिसर्ट, ब्लाउज, लुङगी लगाउने गर्दछन् । त्यसैगरी रोजगारीमा लागेका, विद्यार्थीहरूको पनि जातिगत पहिरन भेषभूषातर्फ खास ध्यान गएको देखिदैन । तर घरमा नै बसेर खेतीपाती गर्ने, सिकर्मी, डकर्मी काम गर्ने परिपक्का उमेरमा पुरुष महिलाहरूमा भने अझै आफ्नो भेषभुषा तर्फ ध्यान पुगेको देखिन्छ । बुढापाका दरै पुरुषहरू सेतो मोटो कछाड र दौरा तथा महिलाहरू कालो गुन्यू, कालै रङको चोलो र सेतो घरवुना पछ्यौरालाई चलन चल्तीको पोशाक या पहिरन मान्दछन् । आजकल बुढाबुढी उमेरकालाई मात्र यस्तो पहिरनमा देख्न पाईन्छ ।

पहिले पहिले दरै जातिका लोग्ने मान्छेहरू कछाड जस्तो (जसलाई उनीहरू फाँड भन्दछन) बेर्ने कपडा लगाउँथे । फाँड लगाएर सेतो बर्को या पछ्यौरा ओढ्ने दरैहरू आजकाल विरलै भेटिन्छन ।खेतवारीमा जोत्दा, खोला नदीमा माछा मार्दा लगौटी मात्र लगाएर काम गर्ने दरैहरू आजकल त्यसो गर्दैनन् आजकल उनीहरूको त्यो पहिरनमा समय सापेक्ष परिवर्तन भएको देखिन्छ । आफ्नो परम्परागत पहिरनको संरक्षणका लागि अन्य जातजाति जस्तै दरै जातिले पनि जातिय कार्यक्रम गर्दा पोशाक लगाउने गर्दछन् । यो संख्या न्यून छ । अध्ययन क्षेत्रमा यस्तो पोशाक बारे जानकारी लिदा पुरुषहरू कालो इष्टकोट, सेतो दौरा, सेतो कछाड र कालो टोपी लगाउछन भने महिलाहरू कालो लुङगी रातो मखमली चोलो या कालो चोलोलाई पोशाकको रूपमा लगाउने गर्दछन् ।

## खानपिन

खोला नदिको किनार, फाँट र खोच परेका ढाउँमा बस्न रुचाउने दरै जातिको भौगोलिक विविधता र सांस्कृतिक अनेकताले खानपिन र जीवन शैलीमा पनि प्रभाव पारेको देखिन्छ । दरैहरूको खानाको मूख्य परिकार दाल, भात, तरकारी नै हुन । उनीहरू आफ्नो खानासंग

प्राय माछा छुटाउँदैनन् । यो उनीहरूको विशेषताभित्र पर्ने दरैहरूको जानकारले अध्ययनको क्रममा बताएका छन् । यस क्षेत्रको मूख्य उत्पादित अन्न मकै, धान, गहूँ हुन् । धानले वर्ष दिन खान पुग्दैन अधिकांश दरैहरूको घरमा उनीहरूले मकैको भात र ढिडो बनाएर खाने गर्दछन् । त्यस्तै मकै जाँडको लागि धेरै प्रयोग गर्दछन् । पहिले पहिलेका दरैहरू कन्दमूल, गिठा, भ्याकूर बटुलेर खाने गरेको बुढापाका तथा जानकार व्यक्तिहरू बताउँछन् । विकास संगसंगै यातायातको सुविधा, पहुच बढेको र शहरीकरणका कारण बजारमा उपभोग्य सामानहरू जुनसुकै समयमा पनि किन्न सकिने भएकोले आफ्नो उत्पादनले खान नपुग्नेहरूले ज्याला मजदुरी गरेर भएपनि अन्नपात किनेर ल्याउँछन । मकैलाई कुहाएर मकैबाट बनाएको जाँड दरै जातिलाई अत्यन्त मनपर्ने पेय पदार्थ हो । दरै जातिका पुरुष महिला सबैले खेतवारीमा काम गर्दा जाँडलाई खाजासंग खान छुट छ । उनीहरूमा संगै परिवारका सदस्य बसी जाँड खान दिने गर्दछन् । जाँड रक्सीले नशा दिने तर मतवाली जाति मानेर उनीहरू आफूलाई यो खाँदा सामान्य मान्दछन् । चाडपर्व, पूजाआजा, पाहुना सत्कारका साथै हरेक सुख दुःख उत्सवमा जाँड उनीहरूको एक अनिवार्य वस्तुको रूपमा प्रयोग गरेको पाइन्छ ।

त्यसैगरी प्राय दरै जातिको आफ्नो खानाको परिकार अन्तर्गत माछा पनि समावेश गरेका हुन्छन् । खोलामा नदिमा ढडिया, फुर्लुङ्ग थापेर माछा मार्ने सुकाउने र तरकारीमा माछा मिसाई खाने गर्दछन् । यदि माछा मार्न जाने अनुकुल नभएमा आजकल दरै जातिका मानिसहरू माछा किनेर ल्याउने र खाने गर्दछन । यसरी दरै जातिको विशेषता भित्र माछा र जाँड अनिवार्य जस्तो देखिन्छ ।

## आवास

दरै जातिका परम्परागत घरहरू नजिक नजिक गुचुमुच्च रहेका हुन्थे र घर बनाउँदा बासका चिम बारेर, खरको छानाले घुमाउने घर चारैतिर ढोका राखेर बनाएका हुन्थे । तर आजकल यस्ता घरहरू खासै देख्न नपाइने दरैहरूका बुढापाका व्यक्तिहरू बताउँछन् । घर बनाउँदा ढुंगा, माटो, काठ र बासको प्रयोग गर्दछन । घुमाउने घर बनाउँदा काठको खावा गाडेर चारैतिर धँयेरीको सिट्ठा या बाँसले बारेर त्यसमाथि माटोले लिपेर यस्ता घर बनेका हुन्छन् । आजकल यस्ता घर अध्ययन क्षेत्र भित्र २ वटा मात्र छन् । सामूहिक रूपमा

अध्ययन क्षेत्रका दरै जातिका मानिसहरू मिलि घुमाउने घर बनाउने र दरै म्युजिम बनाउने सोचमा भएको बताउँछन् ।

आजकल बनेका घरहरू प्राय ढुंगाका छाना, जस्ता (टिन) का छाना माटो, इर्ट, ढुंगा , सिमेन्ट जडान भएका र आर्थिक रूपमा सबलता हासिल गर्नेहरूले पक्की RCC घर बनाउने गरेका छन । अध्ययन क्षेत्रका घर धुरी मध्य २० ओटा घर RCC ढलान, ढुंगा माटो र टिन (जस्ता) ले बनेका घर १८ ढुंगा माटो र खरको छानाले बनेका घर १५ ओटा, ढुंगाका छाना भएका घर १७ ओटा रहेका छन ।

आम्दानीको स्तर वृद्धि हुनुका साथ साथै खरको सहज तरिकाले आपूर्ति हुन नसक्ने कारणले पनि परम्परागत घर निर्माणमा फरकपन आएको देखिन्छ साथै आधुनिकीकरण र शहरीकरणको प्रभावका कारण पनि आवास उपयोग शैलीमा परिवर्तन देखिएको छ । त्यसैगरी परम्परागत पेशा परिवर्तन गरी अन्य पेशा अपनाउने परिवारको आवास निर्माण र उपयोगमा समेत उल्लेखय वृद्धि भएको देखिन्छ ।

## सामाजिक संस्कार

सामाजिक संस्कार भन्नाले मानव समाजले आफ्नो शुद्धता, परिस्कृत तथा उन्नतिको लागि विशेष अवसरको रूपमा सम्पन्न गर्ने पर्व वा व्यवहारलाई लिन सकिन्छ । (खत्री २०५८) जसले व्यक्तिगत वा कुटुम्बगत रूपमा सम्पन्न गर्ने धार्मिक विश्वास, रिति र प्रचलनमा आधारित अवसर मानिन्छ । यस्तो अवसर धार्मिक मात्र नभै सामाजिक पनि हुन सक्छ । दरै जातिमा मनाइने महत्वपूर्ण संस्कार यस प्रकार रहेका छन् ।

**जन्म संस्कार** : दरै जातिको जन्म संस्कार सम्वन्धी विधि ब्राम्हण, क्षेत्रीहरू जस्तै हुन्छ । महिलाहरू गर्भवती हुँदा पहिले सरह नै काम गर्दछन । आजकलका महिलाहरू गर्भवती हुँदा स्वास्थ्य केन्द्रमा गै स्वास्थ्य एवं गर्भवती जाँच गराउने प्रचलन बढेको छ दरै जातिमा बच्चा जन्मे देखि न्वारान नगरुन्जेल सम्म आमा अपवित्र मानिन्छन् । कसैले पनि आमालाई छुनु हुदैन । उनका खाने भाँडा, सुत्ने ओछ्यान अलग्गै राखिन्छ । केवल सुत्केरीलाई तेल लगाउने काम परिवारका नन्द, देउरानी जेठानी या गाउँघरका महिलाले मात्र छुने गर्दछन् । सुत्केरीलाई खाना खानका लागि एउटा थाल, कचौरा र गिलास या पानी खाने भाँडो दिइन्छ । सुत्केरी अवश्थामा महिलाले पानीको इनार या धारा छुनु हुदैन । नवजात शिशु

अशुद्ध मानिदैन । जो कोहीले शिशुलाई हेर्न, छुन, तेल लगाउन सक्छन । तर शिशुलाई कपडा लगाईएको छ भने अशुद्ध मानिन्छ । किनकी कपडा आमासँग छोइएको मानिन्छ । बच्चा जन्मन धेरै समय लागेमा या गर्भवती महिलाले गाह्रो भएको महशुश गरेमा गाउँका गुराउ या पुजारी कहाँ पानी फूकेर (मन्तरेर) ल्याई गर्भवती महिलालाई खुवाइन्छ । त्यसैगरी बच्चा जन्मन गाह्रो भएमा बोक्सी, पिचास, भुतप्रेतले हो भन्ने विश्वास र मान्यतामा आजकल परिवर्तन भै नजिकको स्वास्थ्य संस्था वा अस्पताल गै बच्चा जन्माउने प्रचलन बढेको छ ।

**छैटी** : नवजात शिशु जन्मेको छैटौं रातमा भावीले उसको भाग्य लेख्न आउँछन भन्ने विश्वास उच्च जातका हिन्दुमा जस्तै दरैहरूमा पनि देखिन्छ । त्यसैले उक्त रात बत्ती बालेर घर उज्यालो राख्ने चलन छ । इष्टमित्र, नातेदार, छरछिमेकहरूलाई बोलाई रातमा ईश्वरको भजन किर्तन पनि गरिन्छ । यद्यपी छैटी रातमा भावीले नवजात शिशुको भाग्य निर्धारण गर्न आउँछन् भन्ने विश्वास प्रति कोही विज्ञता प्राप्त गरेका छैनन् तथापी सबैले यसलाई उत्सवको रूपमा मनाउने गरेका भने पाइदैन । बाहुन क्षेत्री समाजमा पनि छैटीलाई ऐच्छिक रूपमा ग्रहण गरेका पाइन्छ ।

**न्वारनः** हिन्दु धर्म मान्ने अन्य जाति या समुदायले जस्तै दरै समुदायले पनि शिशु जन्मेको ११ औ दिनमा न्वारन गर्दछन् । यदि नवजात शिशु छोरी भएमा ९ दिनमा न्वारन गर्न सकिन्छ । कहिलेकाही विशेष परिस्थिति वा अवश्था आइपरेमा,आमा वा शिशु बिरामी परेमा ३,५,७,९ जस्ता विजोर दिनमा न्वारन गरिन्छ ।

९ औ दिनमा सुत्केरीले लगाएका,ओढेका कपडा र ओछ्यानमा ओछ्याएका लुगा कपडाहरू सबै धुने चलन छ । एघारौ दिनमा ज्वाई, भाञ्जा कुटुम्बलाई आमन्त्रण गरी उक्त दिन आमा लगायत नवजात शिशुलाई स्नान गराई बाहुन र ज्वाई अथवा भाञ्जाले पहेलो बेसार दलेको धागो नवजात शिशुलाई स्नान गराई बाहुन र ज्वाई अथवा भाञ्जीले पहेलो बेसार दलेको धागो नवजात शिशुको दुवै हात र दुवै गोडामा बाधीदिन्छन् । सुत्केरी आमाको नाडीमा पनि बाधिदिन्छन् । त्यसैगरी गाईको गहुँत तयार गरी उक्त गहुँत सुत्केरी महिला सुतेको ठाउँ, उनको शरीर, लुगा र घरको भित्र बाहिर सवैतिर छर्कने गर्दछन् । त्यपछि सुत्केरी महिला शुद्ध भएको मानिन्छ ।

**अन्नप्राशन :** बच्चा जन्मेको ५-६ महिनापछि बालबालिकालाई आमाको दुधको अतिरिक्त अन्य खाद्य पदार्थको आवश्यकता पर्दछ । दरै जातिमा पनि बच्चा जन्मेको भए ५-६ महिनामा र छोरी जन्मेको छन् भने ५ महिनामा अन्न प्राशन गराइन्छ । यो संस्कार गर्दा उज्जवल भविष्यको कामना गर्दै पुजाआजा गरिन्छ । आफन्तलाई बोलाइन्छ र नयाँ परिकार तयार गरी बालकलाई मुखमा जुठो लगाउने गरिन्छ । त्यसरी तयार पार्ने परिकारमा दाल, भात, तरकारी, दुध, दहि, मासु मिसाएर खुवाइन्छ । शिशुको मुखमा जुठो लगाउने क्रममा तित्राको चुच्चो या ठुढले खुवाएमा बाठो एवं स्पष्ट बोल्ने हुन्छ भन्ने मान्यता राख्दछन् ।

**छेवरः** दरै जातिका विविध संस्कार मध्ये छेवर पनि एक हो । समाजशास्त्रीहरूले यस संस्कारलाई सामाजिक विकासको र बालकको सामाजिकीकरण प्रकृयाको महत्वपूर्ण अवसर मान्दछन् । यस्ता वृद्धि संस्कारलाई अर्थात् एक अवश्था पार गरेर अर्कोमा प्रवेश गर्ने संस्कार पनि मान्दछन् ।

यस संस्कारलाई लिङग भेदको ज्ञान पाउने र पुरुष समाजको  सदस्याता प्राप्त गराउने संस्कार हो (खत्री,२०५१) । दरै जातिको छेवर संस्कार गर्दा छेवर गर्ने दिनमा बालकलाई विहानै नुहाइ सफा सुग्घर गरी कपाल  काट्न तयार गरेर राखिन्छ । बालकलाई गाईको गोठमा लगी गाईको दाम्लोले घाँटीमा बाँधिन्छ । उक्त दिनमा नै सालको पात टिपेर गाँसेको सालको टपरी थापेर बालकको कपाल मामाले काटीदिन्छ । त्यसैगरी मामाले  रातो या सेतो अक्षताको टिका भाञ्जालाई लगाई दिएर पैसा दिने गर्दछन् ।

मामालाई त्यसदिन घर तर्फबाट विशेष आदर साथ कुखुरा काटेर, जाँड, भात, माछाका परिकार खुवाइन्छ । चेलीबेटी, माइती, मावली, इष्टमित्र, छरछिमेक, गाउँले समेत बोलाई भोज लगाउने रमाउने गर्दछन् ।

**विवाह :** विवाह एक स्थायी सामाजिक संस्था हो । जसको माध्यमबाट परिवार र नाता सम्बन्धको विस्तार हुन्छ । हिन्दु धर्म दर्शनले विवाहलाई एक सामाजिक संस्कारको रूपमा लिएको छ । विवाहद्वारा केटाकेटीहरू नयाँ जीवनमा प्रवेश सँगसँगै सामाजिक एवं कानुनी रूपमा उनीहरू बीच यौन सम्बन्ध राख्न मान्यता दिइएको हुन्छ । विवाह आ-आफ्नो जाति अनुसार फरक फरक तरिकाले हुन्छ । विवाह गरेर सवल सन्तान बृद्धिद्वारा आर्थिक उन्नति प्राप्त हुने सामाजिक रूपमा सवल र सुरक्षित हुने र आफ्ना वंशलाई निरन्तरता दिने कुरामा दरै जाति पनि अन्य जाति या ब्राम्हण, क्षत्रीले जस्तै मान्यता राख्दछन् ।

दरै जातिमा विवाह मागी या घर परिवार अभिभावकको सल्लाह अनुसार गर्ने चलन पनि छ भने आपसमा मन मिली भागी विवाह गर्ने पनि प्रशस्त छन् । भागी विवाह गरेमा पछि माइती पक्ष र घर पक्ष मिली टिका दिने चलन हुन्छ । यस मान्यता अनुसार घर पक्षकाले माइतीमा जाँड, रक्सी, सुंगुर, कुखुराको भाले कोसेली पुऱ्याउने र टिका दिने दिन पक्का गर्ने गर्दछन् । त्यसपछि सोही दिन घर पक्ष र माइती पक्ष मिलेर रमाइलो गर्ने भोज गर्ने गर्दछन् ।

**मृत्यु संस्कारः** जन्म पछि मृत्यु हरेक प्राणीमा हुने स्वभाविक प्रकृया हो । मानिस जन्मेपछि हुने विभिन्न संस्कार जस्तै मृत्युमा पनि हरेक धर्म,जाति विशेष अनुसार आ-आफ्नै संस्कार हुने गर्दछन् । हिन्दु धर्मबाट प्रभावित दरै समुदायमा पूर्वजन्म र पुर्नजन्मको विश्वास रहेको पनि पाइन्छ । पूर्नजन्म र शाहितलोकमा तर्ने विश्वासले पनि मृत्यु संस्कार गरी मृत आत्माको चीरशान्ति र शान्ति लोक वा स्वर्गमा बासको कामना गरिन्छ । मृत्यु संस्कार राम्ररी नभए मृत आत्माले दुःख दिने भूतप्रेत, पिचास, मोरिडाइना जस्ता अदृष्य शक्ति हुने विश्वास राख्दछन । दरै जातिमा हिन्दु धर्म संस्कारको प्रभाव अधिक भएता पनि मृत्यु संस्कारमा केही हिन्दु संस्कारको अनुशरण गरेको र केही आफ्नै मूल्यमान्यतामा आधारित हुन्छ ।

मृत्यु घर भित्र भएमा अनिष्ठ हुने र लास छुन नहुने दरैहरूको विश्वास छ । त्यसैले विरामीलाई धेरै गाह्रो भएको थाहा भएमा घरको बाहिरी भागमा पिढि वा बाहिरी कोठामा सुताइन्छ । ५०-६० बर्ष पहिले त यदि कसैको मृत्यु घर भित्र भयो भने त्यो घर नै छाड्ने कुरा बताउँछन् बुढापाकाहरू । दरै जातिमा कसैको मृत्यु भएको खबर पाउनसाथ उनीहरू मृतकको घरमा जम्मा हुन्छन् र कुटुम्बलाई तुरुन्त खबर गरिन्छ ।

दरै जातिको किरिया बस्ने पितृ राख्ने र जुठो फुकाउने बरखी बार्ने र बरखी फुकाउने तरिका भन्दा अनौठो प्रकारको छ । दरैहरू मरेका मानिसको सम्झना गर्दै बाँसुरी बजाउने र नाच्ने गर्दछन् । यसका लागी कुन-कुन बार के-के गर्ने भन्ने निश्चित मान्यता भएको विश्वास राख्दछन् । अर्को अनौठो कुरा दरै जातिमा तिहारे औसीको विशेष महत्व रहेको छ । यदि कसैको मृत्यु तिहारे औसीमा भएमा त्यसलाई एक बर्ष मानि चोख्याउने चलन छ । औसीको भोली पल्ट वा बीचमा कुनै दिन मृत्यु भएमा हरेक औसी र पूर्णिमामा मृत आत्मलाई पिण्ड चढाई अर्को वर्षको तिहारे औसीमा  बराखी फुकाउने र पूर्ण रूपमा

चोखाउने गर्दछन् । मृत्यु संस्कार गर्दा किरिया १३ दिन गर्ने केराको पातमा पिण्ड दिने,जाल भित्र किरिया पुत्री बस्ने,दरै जाति भन्दा अरु जतिसँग किरिया पुत्री नबोल्ने, कुटुम्वले १३ औ दिनमा गहुँत पानी दिएर चोख्याउने र बारीको कुनै ठाउँमा पितृ राख्ने गर्दछन् । त्यसैगरी चोरिएको दिन गाउँले इष्टमित्र, घरपट्टिका, मावलीका सवैलाई बोलाई भोज गर्ने जाँड खुवाउने गर्दछन् । यसो गर्दा पितृ खुशी हुनु मान्यता राख्दछन् भने तिहार औंशीमा पिण्ड दिएपछि पितृको स्वर्गवास हुने विश्वास राख्दछन् । तिहारे औशीको दिन सोहोराई खेल्ने र रमाइलो गर्ने गर्दछन् ।

कतिपय दरैहरूमा अन्य धर्मको प्रभाव परि परिवर्तन गरेकाले दरै संस्कार र संस्कृतिमा संकट नआउला भन्न पनि सकिदैन ।

## ४.८ चाडपर्व

धर्मका हिसावले हर्दा दरैहरू प्राय हिन्दु धर्मावलम्वी भएकोले अरु हिन्दुहरूले मनाए जस्तै, दशै, तिहार, साउने सकान्ती, तीज, माघे सकान्ती, फागुपूर्णिमा जस्ता चाडपर्वहरू मनाउँछन् । दरै जातिको महत्वपूर्ण चाड भनेको तिहार हो । किनकी तिहारको औशीलाई उनीहरू विशेष रूपमा हेर्दछन् । वर्ष भरीको अशुद्ध र जुठो भएको अवश्थाबाट जुठो उम्कने या फुक्ने दिन तिहारे औसीको दिन हो । यो चाडलाई सोहोराई भनिन्छ । कुनै मानिस मरेको वर्ष तिहारे औशीको दिन सोहोराई खेलिन्छ । बाहुन क्षेत्रीले मान्छे मर्दा वर्ष दिनमा श्राद्ध गरे जस्तै दरैहरूको वर्ष भरीमा मान्छे मरेका घरमा तिहारे औशीमा र तिहारे औशीको एक वा दुई दिन अगाडी वा त्यही दिन मरे पनि औशीको दिन गहुत खाएर चोखिने र सोहोराई खेल्ने चलन छ ।

सोहोराई खेल्दा दरै जातिका आफन्त, भान्जा भाञ्जी,छिमेकी सवै भएर खेल्दछन् । सोहोराई गर्दा सबै जना खोलामा गै बालुवाको र कुशको मूर्ति बनाउँछन र बालुवाको मूर्ति माथि कुशको मूर्ति राख्दछन् । जाँड, झाद्रो, रोटी र पाप्रो(केराको पातमा पकाएको रोटी) त्यस मूर्तिमा राख्दछन् । टिन, बाँसुरी, डम्फू बजाउँदै, गित गाउँदै पिर्ले खरको घर बनाएर मृतकको घरबाट ल्याएको सामाग्रीलाई नदिमा सेलाउने गर्दछन । यसरी नदिमा सेलाए पछि पुन नाचगान रमाइलो गर्दै पुन मृतकको घर फर्कन्छन र जाँड खाजा खाने गर्दछन । त्यसपछि बराखी फूकेको मान्दछन् । दरै जातिका मानिसहरू वैशाख पूर्णिमा पछिको

दशमीलाई नयाँ सालको रूपमा मानी पर्व मनाउँछन् । त्यो दिन उनीहरू आफ्नो घरमा गिदरीको काठको घर्षणबाट नयाँ आगो पार्ने गर्दछन् । त्यो चाडलाई दशहरा भन्ने चलन छ । आफ्ना देवी देवता कूल सबैलाई सम्झेर धुप दिने र अन्त्यमा भोज गरी यो चाड मनाउँछन् ।

साउने सक्रान्ती र माघे सक्रान्ती पनि दरै जातिका महत्वपूर्ण पर्वमा पर्दछन् । साउने सक्रान्तिलाई सुखको पर्व र माघे सक्रान्तिलाई दुःखको पर्वको रूपमा मनाउँछन् । साउने सक्रान्तीका दिन तिउरे फूलको डाँठ कुटेर मसिनो पारी लगाउनाले सर्पको डर नहुने विश्वास राख्दछन् । दरै जातिमा वैशाखे पूर्णिमा (चण्डी पूर्णिमा) कुसे औंशी, नाग पञ्चमी, जनै पूर्णिमा, कृष्ण अष्टमी, मंसिरे पूर्णिमा, चैते दशै, चण्डी पूजा, भँयर पूजा, देवी पूजा, बाजेबज्यै पूजा, मरिडाइना पूजा, वायु पूजा, जल पूजा लगायत थुप्रै प्रकृति र अदृष्य शक्ति पूजा आराधाना गरी चाडपर्वको रूपमा मनाउने गर्दछन् ।

# cWofo kf“r

# दरै जातिको आर्थिक र पेसागत अवस्था

## ५.१ आर्थिक अवस्था

आदिम कालका उत्पादनका सम्पूर्ण स्रोत र साधानहरू समाज र समूहको सामुहिक सम्पत्ति मानिन्थ्यो । विस्तारै समयको परिवर्तनसँगै कृषि युगमा प्रवेश गर्दा सामुहिक खेतीपाती गर्ने प्रचलनको सुरुवात भयो । दास युगमा व्यक्तिगत सम्पत्ति जम्मा गर्ने र अरुलाई आफ्नो नियन्त्रणमा राख्ने प्रकृयाको शुरुवात भयो । विस्तारै मानिसका आधारभूत आवश्यकता खाना, आवास, लत्ताकपडका साथै अतिरिक्त आवश्यकताहरूको महशुश गर्दै समाज प्रति उत्तरदायी हुन थाले । मानिसका आफ्ना आवश्यकता पुरा गर्न एकै किसिमको काम र सीपले नसकेपछि श्रम विभाजन गरी काम गर्ने गराउने परिपाटीको विकास हुन थाल्यो । त्यही पद्धतिको विकास सँगै नेपालमा वर्णाश्रम व्यवश्थाको सुरुवात भै कामका आधारमा जातको विभाजन भएको हो भन्न सकिन्छ ।

### ५.१.१ अध्ययन क्षेत्रका दरै जातिको आर्थिक अवश्था

नेपालमा पहिचान भएका ५९ जनजाति मध्ये दरै जाति पनि एक हो । देशका विभिन्न भागमा स-साना समूह र झुण्डको रूपमा छरिएर रहेका अल्पसंख्यक सिमान्तकृत दरै जातिको समग्र आर्थिक अवश्था कमजोर देखिन्छ । परम्परादेखि खोला नदिमा ढडीया थापेर, दुवाली थुनेर, जाल हानेर माछा मार्ने, ज्याला मजदुरी गर्ने, उपल्लो जातको खेतवारीमा जोत्ने खेती थन्काउने काम गर्ने गााई गोरु पाल्ने, सामान्य जीवन शैली भएका र कृषिबाट गुजारा गरेका दरैहरूको जीवन शैलीमा पनि विस्तारै फरकपन आएको पाइन्छ । राज्यमा भएको शैक्षिक परिवर्तन र विकास प्रकृयाले दरै जातिको जीवन शैली र आर्थिक उपार्जनमा समेत सकारात्मक प्रभाव परेको देखिन्छ ।

अधिक दरै समूदायमा परम्परागत काम काजमा परिवर्तन आएको छ । जसले गर्दा उनिहरूको आर्थिक गतिविधि पनि विस्तार भएका छन् । परम्परागत कृषिलाई परिस्कृत गरी

आधुनिक कृषि पशुपालन व्यवसाय गर्ने, सरकारी तथा गैर सरकारी रोजगारीमा लाग्ने वैदेशिक रोजगारीमा लाग्ने स्थानीय बजारमा ज्याला मजदुरी गरेको पाइन्छ ।

## ५.१.२ पेशा

नेपाल कृषि प्रधान देश हो । यहाँका करिब ८१ प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न भएको पाइन्छ । कृषि पेशा भने पनि अर्ध वेरोजगारीको अवश्था देखिन्छ । हरेक मानिसले आफ्नो जीवन निर्वाहका लागि कुनै न कुनै पेशा गर्नुपर्दछ । जसले आय आर्जन गरी निर्वाह गर्न सजिलो हुन्छ । परापूर्व कालदेखि नै खोला नदीको किनार सम्म फाँट,खोंच क्षेत्र फराकिलो जमिन भएको टारहरूमा आफ्नो बसाई गरेका दरै जातिहरू परम्परागत जीवन शैलीलाई परिवर्तन गर्दै गुजारा प्रणालीको खेती गर्न,नदीखोलामा गै माछा मार्ने,अरुको घरमा न्यून ज्याला र सर सहयोगमा जोत्ने,खन्ने जस्ता काममा परिवर्तन हुदै गएको छ ।

वर्षौदेखि यस क्षेत्रलाई आफ्नो उत्पत्ती स्थलको रूपमा मान्दै आएका दरै जाति शहरी करणसँगै विस्तारै आफूलाई समायोजन गर्न नसक्दा दमौली बजारबाट भादगाउँ, अत्रौली, खकौली, वैरेनी, दुम्सी, पोल्याङ, पाटन, डिहीगाउँ, दुम्सीचौर, सिमलटार, रानीगाउँ तिर सरेको देखिन्छ भने उल्लेखित क्षेत्रमा पनि जमिनको अधिक स्वामित्व दरैहरूको भएको र विस्तारै उनीहरूले अन्य जातजातिका मानिसहरूलाई विकी गरी बसोवास बढेको दरैहरूका बुढापाका बताउँछन् ।

दरैहरूको आफ्नै खेतवारीको परिमाण घट्दै गएको छ परिवारको आकार ठुलो हुने भएकोले अंश बण्डा गर्दा उनीहरूको भागमा जमिन कम हुदै गएको कारण आफ्नै उत्पादन खेतीपातीबाट वर्ष दिनलाई खाना पुग्नेको संख्या पनि थोरै छ । त्यसैले परम्परागत कृषि पेशालाई परिवर्तन गरी उनीहरू अन्य पेशा तर्फ लागेको पाइन्छ । यस्ता पेशाहरूमा सेना प्रहरीमा भर्ती हुने, सरकारी कार्यालयमा तल्लो तहमा काम गर्ने, शिक्षक निजि तथा गैर सरकारी संघ संस्थामा काम गर्ने, बैदेशिक रोजगारीमा लाग्ने, नर्स, अनामीका साथै इञ्जिनियरसम्म बनेको पाइन्छ । अध्ययन क्षेत्रका दरैहरूले अपनाएका पेशालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : उत्तरदाताको विभिन्न पेशामा संलग्न जनसंख्या**

| पेशाको किसिम | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| खेतीपाती,कृषि,पशुपालन,माछा मार्ने र परम्परागत पेशा | ३३ | ८५ | ११८ | ३२.५१ |
| सरकारी रोजगारी | २६ | ४ | ३० | ८.२६ |
| वैदेशिक रोजगारी | २४ | ५ | २९ | ७.९९ |
| निजि रोजगारी | १७ | ६ | २३ | ६.३४ |
| ज्यालादारी | १४ | २ | १६ | ४.४१ |
| व्यापार/व्यवसाय | १३ | ७ | २० | ५.५१ |
| सिकर्मी/डकर्मी | ५ | ० | ५ | १.३८ |
| ड्राइभर | ८ | ० | ८ | २.२० |
| विद्यार्थी | ३८ | ७६ | ११४ | ३१.४० |
| जम्मा | १७८ | १८५ | ३६३ | १०० |

*स्रोतःस्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिका अध्ययन गर्दा परम्परागत खेतीपाती तथा कृषिकार्यमा लाग्ने दरै ११८ जना छन् । त्यसमा धेरै महिला कृषि कार्यमा सरिनु देखिन्छन । भने अन्य पेशा अपनाउनेहरू ३६.०९ प्रतिशत रहेमा छन् । स्कुल र कलेज पढ्ने विद्यार्थी ३१.४० प्रतिशत रहेका छन् । शिक्षित संख्या बढ्दै जाँदा दरै जातिको परम्परागत पेशा परिवर्तन पनि बृद्धि हुदै गएको देखिन्छ । धेरै घर परिवारमा आफ्नो परम्परागत शैलीबाट गरिएको कृषि कार्यमा समेत सुधार हुदै गएको देखिन्छ ।

### ५.१.३ आर्थिक रूपले सक्रिय र निष्क्रिय जनसंख्या

कुनैपनि ठाउँमा बसोबास गर्ने मानिस मध्ये काममा सकीय रहने उमेरका जनसंख्यालाई सकीय जनसंख्या र सकीय रहन नसक्ने जनसंख्यालाई निष्क्रिय जनसंख्या भनिन्छ । उमेर समुह अनुसार(१५-५९) वर्ष उमेर समूहभित्र पर्ने जनसंख्या सकीय जनसंख्या हुन भने (०-१४)वर्ष उमेर समूह र ६० बर्ष भन्दा बढी उमेर भएका केटाकेटी तथा बुढाबुढी निष्क्रिय जनसंख्या अन्तर्गत पर्दछन । अध्ययन क्षेत्रमा अध्ययनका कममा आर्थिक रूपले सकीय र निष्क्रिय जनसंख्या विवरण तल उल्लेख गरिएको छ ।

**तालिका ५.२ : उत्तरदाताको आर्थिक रूपले सक्रीय र निष्क्रिय जनसंख्या विवरण**

| उमेरसमूह(१ वर्षमा) | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|
| (०-१४)वर्ष | ७८ | २०.४२ |
| (१५-५९)वर्ष | २७० | ७०.६८ |
| ६०वर्ष र सो भन्दा बढी | ३४ | ८.९ |
| जम्मा | ३८२ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका दरैहरू मध्ये सक्रीय उमेर समूहको जनसंख्या ठुलो हिस्सा ओगटोको छ । सहि रूपमा उनीहरूको श्रम शक्ति प्रयोग गर्न सकेको खण्डमा आर्थिक रूपमा पारिवारिक स्थिति सुधार हुनुका साथै वडा, नगर र देश विकासमा समेत टेवा पुग्न सक्छ ।

## ५.१.४ भू-स्वामित्व

नेपालका अधिकांस जातजाति सरह दरैहरूको जीविकोपार्जनको मुख्य आधार खेतीपाती नै हो । वि.सं. २०१० को दशकभन्दा पहिले तराइ, भित्री मधेस र पहाडका वेशी, नदीका किनार टार परेका भागमा बस्ने दरैहरूको प्रशस्त जमिन हुने गरेको देखिन्छ । औलोको डरका कारण पहाडको उच्च भागमा बस्ने गरेका अन्य जातिहरू वेंशी र खोचमा जान बस्न रुचाउँदैनथे औले पचाएर बसेका दरै जातिको जमिन प्रशस्त थियो । त्यसबेला जनसंख्याको अनुपातमा जमिन धेरै हुने हुँदा जसले जति जग्गा र बल प्रयोग गऱ्यो उसको जमिनको स्वामित्व त्यति नै धेरै हुन सक्थ्यो । त्यसैले दरैहरूको जमिनको स्वामित्व फाँट टार र वेशीमा धेरै थियो । वि.सं.२०२० को दशकपछि नेपालमा औलो रोगको उन्मूलन कार्यक्रम लागू भयो र पहाडीयाहरू वेशी, मधेश र टारतर्फ बसाई सर्न थाले । यसपछि विस्तारै दरैहरूले आफ्नो जमिन बेच्ने क्रम सुरु भयो । विकास भएका ठाउँ छाड्दै ग्रामीण क्षेत्रमा सर्ने क्रम बढ्न थालेको पाइन्छ । यद्यपी अधिकांश दरैको आजकल जमिनको स्वामित्व अनुसार अधिपति छैनन् ।

अध्ययन क्षेत्रका अधिकांश मानिसको मूख्य पेशा कृषि छ । सबैको धेरै-थोरै परिमाण जे भए पनि जमिनको स्वामित्व छ । परिवारका सदस्य छुट्टिने क्रममा जमिनको अंशवण्ड हुँदा

जमिन टुक्रदै गएको छ । पाखो जमिन प्रशस्त र खेत थोरै देखिन्छ । त्यसमा पनि दरैहरूले आफ्नो जमिन टुक्रयाउँदै गएका छन् । अन्य जातजातिको प्रभाव बढ्दै गएको देखिन्छ । अध्ययन क्षेत्रका दरै जातिको भू-स्वामित्वलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.३ : उत्तरदाताको स्वामित्वमा रहेको जग्गाको स्थिति**

| भूमिको क्षेत्रफल रोपनीमा | घर संख्या | प्रतिशत |
|---|---|---|
| १-२ रोपनी | ८ | १०.६७ |
| ३-५ रापनी | २७ | ३६ |
| ५-१० रोपनी | २५ | ३३.३३ |
| १०-२० रोपनी | १३ | १७.३३ |
| २० रोपनी भन्दा बढी | २ | २.६७ |
| जम्मा | ७५ | १०० |

*स्रोतःस्थलगत सर्वेक्षण २०७६ ।*

माथिको तालिकालाई  अध्ययन गर्दा ८ घर परिवारको जग्गा थोरै छ । त्यसैगरी ३-५ रापनी जग्गा हुने २७ घर परिवार हुन् भने ५ रोपनी भन्दा बढी १० रोपनीसम्म जग्गा हुने २५ घर परिवार र जमिनको ठुलै हिस्सा (१०-२०) रोपनी जग्गा भएका परिवार १३ छन् । त्यस्तै २ घर परिवार २० रोपनी भन्दा धेरै जमिनको स्वामित्व भएका छन् । आफ्नै जमिनको खेतीपातीले वर्ष भरी खान पुऱ्याउने संख्या भने निकै कमी छ । अन्य पेशा र आय आर्जनबाट उनीहरूले आफ्नो खाद्य स्रोत व्यवश्थापन गर्ने गर्दछन् ।

### ५.१.५  वार्षिक आयव्यय

आम्दानीको अवश्थाले कुनै पनि व्यक्ति परिवार र समाजको आर्थिक, सामाजिक, सांस्कृतिक स्थितिलाई प्रभाव पार्दछ । अध्ययन क्षेत्रका दरै समुहायको आर्थिक विगतको तुलनामा धेरै नै सुधार भएको भए पनि समग्र जनसंख्याको आर्थिक अवश्थामा समानता छैन । आफ्नो मेहनत र परिश्रमबाट आर्थिक अवश्था सुधार गर्न लागी परेको पाइन्छ । कतिपयमा आम्दानी कम हुने भएकोले जति कमायो त्यति नै खर्च हुने या अझ नपुग्ने हुनाले स्थितिमा सुधार हुन सकेको देखिदैन । आफ्नो पूर्ख्यौली पेशा विविध कारणले कमजोर बन्दै गएपछि

उनीहरूले पूर्ख्यौली पेशालाई फुर्सदको समयमा गरिने काम, मनोरञ्जन आदिको रूपमा पनि लिएको पाइन्छ ।

दरैहरूको आफ्नो भरपर्दो पेशा ज्याला, मजदुरी, सिकर्मी डकर्मी, कुखुरापालन, भैसीपालन, गाइपालन, बाखापालन, दुध व्यवसाय स्वदेशी, विदेशी रोजगारी बनेका छन् । यो जातिका केहि जनसंख्या भने व्यापार व्यवसायमा लागेको देखिन्छ । दरै जातिमा अझै पनि आफनो आम्दानीलाई जाँड, रक्सी, सुर्ती सेवन, अतिथि सत्कार जस्ता फजुल खर्चमा खर्चेको देखिन्छ ।

**तालिका ५.४ : उत्तरदाताको परिवारको वार्षिक आम्दानी**

| वार्षिक आन्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १,००,०००-२,००,००० | ६ | ८.०० |
| २,००,०००-४,००,००० | १८ | २४.०० |
| ४,००,०००-८,००,००० | २९ | ३८.६६ |
| ८,००,०००-१०,००,००० | ११ | १४.६७ |
| १०,००,००० भन्दा बढि | ११ | १४.६७ |
| जम्मा | ७५ | १०० |

*स्रोतःस्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिकाले अध्ययन क्षेत्रका दरै समुदायको वार्षिक आयलाई देखाएको छ । वार्षिक आय रु १ लाख देखि २ लाख हुने परिवार संख्या ६रहेको छ । त्यसैगरी २ लाख देखि ४ लाख हुने परिवार संख्या १८ रहेको छ भने ४ लाख देखि ८ लाख सम्म आय गर्ने परिवार २९ रहेको छ । ११ घर परिवारले ८ देखि १० लाख वार्षिक आय गरेको देखिन्छ भने विभिन्न कियाकलाप पेशा व्यवसायबाट १० लाख भन्दा बढी वार्षिक आय गर्ने परिवार ११ रहेको छ ।

कृषितर्फ खेतीपाती पशुपालन, ज्यालादारी, सिकर्मी डकर्मी, विद्युत जडान, मर्मत, जाँड रक्सी बनाउने बेच्ने लगायतका सरकारी गैर-सरकारी, निजि, स्वदेशी विदेशी रोजगारीका साथै व्यापार व्यवसायले आय आर्जन बढेको देखिन्छ । ज्यालादारीमा पनि पुरुषले १ दिनको ज्याला रु ८००।- देखी रु १००० कमाउँछन् भने महिलाले रु. ५०० देखि रु ७००

कमाउँछन् । आफूले कमाएको पैशा फजुल खर्च नगर्ने हो भने दरै जातिका मानिसले गरेको आम्दानी राम्रो मानिन्छ । तर उनीहरूमा खर्च बढी गर्ने संस्कार देखिन्छ ।

अध्ययन क्षेत्रका ७५ घर दरै परिवार संख्याको वार्षिक आम्दानी ठिकै भए आम्दानी अनुसार खर्चको अनुपात पनि त्यति नै जस्तो देखिन्छ । केही परिवारले ऋण गरेर, जग्गा जमिन बेचेर घर खर्च चलाएको देखिन्छ ।

अधिक आम्दानीको हिस्सा खाना नै गरेको पाइन्छ । त्यसको अलावा लत्ताकपडा,औषधी उपचार, शिक्षामा पनि संस्कारको विकासले पनि खर्च बढेको देखिन्छ । केहीले आफ्नो आम्दानीको स्तर अनुसार हरेक शीर्षकमा खर्च घटाउने गरेको पनि पाइयो । कापी, कलम, ड्रेस झोलादेखि अन्य मनोरञ्जनका साधन तर्फ पनि खर्च बेढेको देखिन्छ । दरै जातिको घरायसी पूजा आराधना लगायतका अतिरिक्त चाडपर्व, विवाह, पाहुना बोलाउने खुवाउने परम्पराले थप आर्थिक भार पर्ने र खर्च वृद्धि भएको र उनीहरूको खर्च बढेको पाइयो ।

**तालिका ५.५ : उत्तरदाताको वार्षिक खर्च विवरण**

| वार्षिक खर्च | परिवार संख्या |
|---|---|
| १,००,०००-२,००,००० | ४ |
| २,००,०००-४,००,००० | २४ |
| ४,००,०००-८,००,००० | २७ |
| ८,००,०००-१०,००,००० | १० |
| १०,००,००० भन्दा बढि | १० |
| जम्मा | ७५ |

*स्रोतःस्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिका अनुसार वार्षिक २ लाखसम्म खर्च गर्ने परिवार ४ रहेको छ । वार्षिक २ लाख देखि ४ लाख सम्म खर्च गर्ने परिवार २४ र ४ लाख देखि ८ लाखसम्म खर्च गर्ने परिवार २७ छ । त्यसैगरी ८ लाख देखि १० लाखसम्म विविधि कारणले खर्च गर्ने परिवार १० रहेको छ । भने १० लाखभन्दा बढी वार्षिक खर्च गर्ने परिवार पनि १० नै देखिन्छ । यसरी हेर्दा दरै परिवारमा आम्दानी अनुसार नै खर्च भएको देखिन्छ । फजुल खर्च कटौती गर्ने र वचतमा ध्यान दिएमा आर्थिक समृद्धि हासिल गर्दै गुणस्तरीय जीवनमा समेत टेवा पुग्ने देखिन्छ ।

## ५.२ दरै परिवारमा आम्दानीले खान पुग्ने र नपुग्ने स्थिति

दरै जातिको स्थलगत अध्ययन र उनीहरूवारे जानकारी लिंदा अध्ययन क्षेत्रका दरैहरूको आफ्नो आम्दानीले खान पुग्ने र नपुग्ने विवरण यस प्रकार देखिएको छ ।

**तालिका ५.६ : उत्तरदाताको परिवारमा खान पुग्ने र नपुग्ने स्थिति**

| खाधान्नको स्थिति | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| राम्ररी आम्दनीले खान पुग्ने | २७ | ३६.०० |
| मुस्किलले खान पुग्ने | २३ | ३०.६७ |
| खान नपुग्ने | २५ | ३३.३३ |
| जम्मा | ७५ | |

*स्रोतःस्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिकालाई अध्ययन गर्दा अध्ययन क्षेत्रका दरैहरू आफ्नो अन्नवाली, आम्दानीले खान र घर खर्च पूऱ्याउने परिवार संख्या २७ रहेको छ । त्यसैगरी खर्च व्यवस्थापन गर्दै सामान्य गुजारा गर्ने परिवार संख्या २३ रहेको छ भने २५ घर परिवारले आफ्नो आम्दानीले खान नपुग्ने वताएका छन् ।

## ५.३ पशुपंक्षी पालन

यस क्षेत्रका दरैहरूले आफ्नो घरायसी उपभोगका लागी,आम्दानी वृद्धिका लागि, खेतवारीमा मलका लागि पशुपंक्षी पाल्ने गर्दछन् । कसैकसैले व्यवसायिक रूपमा कुखुरापालन, बाख्रा पालन, भैसी पालन, गाई पालन, सुगुंर पालन व्यवसाय पनि संचालन गरेका छन् । दरै जातिका पुजा तथा विभिन्न संस्कारमा माछा, कुखुरा हाँस, सुंगुर अनिवार्य भएकोले पनि आफ्ना घरायसी प्रकृयाका लागि समेत पशुपंक्षी पालेका पाइन्छ । अध्ययनका कममा ७५ घरधुरीका दरै परिवारले तल तालिका अनुसार पशुपंक्षी पालेको पाइयो । जसले आर्य आर्जन र पेशातर्फ पनि अग्रसरता प्रदान गरेको देखियो ।

**तालिका ५.७ : उत्तरदाताले पालेका पशुपंक्षीको विवरण**

| विवरण | गाइगोरु | बाखा | भैसी | सुगुंर/बुगुंर | हाँस | कुखुरा |
|---|---|---|---|---|---|---|
| पशुपंक्षी संख्या | १२० | ३८५ | ७० | ६७ | २५ | ५३७० |

*स्रोत:स्थलगत अध्ययन, २०७६ ।*

## ५.४ स्वास्थ्य सेवा उपचार

अध्ययन क्षेत्रका दरै जातिको नमूना घरधुरी सर्वेक्षण र प्रत्यक्ष सूचना संकलनको माध्यमबाट यस क्षेत्रका जनसमूदायहरू स्वास्थ्य सम्बन्धी सूचना लिने तथा औषधी उपचार गराउने विधि र पद्धति, बदलिदो समय सापेक्ष आफूलाई समायोजित गराउँदै आधुनिकीकारण्को प्रभाव र शिक्षामा आएको सुधारले परम्परागत भन्दा फरक आएको देखिन्छ । हुन त सुचना लिने कममा दरै जातिका मानिसहरू धांमी झाँकी र गुराउप्रति अधिक विश्वास राख्ने गरेको पाइयो र प्रति आजकल स्वास्थ्य सेवा र सुविधा लिने स्वास्थ्य सेवा सुविधा प्रदायक संस्थाहरूमा सेवा लिन जाने गरेको देखिन्छ ।

**तालिका ५.८ : उत्तरदाताको स्वास्थ्य सेवा,सुविधा र सुचना लिने घरधुरी विवरण**

| स्रोत र सुविधा | घर संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी अस्पताल | ६१ | ८१.३३ |
| निजि क्लिनिक | ९ | १२.०० |
| धामी झांकी | ५ | ६.६७ |
| जम्मा | ७५ | १०० |

*स्रोत:स्थलगत अध्ययन, २०७६ ।*

माथिको तालिका हेर्दा ६१ घर परिवारले सरकारी अस्पताल स्वास्थ्य संस्था,आदिमा आफ्नो स्वास्थ्य उपचार परामर्श गर्ने गरेको, सेवा लिने गरेको पाइयो भने ५ घर परिवारले आफ्ना सदस्यहरूलाई स्वास्थ्य समस्या हुँदा गुराउ, धामी झांकीमा उपचार गराउने गरेको पाइयो । अध्ययनका कममा सरकारी अस्पताल, निजि अस्पताल, क्लिनिक उपचार गराउने र सेवा लिने व्यक्तिले पनि विरामीलाई गुराउ वा धामी झांकी निर लगेर फुकाउने गरेका पाइयो । यसरी हेर्दा अझै परम्परागत रुढीवादी र संस्कारमा प्रभाव परेको देखिन्छ ।

## ५.५ छोरा छोरी विद्यालय पठाएको अवस्था

दरै जातिको परम्परागत सोचमा परिवर्तन भएको पाइनछ । दरै जातिमा आम्दानीको स्तर वृद्धि सँगसँगै आफ्ना छोरा छोरीको शिक्षादिक्षामा पनि ध्यान पुगेको देखिन्छ । उनीहरू आफूहरू सामान्य साक्षर र निरक्षर भएर भोग्नु परेका समस्या छोराछोरीमा नपरोस भन्ने चाहन्छन् । आर्थिक स्तर उकासिदै गएका परिवारले छोराछोरी वोर्डिङ स्कूलमा भर्ना गरी पढाएका छन भने आफ्नो आर्थिक स्तर कमजोर भएका र सरकारी विद्यालय तथा क्याम्पसप्रति विश्वास भएकाहरूले सरकारी वा सामूदायिक विद्यालय र कलेजमा पढाएका छन् । अध्ययन क्षेत्रका घर परिवारको तथ्याङ्क लिंदा निम्न विवरण पाइयो ।

**तालिका ५.९ : उत्तरदाताको छोराछोरी विद्यालय पठाएको विवरण**

| विवरण | घर परिवार संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी स्कूल/कलेज | ३२ | ४२.६७ |
| वेर्डिङ स्कूल | ३३ | ४४.०० |
| स्कूलउमेरका केटाकेटी नभएको परिवार | १० | १३.३३ |
| जम्मा | ७५ | १०० |

*स्रोत:स्थलगत सर्वोक्षण २०७६ ।*

## ५.६ घर मूलीको स्थिति

नेपाल पितृसत्तत्मक वर्चश्व भएको मुलुक हो । यहाँ अधिकांश क्रियाकलापमा पुरुष प्रधान हुने गरी गरिन्छन् । तर संघीयता स्थापना पछि हरेक जाति, जनजाति, महिला, अपाङ्ग वर्गलाई मुलधारमा ल्याउनका लागि राज्यतहबाट पनि कोटा निर्धारण गरी व्यवस्थापन गर्ने व्यवस्था भएको छ ।

घरको मुली पुरुष रहने दरै समूदायमा पछिल्लो समयमा केही परिवर्तन भएको पाइन्छ । महिलाहरू शिक्षित भएसँगै घरायसी कामकाज र जिम्मेवारी लिन सक्ने भएका छन । अर्को तर्फ पुरुषहरू आय आर्जन र रोजगारीका लागि घर छाडी बाहिर बस्ने र घरको जिम्मेवारी महिलाले सम्हाल्ने भएका कारण पनि घरमूलीको रूपमा महिलाको जिम्मेवारी बढ्दै गएको

छ । कतिपयले घर परिवार प्रति र महिलाप्रति विश्वास कम गर्ने भएका कारण पनि पुरुष आफै घरमूलीको रूपमा व्यवहार गरेको पाइन्छ ।

**तालिका ५.१० : उत्तरदाताको घरमूलीको अवस्था**

| विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष घरमूली | ६६ | ८८.०० |
| महिला घरमूली | ०९ | १२.०० |
| जम्मा | ७५ | १०० |

*स्रोतःस्थलगत सर्वोक्षण, २०७६ ।*

## ५.७ सामाजिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तन

हिन्दु धर्म शास्त्रको अनुसार देवी देवताको पुजा उपासना गर्ने भन्दा दरै जातिका मानिसहरू प्रकृतिमा भएको छुट्टै प्राकृतिक शक्तिको रूपमा पूजा उपासना गर्ने गर्दछन् । छोराछोरी नहुनु वा भएर पनि नबाँच्ने, मानिस तथा पशुचौपायालाई रोग लाग्ने, खडेरी परेर अन्नबाली नहुने जस्ता प्राकृतिक कुराहरूबाट हुन सक्ने सम्भावित दुःखलाई हटाउन उनीहरू प्रकृतिको पुजा गर्दछन् । यसका लागि उनीहरू जहातही देवी शक्ति देख्दछन् । देवतालाई खुशी पार्दा परिस्थिति आफ्नो अनुकूलमा र खुशी पार्न नसक्दा आफ्नो प्रतिकूलमा हुन जान्छ भन्ने विश्वासले उनीहरू जहाँ जहाँबाट सम्मानित लाभ तथा नाफा, हानी तथा नोक्सान देख्दछन् र ती सबैलाई पूजा गर्दछन् । सूर्य, अग्नी, पानी, जंगल हरेक चिजलाई पूजा गर्ने दरैहरूको विश्वास एकातिर छदैछ ता पनि हिन्दु संस्कार अनुसार ब्राम्हणहरूले गर्ने गरेका देवी देवताको पूजा पनि गर्न थालेका छन् ।

नेपालमा अन्य जातजाति सरह सामाजिक र भौतिक जीवनका हरेक पक्षमा दरैहरू पनि परिवर्तनको अनुभूति गर्दैछन् । यातायात र संचारका माध्यमबाट ठाउँ ठाँउमा दरै जातिसँग भेटघाट हुने,संगठन गर्ने र आफ्नो सांस्कृतिक पहिचानका लागि सचेत हुने अवसर मिलेको छ तापनि आफ्नोपन र दरै अस्तित्वलाई बचाई राख्न उनीहरूलाई गाह्रो परेको छ । आधुनिकीकरण तथा बढ्दो शहरीकरणले ल्याएको परिवर्तनको प्रत्यक्ष प्रभाव उनीहरू माथि पनि परेको छ । यद्यपी अधिकांश दरैहरू अहिले पनि आफ्नै जातिका बाहुल्यता रहेको बस्तीमा बस्ने गर्दछन् । विस्तारै उनीहरूको घरको बनाबटको ढाँचा बदलिंदैछन् । उनीहरूको लवाईखवाई वा खाद्यान्न लत्ताकपडा प्रयोग शैलीमा परिर्वतन भएको छ । कोही

शिक्षित बन्दैछन् र सरकारी तथा गैर सरकारी पेशामा यो जातिका मानिसको संलग्नता बढ्दैछ । कोही बैदेशिक रोजगारीमा लाग्दैछन् । बत्ती र बाटोको सुविधा विस्तार हुदैछ । यस्ता सुविधा पुगेका ठाउँका दरैहरू टि.भी.,इन्टरनेटको प्रयोग गर्न थालका छन् । आफ्नै लगानीमा बस, ट्रक, ट्याक्टर, ट्याक्सी, मोटरसाइकल, स्कुटर जस्ता यातायातका साधन खरीद गरी प्रयोग गर्न थालेका छन् । नयाँ नयाँ साधन र स्रोतको खरीद र प्रयोगका साथै नयाँ चुनौती सामना गर्ने र नयाँ आर्जनको बाटो पनि खोजी गर्दै अघि बढेका छन् ।

दरैहरूको परम्परागत पेशाको सिमित आम्दानीले घरपरिवार चलाउन गाह्रो छ । गाउँलेले आफैले गर्ने कामहरूका लागि अब ठुलो रकम खर्चन पर्ने हुन्छ । उदाहरणको लागि केही दशक पहिले गाउँमा कसैको घर बनाउनु पर्दा कसैले काठ काट्थे, सवै मिलि काठ घरमा लगिदिन्थे, कसैले माटो मुछ्थे त कसैले गारो लगाउने र छाउने गर्थे । आफ्नो सीप अनुसार सहयोग आदान प्रदान गर्दथे । त्यो समय श्रमलाई सरसहयोगमा हेरिन्थ्यो तर अहिले त्यस्तो सहयोग विभिन्न कारणले जुट्न सक्दैन । आजकल धमाधम सिमेन्टको प्रयोग गरी पक्की घरहरू बन्ने क्रम बढ्दैछन् । नयाँ नयाँ प्रविधि भित्रिएका छन् । तर त्यसबारे धेरै अनविज्ञ छन् । त्यसका लागि उनीहरूले परम्परागत रूपमा सघाउने काम छाडीसकेका छन् । आयातित सामान खरिदका लागि चाहिने आवश्यक रकम जुटाउन उनीहरूको परम्परागत शैलीको काम र खेतीपातीले सम्भव छैन । जानेर या नजानेर नयाँ प्रविधि भित्र्याउन सकी नसकी नयाँ अर्धव्यवश्था अनुसार चल्नका लागि धेरै दरैहरू अफ्नो भएको एउटा मात्र स्रोत जमिन बेच्न बाध्य बन्दैछन् भने कोही कामको खोजीमा देश विदेशतिर लाग्न थालेका छन् ।

नयाँ व्यावश्था र परीपाटीमा समाहित हुने क्रममा उनीहरूको सामाजिक, आर्थिक, धार्मीक र राजनैतिक जीवन पद्धतिमा परिवर्तन हुदै गएको छ र अझै द्रुत गतिमा परिवर्तन हुने संकेत प्रशस्त देखिएका छन् । दरै जातिका केही व्यक्तिहरू सामाजिक र राजनीतिक कियाकलापमा समेत सकीय छन् ।

## ५.८ शिक्षामा आएको परिवर्तन

प्राचिनकालमा अन्य जातजातिमा पनि पढाइलेखाइलाई पहिलो प्राथमिकतामा राखेको पाईदैन किनकी जीपिकोपार्जनका लागि कृषि, खेतीपाती पशुपालनलाई प्रमुख स्रोत मानिन्थ्यो । त्यो समयमा लेखपढ गर्ने बाह्मण, क्षेत्री र नेवार जातका थोरै व्यक्ति हुन्थे । विस्तारै दरै

जातिमा पनि अन्य जातजातिको जस्तै शिक्षामा प्रभाव परेको देखिन्छ । आम्दानीका स्रोतहरू बढ्दै जाँदा परम्परागत पेशामा परिवर्तन हुदै जाँदा वा शिक्षाको प्रभाव बढ्दै जाँदा दरै जातिका मानिसले पनि आफ्ना छोराछोरी स्कूल तथा कलेज पढाउन थालेका छन् । शिक्षा आर्जनका लागि उपयुक्त वातावरण तयार गरी सरकारी स्कूल, राम्रो आर्थिक अवश्था भएका र आय आर्जनतर्फ अग्रसर हुने दरैहरूले शहरका निजि बोडिङ स्कूलमा आफ्ना छोराछोरी पढाउने गर्दछन् । जसको परिणाम उच्च शिक्षा हासिल गर्ने दरै जातिका मानिसको संख्यामा पनि वृद्धि हुदै गएको छ । शिक्षित संख्या वृद्धि भएकै कारण विभिन्न पेशा व्यवसाय रोजगारी तर्फ अग्रसर भएका छन् । जसले गर्दा आर्थिक अवश्था सुधार गर्न र गुणस्तरीय जीवन जिउन मद्दत पुग्ने देखिन्छ । त्यसैगरी शिक्षा आर्जन र रोजगारीका अवसरहरू सिर्जना हुदै उपभोग गर्दै जाने क्रममा दरै जातिका रितिरिवाज धार्मिक परम्परा, मूल्यमान्यता परिमार्जन र परिवर्तन हुँदै गएका छन् ।

## ५.९ महिलाको स्थितिमा आएको परिवर्तन

पितृसत्तात्मक संरचनामा आधारित र हिन्दु धर्माबलम्वीको बाहुल्यता रहेको दरै जातिमा महिलाको स्थान निम्न र दयनीय नै थियो । पैतृक सम्पति, घर व्यवहार, ऋण, स्वतन्त्र रूपमा हिड्डुल, राजनीति आदिमा पुरुषको नै बढी हैकम र महिलाहरूलाई घाँस दाउरा,अनी घर भित्रको काममा मात्र सिमित राख्ने प्रचलनमा व्यापक सुधार र परिवर्तन भएको छ । समयको गतिशिलतासँगसँगै महिलामा आएको चेतनाले र जागरणले अहिले महिलालाई पनि शैक्षिक राजनैतिक आर्थिक एवं सामाजिक क्रियाकलापमा सहभागी हुने र सक्रीयता जनाउने अवसर प्रदान गरेको छ । महिलाहरू विभिन्न आर्य आर्जनका कार्यका साथै निर्णय प्रकृयामा संलग्नता जनाउँदै विभिन्न आमा समूह, टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति लगायतका सामाजिक संघ संस्था र राजनीतिक दलमा समेत सक्रीय छन् । महिलाहरू घर व्यावहार चलाउने, चुलोचौकोमा मात्र सिमित हुने, कृषि कार्य अन्तर्गत खेतीपाती गर्ने, बाख्रा पालन, कुखुरा पालन, सुंगुर पालन, सिलाइ बुनाइ, होटल संचालन, व्युटीपार्लर संचालन किराना पसल संचालन तथा सरकारी विद्यालयमा शिक्षक निजि विद्यालयमा शिक्षक देखि सरकारी कार्यलयमा रोजगारी, गैर सरकारी सघं संस्थामा रोजगारी वैदेशिक रोजगारीमा समेत संलग्न भएका छन् । यस कारण आर्थिक अवश्था सुद्धद हुदै समृद्धि हासिल गर्दै गएका छन् । सामाजिक र सांस्कृतिक अवश्थामा समेत महिलाको पेशा परिवर्तन र सक्रियताले प्रभाव

पारेको छ । दरै समाजमा अन्तरजातीय विवाहको प्रभाव पर्न थालेको छ । विवाह औसत १८-२२ वर्षको उमेरमा हुने गर्दछ ।

## ५.१० सन्तानप्रतिको अवधारणामा  आएको परिवर्तन

हरेक जीवले आफू जस्तै गुण भएका आफ्ना सन्तान जन्माउन चाहन्छन् । मानव समाजमा पनि यो पुस्ता र जीन हस्तान्तरण प्रकृिया अघि बढ्दै आएको छ । परम्परागत रूपमा हेर्दा दरै जातिमा छोरीलाई भन्दा छोरालाई महत्व दिने गर्दथे । छोरीलाई आर्थिक भारको रूपमा लिने गर्दथे । चेतनाको विकास हुदै जाने क्रममा तथा आर्य आर्जनका विकल्प खोज्दै र पहिल्याउदै जाने क्रममा यो जातिका पुरुष तथा महिला कुनै न कुनै पेशामा सक्रीय हुने गर्दछन् । जसले गर्दा आम्दानीमा वृद्धि हुने र आफ्ना सन्तानलाई योग्य र दक्ष बनाउन प्रयासरत छन् । सन्तानका लागि आवश्यक स्रोत र साधन परम्परागत पेशाबाट पुरा गर्न निकै कठिन हुने तर पेशा परिवर्तनले सहज बनाएको देखिन्छ । अर्कोतर्फ धेरै सन्तान जन्माउँदा हुने बेफाइदा पनि क्रमश बुझ्न थालेको छन् । आजकल एकल परिवार संरचनाको वृद्धि हुदै गएको छ । छोराछोरी कम जन्माउने र त्यसका लागि परिवार नियोजनका अस्थायी साधनहरूको प्रयोग तथा स्थायी बन्ध्याकरण समेत गर्न थालेका छन् ।

## ५.११  आधुनिक सामानको प्रयोगमा आएको परिवर्तन

कृषिमा आएको आधुनिकीकरण तथा धेरै व्यक्तिहरूको वैदेशिक रोजगारीका कारणले गर्दा आज दरै जातिका धेरै घरमा प्रयोग गर्ने सामानहरूमा पनि परिवर्तन आएका छन् । पक्की शौचालय, घर घरमा ग्यास सिलिन्डर घरमा या घर नजिक धारा पिउने पानीको सुविधा, रेडियो, टि.भी., हातहातमा मोबाइल सेवा र सुविधा उपलब्ध भएका छन् । परम्परागत पेशा परिवर्तन आधुनिक प्रविधि र सामान तथा सुविधा प्राप्तिमा सहज बनाएको छ । त्यतिमात्र नभै इन्टरनेट सेवा सुविधा पनि विस्तार भएका र उपयोग गरेको पाइन्छ ।

# cWofo 5

# सारांश, निष्कर्ष एवम् सुझाव

## ६.१ सारांश

एशिया महादेशमा पर्ने नेपाल विश्व मानचित्रमा सानो भएपनि सामाजिक,सांस्कृतिक आधारमा नेपाल भरीपूर्ण छ । विभिन्न जातजातिका,भाषा,संस्कार,रितिरिवाज, आ-आफ्नै मूल्यमान्यता भएको समूदायका साझा फूलबारीको रूपमा नेपाली समाजको संरचना अखण्ड छ। विभिन्न जातजातिको आफ्नो सामाजिक तथा सांस्कृतिक विविद्यताले नेपाललाई धनी सुन्दर पहिचान योग्य बनाउन सहयोग गरेको छ। यस्तै जाति मध्ये दरै जाति पनि एक हो। दरैहरू नेपालको तराई क्षेत्र चितवन, नवलपुर, परासी झापा र पहाडका विभिन्न जिल्ला तनहुँ, धादिङ गोरखा, पाल्पामा स-सानो बस्तीमा छरिएर बसेका छन् । तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. १० मा वैरेनी, डिहीगाउँ सेवर, दुम्सीचौर, अत्रौली, दुम्सी, खहरे जस्ता गाउँमा दरै जातिको ७५ घर परिवारको घरधुरी सर्वेक्षण गरी यस क्षेत्रका दरै जातिको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थामा पारेको प्रभाव एक 'अध्ययन' राखिएको  छ। यसै शीर्षकका आधारमा यस क्षेत्रमा बसोबास गर्ने "व्यास नगरपालिकाका दरै जातिको सामाजिक रुपान्तरण" शीर्षकमा अध्ययन गरिएको छ । यस शोध कार्यमा इतिहासदेखि नै पछि परेका पिछडा वर्ग "दरै" जातिको सामाजिक सांस्कृतिक शैक्षिक एवं आर्थिक अवश्था कस्तो छ ? परम्परागत पेशामा के कस्तो परिवर्तन आएको छ ? के कस्ता संस्कार रितिरिवाज विद्यमान छन र परिवर्तनको अवश्था कस्तो छ ? उक्त परिवर्तनले सामाजिक आर्थिक क्षेत्रमा कस्तो प्रभाव परेको छ ? आदि जस्ता प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिरएको छ। अध्ययनका उदेश्यहरूमा यहाँ बसोबास गर्ने दरै जातिको परम्परागत पेशामा आएको परिवर्तन अवश्था र प्रकृतिवारे समाजशास्त्रीय अध्ययन गर्नु, परम्परागत पेशामा परिवर्तन आउनुका मुख्य कारणहरू पत्ता लगाउने र पेशा परिवर्तनले सामाजिक, सांस्कृतिक र आर्थिक अवश्थामा पारेको प्रभाव बारे अध्ययन गरिएको छ।

यस अध्ययनबाट परम्परागत रूपमा, खोला नदीमा माछा मार्ने उपल्लो जात वा आर्थिक र सामाजिक रूपमा सवल मानिएका व्यक्तिको घरमा काम गर्ने, हलो जोत्ने, जीवन निर्वाहका लागि खेतीपाती गर्ने, पशुपालन गरी जीविकोपार्जन गर्ने दरै जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक एवं आर्थिक पक्षको अध्ययन सहित यिनिहरूको परम्परागत पेशामा आएको परिवर्तनले सामाजिक, सांस्कृतिक र आर्थिक अवश्थामा पारेको प्रभावका बारेमा जानकारी प्राप्त गर्न केही सहज हुनेछ भन्ने आशा गरिएको छ ।

यस अनुसन्धान क्षेत्रमा बसोबास गर्ने दरै जातिका मानिसहरूको उत्पत्ति स्थल, बंशावाली, इतिहास आदिका बारेमा प्रामाणिक लेखौट र आधारहरू भेट्न सकिएको छैन । कोही भारतको दरभङ्गा तिरबाट आएको बताउँछन् भने तनहुँ र पाल्पाका दरैहरू आफू यसै क्षेत्रका आदिवासी भएको बताउँछन् । बाइसे, चौविसे, सेन र खसहरू भन्दा पहिलो यस ठाउँमा दरैहरूले राज्य गरेको र कुनै बेला हैजा रोगको महामारी प्रकोपका कारण धेरै संख्यामा दरैहरू मरेका र सेनहरूले बाँकी रहेका दरैहरूलाई लखेटी आफूले राज्य गर्न थालेको उनीहरूको राय छ । व्यास नगर पालिका क्षेत्रका दरैहरू पनि पुस्तौदेखि यही क्षेत्रमा बस्दै आएको बताउँछन् ।

व्यास नगरपालिका वडा १० मा जम्मा २५० घरधुरी दरै परिवार मध्ये नमूना घरधुरी सर्वेक्षणका लागि ७५ घरधुरीलाई आधार मानी यो अध्ययन गरिएको छ । अध्ययनमा कूल ३८२ जनसंख्या मध्ये महिलाको जनसंख्या १९४ र पुरुषको जनसंख्या १८८ रहेको पाइयो । त्यस्तै उनीहरूको शैक्षिक अवश्था पनि क्रमिक रूपमा सुधार हुदै गएको पाइयो । अध्ययन क्रममा एस.एल.सी. भन्दा माथि शैक्षिक योग्यता हासिल गर्ने संख्या पनि ५१ जना पाइयो । त्यसैगरी एम.ए., एम.वि.एस., इन्जिनियर पूरा गर्ने र देश विदेशमा रोजगारी गर्नेको संख्या पनि वृद्धि उन्मुख देखियो । यहाँका सरकारी र निजि विद्यालयमा शिक्षक शिक्षिकाको रूपमा अध्ययपन गर्ने क्याम्पसमा अध्ययन गर्ने गरेको पनि पाइयो । शैक्षिक योग्यता कम भएकाहरू पनि स्थानीय बजारमा सीप सिकी प्लम्बिङ्ग, वायरीङ, सिकर्मी, डकर्मी पेशा गरेको पाइयो । कतिपयले आफ्नो आन्दानीबाट जग्गा जमिन बेचेर बस, ट्रक, ट्रयाक्टर पावर टेलर आदि खरिद गरी आय आर्जनमा जोड दिएको पाइयो । होटल, व्यवसाय, फर्निचर, धान कुट्ने मिल, व्युटीपार्लर संचालन गरी आम्दानी र पेशा संचालन गरेको पनि पाइयो ।

त्यस्तै गरी जिल्लाका स्थानीय निकायका कार्यालयहरूमा तल्लो तहमा काम गर्ने दरै कर्मचारीहरू पनि रहेको पाइयो ।

लिङ्गगत रूपमा हेर्दा पुरुषले घर बाहिर कमाउने र घरको रेखदेख, खेतीपाती जस्ता कार्यमा महिला सक्रीय हुनुपर्ने अवश्थामा पनि परिवर्तन भएको देखिन्छ । महिलाहरू पनि कृषि बाहेक अन्य पेशामा संलग्न भई आय आर्जन गर्न थालेका छन् । कृषि पेशामा पनि विस्तारै आधुनिकीकरण, व्यवसायीकरण गरी फर्म दर्ता गर्ने ठुलो परिमाणमा व्यवस्थित तरिकाले काम गर्ने, सीप र दक्षता हासिल गर्दै अगाडि बढेका छन् । खेतीवारीमा परम्परागत रूपमा गोरुले जोत्ने र खेती लगाउने प्रकृयामा सुधार भै ट्याक्टरको प्रयोग गरी खेती लगाउन थालेका छन् । उन्नत जातका विउ, मल, प्रयोग गरी उब्जनीमा समेत वृद्धि गरेका छन् । बाख्रापालन, भैसीपालन, कुखुरापालन व्यवसाय संचालन गरी स्थानीय गाउँ र बजारमा मासु र दुधको आपूर्तिमा सहयोग साथै आफ्नो आम्दानी वृद्धिमा टेवा पुऱ्याउने छन् । जम्मा जनसंख्याको केही हिस्सा भने परम्परागत रूपबाट संचालित छन् । उनीहरूको दिनचर्या, जीविकोपार्जन कष्टप्रद छ । खानलाउनमा समस्या छ, छोराछोरीलाई दुःखका साथ विद्यालय पढ्न पठाएका छन् ।

दरै जातिका धेरै युवा वैदेशिक रोजगारीका लागि विदेश गएका छन् र आर्थिक समृद्धिमा मदत पुगेको छ । घरमा भएका महिलाहरू कृषि कार्य गर्ने र पुरुषहरू बाहिर भएपनि घरको प्रमुख या मुलीको रूपमा रहने र महिलालाई निर्णय अधिकार नहुने अवश्थामा व्यापक सुधार भएको छ ।

खानपान, रहन सहन, भेष भुषा, चाडपर्व, आदि अरु जनजातिसँग मिल्दो देखिन्छ । ढिडो, दाल भात, तरकारी, माछा, मासु खानाको रूपमा खाने गरेको पाइन्छ भने जाँड रक्सी खैनी चुरोट जस्ता नशालु र मादक पदार्थ पनि सेवन गरेको पाइन्छ । हिन्दुधर्म मान्ने दरै जातिका मानिसहरूको चाडपर्व अन्तर्गत नाग पञ्चमी, दशहरा, कुशे औशी, तीज, कृष्णअष्टमी, दशै तिहार, साउने सक्रान्ती, माघे सक्रान्ती फागु पूर्णिमा,चैते दशै,पर्दछन् भने देवी देवताका पूजामा कुल देवता, बाजेबज्यै, खम्वेदेवी, झाँकी, शिकारी, भँयर, चण्डी, नागपूजा, मुलुकी पूजा, संसारीपूजा, गौरीपूजा लगायतका थुप्रै प्रकृति र अदृष्य शक्ति माथि विश्वास गरी पूजा गर्दछन । त्यसैगरी सामाजिक संस्कार अन्तर्गत जन्म संस्कार, छैटी, न्वारन, छेवर, विवाह

मृत्यु संस्कारआदि पर्दछन् । यी चाडपर्व र विवाहमा केही आफ्नै मौलिकता छन् भने केही अन्य जातिको नक्कल गरी सम्पन्न गर्न गरेको पाइन्छ ।

दरै जातिको सामाजिक र सांस्कृतिक जीवनमा ठूलो परिवर्तन आएको छ । विरामी हुँदा अस्पताल जाने अवश्था देखिएको छ । लैङिगक रूपमा पुरुष र महिला दुवै सक्रिय भूमिका निर्वाह गरी अघि बढेका छन् । लिङग विभेद  कम हुदै गएको छ । घरमा बसी जाँड खाने प्रकृया शहरीकरण र आधुनिकीकरण सँगसँगै होटल र लागुपदार्थको दुर्व्यसनमा देखा पर्न थालेको छ । लवाई खुवाईमा परिवर्तन प्रेम विवाह, अन्तरजातीय विवाह, ढिलो विवाह गर्ने प्रचलन, पश्चिमा संस्कार संस्कृतिको प्रभाव बढ्दै गएको छ । त्यस्तै नयाँ पुस्तामा संस्कार संस्कृतिमा ध्यान कमी हुदै गएको र अन्य धर्मको प्रभाव परी नक्कल गर्ने प्रवृत्तिको विकास भएको छ । भोज भतेर गर्दा भड्किलो गर्ने र बढी खर्च गर्ने परिपाटीको विकास हुँदै गएको देखिन्छ । दरै जातिका मानिसहरू परम्परागत पेशा छाडी विस्तारै अन्य पेशामा लागेका कारण यिनिहरूको आर्थिक हैसियतममा परिवर्तन समेत भएको पाइन्छ ।

पहिले माछा मार्ने, सामान्य खेतीपाती गर्ने, पशुपालन गर्ने यि जाति अहिले ज्यालामजदुरी गर्ने, स्वदेश र विदेशमा रोजगार गर्ने, विभिन्न थरीका व्यापार व्यावसाय गर्ने, कृषिमा आधुनिक पद्धति अपनाउने जस्ता कार्यबाट आम्दानीका प्रशस्त सम्भावना खुलेका छन् । जसका कारणहरू आफ्ना छोराछोरीलाई शिक्षित गर्ने, स्वास्थ्य र मनोरञ्जनमा पैसा खर्च गर्ने गर्दछन् । गुणस्तरीय जीवन जिउन लागि परेका छन् ।

## ६.२ निष्कर्ष

नेपालमा अल्पसंख्यक, सिमान्तकृत तथा लोपोन्मुख जनजातिको सूचीमा राखिएका दरै जातिको बसोबास तनहुँ जिल्ला भित्रका विभिन्न ठाउँ मध्ये व्यास नं. पा वडा नं. १० पनि एक हो । यी जातिको आर्थिक स्थिति सुधार र सामाजिक पहिचान हुँदै गएपनि अन्य जात जाति जस्तै राष्ट्रिय मूलधार ल्याउनु आजको आवश्यकता हो । पृथ्वीनारायण शाहले नेपाललाई एउटा साझा फूलवारीको रूपमा व्यक्त गरेको सन्दर्भमा पनि हरेक जानजातिको पहिचान, जातिगत उत्थान र विकासमा जोड दिनु आजको आवश्यकता हो । देशभित्रका हरेक जातजातिको जबसम्म पहिचान उत्थान र विकास हुँदैन तबसम्म देशको सवै पक्षको विकास हुँदैन ।

समाज परिवर्तनशील छ । यही गतिशीलतासँगै मानिसका परम्परागत पेशामा पनि क्रमश परिवर्तन आउँछन् । नेपाल एक बहुजातिय, बहुभाषिक, बहु सामाजिक-सांस्कृतिक मूल्य मान्यता भएको मुलुक हो । नेपालमा धेरै थरी पेशा अपनाएका जातजाति छ । आधुनिकीकरण, शहरीकरण सँगसँगै आएका विकासले परम्परागत पेशामा पनि परिवर्तन भइरहेको छ । समाज पुरानो परम्परागत मूल्य मान्यताबाट जटिल र विकसित समाजमा रूपान्तरित हुदैछ । समय सापेक्ष आय आर्जन र जीवनोपयोगी नभएका पेशाहरू बैकल्पिक र आधुनिक पेशाहरूबाट विस्थापित हुँदै गएका छन् । समाजको विकाससँगै उत्पादन प्रणालीमा परिवर्तन र विकास हुँदै जान्छ । त्यसै अनुसार तनहुँ जिल्लाको व्यास नगर पालिका वडा नं १० का दरै समूदाय पनि परम्परागत पेशाको ठाउँमा नयाँ उत्पादन प्रणाली अनुरूप शहरीया र आधुनिक पेशाा तर्फ लागेको पाइन्छ । अध्ययन क्षेत्रका दरै जातिको सामाजिक, आर्थिक, एवं सांस्कृतिक अवश्थामा भएका परिवर्तनहरूको अध्ययनबाट निम्न निष्कर्ष निकाल्न सकिन्छ ।

- कपास खेती गरी छिमेकी गाउँमा बस्ने नेवार समूदायलाई आफ्नो उत्पादन भएको कपास दिई नेवारले बुनेका घरवुनाका कपडा प्रयोग गर्दै आएका यो जातिमा विश्वव्यापीकरण र बजारीकरणको कारण घर वुना कपडा बुन्ने सीप लोप भएको छ ।
- शहरीकरणका कारण शिक्षामा भएको विकास र शैक्षिक परिवेशले आफ्ना बालबच्चा (छोराछोरी)लाई पढाउनु पर्दछ भन्ने चेतनाको विकास भएको छ ।
- दाउरा र टुकी बत्ती बाली जीवन निर्वाह गरेका दरै जाति बढ्दो शहरीकरण र विकासका कारण विजुली बत्तीको उपयोग गरेका छन् ।
- आफ्नो जातिभित्र हुने विभिन्न झै झगडा, समस्यालाई आफ्नै जातिगत समूह बसी मिलाउने प्रयत्न गरेको पाइन्छ ।
- दरै समूदायमा संयुक्त पारिवारिक ढाँचाबाट एकल पारिवारिक ढाँचाको विकास बढी भएको देखिन्छ ।
- आफ्नै जातिगत रितिरिवाज मूल्य मान्यता भएपनि अरु जातिका मानिसको जनघनत्व बढ्दै गएकाले अन्य जातिको संस्कार र रितिरिवाजलाई ग्रहण र नक्कल गरेको पाइन्छ ।
- पहिले पहिले खेतवारी जोत्न गोरु प्रयोग गर्ने समूदायले अहिले ट्याक्टर र आधुनिक कृषि औजारको प्रयोग गर्ने चलन बढेको छ ।

- सदरमुकाम नजिक भए पनि विरामी पर्दा गुराउको घरमा या धामी झाक्रीबाट मात्र उपचार गराउने यो जाति स्वास्थ्य संस्था अस्पताल जाने गरेका छन्, गुराउप्रतिको विश्वास पनि त्यतिकै देखिन्छ ।
- नयाँ पुस्ताले आफ्नो जातिगत, संस्कारगत पहिरन छाडी नयाँ नयाँ फेशनमा आफूलाई स्थापित गर्दै गएका छन् ।
- परम्परागत रूपमा आफ्नो घरमा उब्जेका अन्न बालीका परिवार फलफूल माछा मासुमा रमाउने जातिका मानिसहरू शहर वजार मुखी बन्दै आधुनिक खानपानमा बढी रुची देखाउने गरेको देखिन्छ ।
- स-साना माटो र खरको घुमाउने घरमा जीवन व्यतित गर्दै आएको यी जातिमा आधुनिक घरको निर्माण गरी आफ्नो बसोबासलाई व्यवस्थित गरेको देखिन्छ ।
- घरमा विरामी पर्दा वा कुनै चाडपर्व मनाउँदा लाग्ने खर्च अरुसँग ब्याजमा ऋण लिई निर्वाह गर्ने र कष्टकर गुजारा जीवन निर्वाह गर्दै आएका यी जातिमा हाल जग्गाको मूल्य वृद्धि, विभिन्न आयमुलक पेशाबाट भएको आम्दानीले अरु तर्फ आश्रित नभै आफ्नै आम्दानी या जग्गाको टुक्रा बेचेर पनि खर्च व्यवस्थापन गर्ने गरेको देखिन्छ ।
- दरै जातिमा अन्य जातिको तुलनामा सामाजिक, राजनीतिक पहुँच कम भएपनि सामाजिक र राजनीतिक कियाकलापमा सकीय भएको देखिन्छ ।
- महिला र पुरुष बीचको लैङ्गिगत विभेद विस्तारै कम हुदै गएको देखिन्छ ।
- आधुनिक संचारका साधानहरू प्रयोग गर्नेको संख्या बढ्दै गएको देखिन्छ । जसबाट समाज विस्तारै आधुनिकीकरण तर्फ अग्रसर हुँदै गएको र विश्वव्यापीकरणको प्रभाव परेको पुष्टि हुन्छ ।
- केवल मलका लागि पालिएका पशुपंक्षी घरमा काम गर्ने मानिस संख्यामा कमी हुदै जानुका कारण र बजारमा रासायनिक मल विकल्पका रूपमा पाइने भएका कारण पशुपालनमा कमी आएको पाइन्छ ।
- परम्परागत रूपमा गरिने खेतीपाती पशुपालन भन्दा आधुनिक एवं व्यावसायिक तबरबाट गरिने कृषि कार्यबाट बढि आम्दानी लिन सकिने भएकाले व्यवसाय आधुनिक प्रविधि अपनाई गर्ने परिपाटीको विकास भएको छ ।
- पेशा परिवर्तन सँगै धर्म परिवर्तनको स्थिति पनि वृद्धि हुँदै गएको छ ।

## सन्दर्भ सामाग्री


अधिकारी, सूर्यमणि (२०५१), *जीवनपुरका दरैहरू, चितवन :* नयाँ विवेक ।

अन्तरिम योजना (२०६७-२०७१), बाह्रौ, तेह्रौ योजना त्रीवर्षिय योजना (२०७३), लोकसेवा सहयोगी, गोरखापत्र ।

आचार्य, मधुरमण (२०५३), *नेपाली संस्कृति,* दिल्लीः दिल्ली न्यूज ।

आदिवासी जनजाति उत्थान प्रतिषठान ऐन २०५८, काठमाण्डौ बुलेटिन ।

कप्लान एल. (२००२), *ल्याण्ड एण्ड सोसियल चेन्जइन नेपाल अ स्टडी अफ हिन्दु ट्रिवन रिलेसन्स (दोस्रो संस्करण) पाटनढोका ललितपुर, हिमाल बुक्स प्रकाशन हिमाल एशोसियसन ।*

कैनी, प्रभादेवी (२०६३), *दराई जनजीवनः एक अध्ययन,* किर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्व विद्यालय ।

गौतम, राजेश र मगर अशोक (सन् १९९४), *नेपालको वैज्ञानिक अध्ययन,* ट्राइवल इथ्नोग्राफि अफ नेपालः बुक फेथ इण्डिया ।

ढकाल, कृष्णराज (२०६१), *दरै भाषा : एक अध्ययन,* भोटाहिटी काठमाण्डौ : मुकुन्द पुस्तक भवन । वर्ष १८, अङ्क १५ ।

पोखेल, बालकृष्ण (२०५२), “दरै भाषीको व्यथालाई आत्मासाथ गर्न जरुरी छ”, *मधुपर्क,* असार वर्ष ८, अंक १५ ।

व्यास नगरपालिकाको परिचय (२०७५), वार्षिक नगर गतिविधि, व्यास नगरपालिका ।

व्यास नगरपालिका सामाजिक आर्थिक घरधुरी सर्वेक्षण (२०७५), व्यासनगरपालिका ।

मिश्र, दिल्लीराम (२०६७), *नेपाल अधिराज्यमा तनहुँ, साझा प्रकाशन*

मिश्र, सुर्यप्रसाद (२०७०), *भानु गा.वि.स. वडा नं. ९ का रानागाउँमा रहेका मगरहरूको सामाजिक तथा आर्थिक अध्ययन,* अप्रकाशित एम.ए.शोधपत्र प्रस्तुत आदिकवि भानुभक्त क्याम्पस, तनहुँ ।

विष्ट, डोर बहादुर (२००२), *सबैजातको फुलबारी,* काठमाण्डौ : साझा प्रकाशन ।

स्थानीय विकास सन्देश (२०७३), *चौमासिक बुलेटिन,* वर्ष १४, अंक १८ र १९ ।

शर्मा, तिलक प्रसाद (२०६८), *दरै जातिको परिचय,* चितवनः समृद्धि पब्लिकेशन ।

Bista, Dor Bahadur (1972), *People of Nepal.* Kthmandu:  Ratnapustak Bhandar.

Griyasan, G.A. (2068), *Linguistic Survey of India.* Volume IX  Part 4. Dhilli.

Gurung, Harka (1990), *Ethnic Demographic of Nepal.* NEFAS.

Wagle, Surendra (2067), "Gideline for Proposal and Thesis Writing", *Barshik Mukhpatra*, Bhanushree, Tanahun.

# अनुसूची एक
# अन्तर्वार्ता अनुसूचि

तनहुँ जिल्ला व्यास नगरपालिका भित्र रहेका "व्यास नगरका दरै समुदायको सामाजिक रूपान्तरण" शीर्षकमा शोधपत्रका लागि सोधिएका अन्तरवार्ता अनुसूचिः

शोधकर्ता: कृष्ण प्रसाद तिवारी
पृ.ना.क्या., पोखरा

क) सामान्य विवरण :

(अ) उत्तरदाताको नामः ठेगानाः पेशाः

धर्म : महिलाः पुरुषः उमेरः शिक्षाः

आ) घरमूलिको नामः

इ) परिवारको प्रकार : एकल/संयुक्त

ख) विशिष्ट विवरण

कृपया तपाईको परिवारको बारेमा विस्तृत विवरण दिनुहोला

१) पारिवारिक विवरणः

| कं.स | घरका सदस्यहरूको पुरा नाम १.१.१ | लिङग १.१.२ | | उमेर१.१.३ | शिक्षा १.१.४ | वैवाहिक स्थिति १.१.५ | पेशा१.१.६ | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | | | मुख्य | सहायक | |
| | | | | | | | | | |

१.१.६

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०.१ | असम्बन्धित | ०६ | कृषि श्रमिक | ११ | प्रहरी | १६ | अरुको घरमा काम गर्ने |
| ०२<br>०३<br>०४<br>०५ | कृषि<br>निजि नोकरी<br>सरकारी<br>कर्मचारी<br>विद्यार्थी | ०७<br>०८<br>०९<br>१० | गैरकृषि<br>श्रमिक<br>घरेलु उद्योग<br>माछा मार्ने<br>कालिगड | १२<br>१३<br>१४<br>१५ | सवारी<br>चालक<br>सरसफाई<br>सम्बन्धि<br>काम<br>सिकर्मी<br>गृहणी | १७<br>१८ | वेरोजगार<br>बैदेशिक रोजगार |

१. तपाईको परिवारमा घरमुली को हो ?

(क) श्रीमान् (ख) श्रीमती (ग) छोरा (घ) छोरी बुहारी

२. तपाइको जग्गा जमिन छ कि छैन ?

क) छ ख) छैन

३. तपाई को जग्गा जमिनको स्वमित्व कति छ ?

(क) खेत........ (ख) पाखो...........

४. जग्गालाई कुन कुन प्रयोजनमा ल्याउनु भएको छ ?

५. तपाईको परम्परागत पेशा कुन हो ?

६. तपाईको परिवारका सदस्यहरू मध्ये कसैले परम्परागत पेशा गरिरहनु भएको छ ?

(क) छ (ख) छैन

७. यदि छ भने निम्न विवरण दिनुहोस ।

| क्रं. स . | सदस्यको नाम | पेशाको नाम | बार्षिक आम्दानी | काम गरेको स्थान |
|---|---|---|---|---|
| | | | | |

८. तपाईंको हालको पेशा कुन हो ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

९. किन पेशा परिवर्तन गर्नु भयो ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१०. पेशा परिवर्तनले जीवन शैलीमा के कस्तो फरक आएको छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

११. तपाईको परिवारमा रोजगारी वाहेक अन्य आयस्रोत के हो ?

(क) व्यापार व्यवसाय (ख) कृषि (ग) ज्यालाहारी (घ) पशुपंछि विकी

(ङ) दुध, दहि विकी (च) तरकरी तथा फलफुल विकी

(छ) छत्रि, डोको, गुन्द्री बनाउने वस्ने (ज) अन्य

१२. तपाइको परिवारमा वार्षिक आम्दानी कति हुन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१३. तपाइको परिवारको घर खर्च कसरी चलाउनु भएको छ ?
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

...

१४. तपाइको घर परिवारमा कृषिबाट कति आम्दानी गर्नुहुन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१५. तपाइको घर परिवारमा वार्षिक खर्च कति हुन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१६. के तपाइको घर परिवारमा वचत गर्नुभएको छ ?

क) छ भने कसरी(स्रोत)..... ख) छैन भने कसरी(स्रोत).....

१७. तपाइको बालवालिकालाई पढाउनु भएको छ ?

(क) छ (ख) छैन

१८. छ भने कहाँ पढाउनु भएको छ ?

(क) गाउमै (ख) वोर्डिङ स्कुलमा (ग) शहरमा सरकारी स्कुलमा

(घ) सहरमा वोडिङ स्कुलमा

१९. पढाउनु भएको छैन भने कारण दिनुहोस् ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

२०. तपाइले विरामी हुँदा कहाँ जचाउनुहुन्छ ?

क)धामी झाक्री ख)सरकारी अस्पताल ग) निजि क्लिनिक घ)अन्य

२१) तपाइको घर केले बनेको छ ?

क)माटो र खरको छाना ख) माटो र जस्ताको छाना ग)ढुङ्गाको छाना

घ) R.C.C ढलान ङ)अन्य

२२) तपाइको घरमा उर्जाको स्रोत कुन कुन प्रयोग गर्नुभएको छ ?

क)दाउरा ख) विजुली वत्ति ग) सिलिण्डर ग्यास/वायो ग्यास घ) अन्य.....

२३. तपाईको परिवारमा कुन भाषा बोल्नु हुन्छ ?

क)दरै भाषा ख) नेपाली भाषा ग)दुवै भाषा घ) अन्य भाषा..........

२४) यदि दरै भाषा बोल्नु हुँदैन भने कारण .......

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

२५) तपाइको घरमा आधुनिक प्रविधिका साधन प्रयोग गर्नुभएको छ ?

क)छ ख)छैन....

२५) यदि छ भने तपाइको घरमा आधुनिक प्रविधि के प्रयोग गर्नुभएको छ र कति छ ?

क)टेलिभिजन ख)रेडियो ग)मोबाइल घ)इन्टरनेट ङ)अन्य

२६) तपाइको घरमा पशुपंछी पाल्नुभएको छ ?

क)छ  ख)छैन

२७) यदि छ भने केके कति पाल्नुभएको छ ?

क)बाखा..... ख)भैसी..... ग)गाई...... घ) कुखुरा...

ङ)सुङगुर /बङगुर  च) हाँस..... छ) अन्य.....

२८. तपाईको परिवारमा आफ्नो आम्दानीले खान पुग्छ ?

(क) पुग्छ  (ख) पुग्दैन

२९. यदि पुग्दैन भने कसरी व्यवस्थापन गर्ने गर्नु भएको छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३०. तपाईंको पेशामा परिवर्तन भएको कारण संस्कार संस्कृतिमा परिवर्तन भएको छ ?

क)छ  ख)छैन

३१. यदि छ भने के कस्तो परिवर्तन भएको छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३२. तपाईंको परम्परागत पेशा परिवर्तन हुनका कारणहरू बताउनुहुन्छ कि ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३३. तपाईले आफ्नो सामाजिक संस्कारको बारेमा बताई दिनुहुन्छ कि ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३४. तपाईको जन्म संस्कार र न्वारन के कसरी गरिन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३५. तपाईको जातिगत आधारमा अन्न प्राशन कसरी गराउनु हुन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३६. तपाइको जातिमा छेवर प्रकिया कसरी गरिन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३७. तपाईको जातिगत विवाह कसरी गराउने चलन छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३८. परिवारमा मृत्यु हुदा के कस्तो विधि र प्रकिया गराउनु हुन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

३९. अन्य चार्डपर्व रितिरिवाज के के र कसरी मनाउनु हुन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

सहयोगको लागि धन्यवाद!


# अनुसूची दुई

## अन्तरवार्तामा सहभागी मुख्य जानकार व्यक्तिहरूको नामावली

| क्र.स | नाम थर | ठेगाना |
|---|---|---|
| १ | चेत बहादुर दरै | व्यास –४ बाग भन्जाङ |
| २ | प्रेम बहादुर दरै | व्यास –१० दुम्सीचौर |
| ३ | पदम बहादुर दरै | व्यास –१० डिही गाउँ |
| ४ | चेत बहादुर दरै | व्यास –१० वैरेनी |
| ५ | कुल बहादुर दरै | व्यास–११ पोल्याङ |
| ६ | मन बाहादुर दरै | व्यास–१० दुम्सी |
| ७ | हर्क बहार दरै | व्यास –१० खहरे |
| ८ | शान्ति दरै | व्यास -१० दुम्सी |

# अनसुची तीन

# अध्ययन क्षेत्रको नक्सा




अध्ययन क्षेत्र

# अनुसूची चार

## अध्ययनका क्रममा खिचिएका फोटोहरू



दरै जातिका परम्परागत घरहरूको बनोट





दरै जातिका पहिले र अहिलेका घरहरू





अन्तरवार्ता लिने क्रममा खिचिएका फोटोहरू





चुड्का नाचका लागि दरै पहिरनमा सजिएका युवतीहरू

